# परिच्छेद-एक

## शोध परिचय

### १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"एकाङ्कीकार राधिका रायाका एकाङ्कीहरूको विश्लेषण र मूल्याङ्कन"** राखिएको छ ।

### १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाम स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

### १.३ विषय परिचय

नेपालको सुदुरपूर्वी मेची अञ्चलको झापा जिल्ला अनारमनी गाउँ विकास समितिमा जन्म लिएकी राया पिताको नोकरी विशेष गरी दार्जीलिङ्गमा भएकोले उनको बाल्यकाल भारतको दार्जीलिङ्ग र यसका वरिपरिका क्षेत्रमा भएको पाइन्छ ।[१] भारत लगायत विभिन्न मुलुकमा भौतारिन पुगेकी राया साहित्यको सिर्जनामा साधनारत रहेकोले उनका साहित्यिक योगदानको विभिन्न साहित्यिक अनुसन्धाताहरूबाट अध्ययन भए पनि उनका कृतिगत रुपमा विश्लेषण हुँदा एकाङ्की विधामा गहन अध्ययन र विश्लेषण कम मात्रमा भएको पाइएकोले उनको प्रकाशित एक मात्र एकाङ्की सङ्ग्रह 'जीवनको इच्छा' मा सङ्ग्रहित एकाङ्कीहरूको आधारमा उनको एकाङ्कीकारिताको विश्लेषण र मूल्याङ्कन गरिएको छ । यस शोध पत्रमा एकाङ्कीकार राधिका रायाको एकाङ्कीकारिताको विषयमा, एकाङ्कीको विकास क्रममा उनको स्थान निधार्रण गर्न उनका एकाङ्कीहरूको विश्लेषण गरिएको छ ।

---

१ शोधनायकसँगको **अर्न्तवार्ताबाट** प्राप्त जानकारी ।

## १.४ समस्याकथन

राधिका रायाको एकाङ्कीकारिताको विषयमा गरिने प्रस्तुत शोधकार्यमा निम्नलिखित समस्याहरूको विषयमा केन्द्रित रहेर विश्लेषण गर्ने प्रयास गरिएको छ ।

१.४.१ एकाङ्कीको परिचय र आधुनिक नेपाली एकाङ्कीको विकासक्रम कस्तो रहेको छ ?

१.४.२ एकाङ्कीकार राधिका रायाको जीवनीको मुख्य अंश र उनको एकाङ्की क्षेत्रमा प्रवेश कसरी र कहिले भयो ? उनका एकाङ्कीगत प्रवृत्तिहरू के कस्ता छन् ?

१.४.३ राधिका रायाका एकाङ्कीहरूको संख्या के कति छन् ?

१.४.४ राधिका रायाका एकाङ्कीहरूमा प्रयुक्त तत्वहरू के कस्ता छन् ?

१.४.५ राधिका रायमा एकाङ्कीहरूको समाजमा स्थान कस्तो रहेको छ ?

माथि प्रस्तुत समस्याहरूकै केन्द्रीयतामा रहेर यस शोध पत्रमा राधिका रायाको एकाङ्कीकारिताको विषयमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

जीवनका हरेक आरोह अवरोहसगँसँगै आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिदै साहित्यको विविध विधामा कलम चलाएकी राधिका रायाको विशेष गरी एकाङ्कीकारिताको विषयमा यस शोध कार्यमा चर्चा गर्ने गरि निम्नानुसार उद्देश्य राखिएको छ ।

१.५.१ एकाङ्कीको सामान्य परिचय र आधुनिक नेपाली एकाङ्कीको विकास क्रमका बारेमा छोटो चर्चा गर्नु ।

१.५.२ राधिका रायाको जनीवनीको मुख्य मुख्य अशंको चर्चा गर्दै उनको एकाङ्की लेखनमा प्रवेश र प्रवृत्तिहरूको चर्चा गर्नु ।

१.५.३ राधिका रायाका एकाङ्कीहरूको सङ्ख्या निर्धारण गर्नु ।

१.५.४ राधिका रायका एकाङ्कीहरूको एकाङ्कीगत तत्वका आधारमा विश्लेषण गर्नु ।

१.५.५ राधिका रायाका एकाङ्कीहरूको समाजमा स्थान निर्धारण गर्नु ।

माथिका उद्देश्यहरूको परिधिमा रहँदै प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको क्षेत्रमा प्रतिकुल परिस्थितिका बावजुद पनि साधनारत साहित्यकार राधिका रायाको कलम साहित्यका विविध विधामा चलेपनि उनका प्रत्येक विधाका विषयमा विभिन्न साहित्यिक पत्रपत्रिका तथा समाललोचनात्मक कृतिहरू मार्फत पर्याप्त चार्चा भए पनि एकाङ्कीको क्षेत्रमा भने कममात्रमा कलम चलेको पाइन्छ । रायाका साहित्यिक विषयमा विभिनन समालोचनात्मक लेखहरु विभिन्न समालोचकहरूले लेखेका छन् भने शान्तादेवी निरौलाले राधिका रायाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्दा एकाङ्कीको पाटो समेत समेटिए पनि छोटो रुपमा मात्र विश्लेषण गरिएको देखिन्छ । यसप्रकार रायाका एकाङ्कीहरूको विषयमा गहन विश्लेषण नभए पनि अंशत विभिन्न पुस्तकहरुमा देहाय अनुसारको पूर्वकार्य भएको पाइन्छ ।

(क) रामलाल अधिकारी

राधिका रायाद्वारा लिखित एकाङ्की सङ्ग्रह ‘जीवनको इच्छा’ (२०५९) मा प्रकाशीय लेख भन्दा पछिल्लो पृष्ठमा ‘एकाङ्कीकारका रुपमा श्रीमती राधिका राया’ शीर्षक लेखमा अधिकारीले आफ्नो रायलाई यसरी प्रस्तुत गरेका छन्- राधिका रायाले जुनसमयमा एकाङ्की नाटकहरूको रचना गर्नुभयो तिनमा समय युग र समाजको आवश्यकता अनुरुप समकालीन विषय वस्तु खोजिएको पाइन्छ । यस सङ्ग्रहमा राधिका रायाले समाजसुधारको आग्रह गर्दै जीवनका सत्मार्गप्रति सङ्केत गरेको पाइन्छ । हाम्रा समाजका तत्कालीन अल्प शिक्षित दर्शक र पाठकहरूलाई अनुरुप भाषा-शैलीको प्रयोग श्रीमती रायाको एकाङ्की लेखन कलाका वैशिष्ट्यका रुपमा देखिन्छन् । त्यति हुँदा हुँदै एकाङ्कीका क्षेत्रमा श्रीमती राधिका रायाले हुने विरुवाको चिल्लो पातको लक्षण देखाइसक्नु भएको हो तथापि यस विद्यामा उहाँले स्थायी रुपमा रहनबाट विमुख हुनु नेपाली एकाङ्की साहित्यकै दुर्भाग्य र विडम्बना मान्नु पर्दछ ।”

(ख) प्रा. मोहनराज शर्मा

राधिका रायाद्वारा लिखित जीवनको इच्छा नाम एकाङ्की सङ्ग्रह (२०५९) को मुखपृष्ठको भित्री भागमा प्रा. मोहनराज शर्माले राधिका रायाप्रति आफ्नो विचार यसरी व्यक्त गरेका छन्- "वरिष्ठ नारी प्रतिभा राधिका राया पूर्वाञ्चलकी प्रसिद्ध तथा प्रतिष्ठित साहित्यकार हुन् । धनकुटाबाट मलाया भई विभिन्न ठाउँमा बंसाइ सर्दै आखिरमा उनी झापाको दीगो निवासी हुन पुगीन् र त्यँही बसी लामो समयदेखि नेपाली साहित्यको अथक सेवा गर्दछिन् । उनी बहुमुखी  प्रतिभाकी धनी भएकी हुँदा उनका सिर्जनाले कथा, कविता, एकाङ्की, निवन्ध, समालोचना आदि नेपाली साहित्यको विविध फाँटलाई ढाकेका छन् । उनी नारी लेखिका भएकी हुँदा उनका सबै जसो रचनामा भावुकता तथा कोमलताको विशेष चहक र टलक रहेको पाइन्छ ।"

(ग) नरेन्द्र चापागाईं

राधिका रायाद्वारा लिखित एकाङ्की संग्रह 'जीवनको इच्छा (२०५९)' मुखपृष्ठको भित्रीभागमा डा. नरेन्द्र चाँपागाईले राधिका रायाका विषयमा यस्तो विचार राखेका छन्- "कोशी अञ्चलको धनकुटा एवं दार्जीलिङ्गको घुमपहाडको प्राकृतिक रमणीयता, सैनिक जीवनको जटिलता, विदेशी रीतिथितिको नवीनता तथा शैक्षिक वातावरणको आदर्शताले उनको मनोभूमिलाई प्रभावित पारेको देखिन्छ । जीवन संघर्षको आरोह अवरोहको द्वन्द्वशील परिस्थितिलाई सहनशीलता र धीरताका परि सीमामा ऐचने काममा उनी संधै सफल रहेको तथ्य उनको सिर्जनाले स्पष्ट पारेको पाइन्छ । प्राप्त सामाग्रीका आधारमा भन्नु पर्दा उनले साहित्यिक सिर्जनाको थालनी 'स्त्री शिक्षा' (२०१०)बाट गरेको पाइन्छ । उनको पहिलो कथा 'सानो' (२०११) देखिन्छ । यसबाट उनको साहित्य सिर्जनाको आरम्भ निबन्धबाट भएको बुझिन्छ ।"

(घ) रोचक घिमिरे

राधिका रायाद्वारा लिखित एकाङ्की संग्रह 'जीवनको इच्छा'मा आफ्नो विचार यसरी व्यक्त गरेका छन्- "नेपाली भाषा र साहित्यको उन्नतिका लागि थुप्रै प्रतिभा सम्पन्न व्यक्तिहरूबाट योगदान भएको छ । पुरुष साहित्यकारका अनुपातमा नारी लेखिकाको सङ्ख्या कम भएपनि नारी लेखिकाहरूको योगदान प्रति हामी ऋणी हुनैपर्दछ । छ दशक अघिको त्यस विषम स्थितिमा जुनबेला नारीहरू केवल घर गृहस्थी, घाँसपात र शोभाका वस्तुका रुपमा मात्र सिमित भएर बस्न बाध्य हुन्थे राधिका रायाले शिक्षा आर्जन गरेर निक्कै वर्ष प्रवासको पीडा भोगेर आफ्नो प्रतिभालाई विकसित गर्दै नेपाली साहित्यका क्षेत्रमा आफ्नो गहकिलो योगदान गर्नु सामान्य र सजिलो कुरा होइन । श्रीमती राधिका रायालाई मूल्याङ्कन गर्दा हामीले यी कुरा विर्सनु हुँदैन ।"

(ङ) शरद क्षेत्री (दार्जीलिङ्ग)

रायाको एकाङ्कीसंग्रह 'जीवनको इच्छा' (२०५९) को पछाडिको भित्रि भागमा आफ्नो विचार यसरी प्रस्तुत गरेका छन्- "सरस कथा लेखनमा झै एकाङ्की नाटकको रचनामा पनि राधिका राया अति दक्ष हुनुहुन्थ्यो भन्ने कुरो विभिन्न पत्रपत्रिकाहरू तिर प्रकाशित तिनका एकाङ्कीहरू पढेर थाहा पाउन सकिन्छ । मासिक पत्रिका 'भारती' मा तिनका दुइवटा एकाङ्कीहरू 'जीवनको इच्छा' र 'आदर्श प्रेम' प्रकाशित थियो । पाठकद्वारा खुबै प्रशंसा गरिएको त्यो एकाङ्की नाटक 'जीवनको इच्छा' सिंगापुर सैनिक रेडियोद्वारा आयोजित प्रतियोगितामा प्रथम स्थानमा पुरस्कृत पनि भएको थियो । यसबाट पनि राधिका रायाको एकाङ्कीकारिताको विषयमा थाहा पाउन सकिन्छ ।"

(च) लक्ष्मी पौडेल

राधिका रायाद्वारा लिखित 'जीवनको इच्छा' एकाङ्की संग्रह (२०५९) को अन्तिम पृष्ठको भित्रिभागमा लक्ष्मी पौडेलले आफ्नो विचार यसरी पोखेका छन्- "राधिका रायाको भाषा कवितात्मक किसिमको छ । सुन्दर कोमल पदावलीको प्रयोगले कता कता रुपनारायण सिंहको शैलीको पनि सम्झना गराउँछ ।"

(छ) कमल 'जङ्गली' आचार्य

जुही त्रैमासिक पत्रिकाको अङ्क ४५ राधिका राया विशेषङ्कमा 'बहुआयामिक प्रतिभापुञ्ज राधिका राया' शीर्षकको लेखमा आचार्यले यस्तो विचार राखेका छन्- "साहित्यिक श्रष्टा राधिका राया आधा आकाश बोक्ने नारीहरूमध्ये कथाकारिता होस् निबन्धकारको रुपमा होस्, कविताको क्षेत्रमा होस तथा एकाङ्की विधामा होस् देश काल र परिस्थितिको पर्वाह नगरी आफ्ना मनमस्तिस्कबाट प्रस्फुटन भएका यथार्थ कुराहरूलाई सामाजिक व्यावहारिक र वास्तविकतामा उतारेर स्वदेश तथा विदेशका कुरीति कुसंस्कारहरूलाई परित्याग गर्दै विश्वलाई नै परिमार्जन र ससंस्कृत निर्माण गर्न साँढे तीन दशक अथक बटुवा झैं अविछिन्न रुपले साहित्यिक र शैक्षिक क्षेत्रमा अमूल्य योगदान प्रदान गर्ने पूर्वाञ्चल क्षेत्रकै अग्रणी नारी हस्ताक्षर मध्ये पाँच औलाभित्र गणना गर्न सकिने बहुआयामिक प्रतिभा पुञ्ज राधिका राया छन् भन्दा कँही कतैबाट विमति आउन नसक्ने कुरामा प्रगतिशील साहित्यकारहरूले निः सन्देह गर्व गर्न सकिन्छ ।"

(ज) नवकुमारी खनाल

जुही त्रैमासिक अकं ४५ राधिका राया विशेषङ्कमा नवकुमारी खनालले 'साहित्यकार राधिका राया' शीर्षकको लेखमा आफ्नो विचारलाई यसरी प्रस्तुत गरेकी छन्- "कोही कोही व्यक्तिहरू निरव साधक हुन्छन् । उनीहरूले मौन रहेर गरेका कार्यको परिचय सुदुर भविश्यमा मात्र समाजलाई अवगत हुन्छ । राधिका राया त्यस्तै व्यक्तित्व हुनुहुन्छ । नेपाली नारी साहित्यकारको अनिकालको बेलामा राधिका रायाज्यूले चलाएको कलम सह्रानीय छ । रायाज्यूले साहित्यका विविध विधामा कलम चलाउनु भएको छ । उहाँले सरल भाषामा सरस साहित्यको सिर्जना गर्नु भएको छ । उहाँका लेखहरूमा संयोगको उल्लास र वियोगको वेदना उत्तिकै हृदय स्पर्शी रुपमा व्यक्त भएको पाइन्छ । रायाज्यूको पहिलो समुन्द्र यात्राको वर्णन नेपाली साहित्यमा नौलो नै ठानिने विषय वस्तु हो । समुन्द्र यात्रा नगरेको व्यक्तिहरूका लागि यो एउटा चाखलाग्दो विषय बन्दछ । यस्तो लेख पढ्दा पढ्ने व्यक्तिले आफै समुन्द्र यात्रा गरेको अनुभव गर्दछ । उहाँका लेखमा प्राकृतिक छटाको वर्णन पनि मनोग्राही छ । वास्तवमा अध्ययन गर्ने व्यक्तिका हृदयलाई स्पर्श गर्नु नै साहित्यको उद्देश्य

पनि हो । जतिसुकै थोरै रचनाहरू भएपनि गुणात्मक रुपमा राधिका रायाका कृतिहरू आफ्ना आफ्ना ठाउँमा गहकिला छन् र यी लेखहरूले पाठक पाठिकाका हृदयमा आनन्दको सञ्चार गर्ने छन् र नवीन लेखक लेखिकाहरूलाई दिग्दर्शन गर्नेछन् ।"

(ञ) राजेन्द्र सुवेदी

'जुही' त्रैमासिक पत्रिकाको अंक ४५ राधिका राया विशेषाङ्कको पृष्ठ २१ मा 'रायाको सृजनशीलता' शीर्षकको लेखमा रायाप्रतिको आफ्नो विचारलाई यसरी प्रस्तुत गरेका छन्- "भारतीको प्रकाशन देखि कथा कविता निबन्ध नाटक/एकाङ्की सिर्जनामा हालसम्म क्रियाशील नारी श्रष्टाको नाम हो राधिका राया । सम्वेदनशील नारी चेतना मुखरित हुने राया नेपाली साहित्यको नारी हस्ताक्षर मध्येकी प्रखर प्रतिभा बन्ने प्रयत्नमा निर्मित सजग र सचेत व्यक्तित्व हो । भोगेको यथार्थलाई तीतो ठान्ने नेपालीहरूको चिन्तनशील मानसिकता घोलिएका रचनाहरू नेपालदेखि मलायासम्मका पर्यावरणमा रचित छन् । मान्छेदेखि मानवेत्तर पात्रहरूको प्रस्तुतिमा सिर्जित र संवेृदनशील देखि संवेदना सून्य आचारणको परिधीय सीमामा सिर्जित छन् । त्यसकारण रायाको सिर्जना नेपाली साहित्न्यको समसामयिक चेतना मुखर गर्न असक्षम हुँदा हुँदै पनि बहुत्व प्राप्तिका दिशातिर उन्मुख छ ।"

(ट) डा. जीवन नामदुङ्ग

'जुही' त्रैमासिक पत्रिका अंक ४६ को ५७/५८ चैत्र, वैशाख, जेष्ठ, अंकमा 'राधिका राया विशेषाङ्कको पृष्ठ २५ मा 'मेरो दृष्टिमा राधिका राया' शीर्षक लेखमा "बहुविधाकी धनी साहित्यकार राया कवितामा मुख्यतः परिष्कारवादी कवियत्री हुनाले स्वच्छन्दतावादी हुन खोज्दा खोज्दै पनि आर्दशको परिधि नाघ्न नसक्नु उनको विशेषता देखिन्छ । कतै-कतै प्रगतिशील हुन खोजे पनि छाँयावादले पिछा गर्न भने रायालाई छोडेको देखिदैन । तथापि कवियात्रीका रुपमा नारी हस्ताक्षरमा चाँहि उनी आफ्नो कालको छाप छोड्न पछि परेको देखिदैन ।"

(ठ) तुलसीबहादुर क्षेत्री

सरकारी कलेज दार्जीलिङ्गका नेपाली विभागका अध्यक्ष रहेका तुलसी बहादुर क्षेत्रीले राधिका रायाको 'तिमी नगएकी भए' कथा सङ्ग्रहको दोस्रो संस्करण २०६० को भूमिकामा

रायाको यस कृतिलाई यसरी चिनाएको पाइन्छ । यस सङ्ग्रहमा रायाका विचार र अनुभवलाई व्यक्तिगत र सामूहिक प्रभावलाई जीवनमा पर्न गएका घामछाँयालाई औ हृदयको आनन्द र दुःखका आवेगहरूलाई आफ्ना कथामा राम्ररी प्रतिविम्बित पार्नु भएको देखिन्छ । यसमा नेपाली जीवनको विशेष गरी विदेशमा बस्नेहरूको राम्रो चित्र खिचिएको छ । नेपालीहरू आर्थिक सङ्कटले चेप्टिएर उछिट्टिएका छन्, आकांक्षा र अभिलाषाहरूलाई अंगालेर जीवनलाई अभावको भूमरीमा छाडिदिएका छन् । जीवनको उच्चाकाङ्क्षा कसरी परिस्थितिले कुँजीन गएको छ ? सामाजिक कुरीतिले हामीलाई कसरी भुल्याएको छ ? त्यसको राम्रो चित्र य संग्रहमा चित्रित भएको पाइन्छ ।"

(ङ) भूभिप्रसाद दाहाल

राधिका रायाद्वारा लिखित 'तिमी नभएकी भए' कथा संग्रह २०६० मा यस सङ्ग्रहका चौध कथाहरूलाई केन्द्रविन्दु बनाएर राधिका रायाका कथाकारिताको विश्लेषण गर्ने प्रयास गरेका छन् । यस सङ्ग्रहका कथाहरूको समग्रमा सङ्क्षिप्त चर्चाको क्रममा बस्तुविश्लेषण अन्तर्गत कथानक ढाँचा कथन पद्धतीको बारेमा सामान्य चर्चा गरेका छन् ।

(ढ) सरोज ओली

जुही त्रैमासिक अंक ४५ राधिका राय विशेषाङ्कको पृष्ठ नौ मा 'सिर्जनामा लुकी बस्ने राधिका राया' शीर्षकमा आफ्नो विचार यसरी प्रस्तुत गरेका छन्- "राधिका रायाका रचनाहरूको गरिरिएर अध्ययन गर्दा आर्दशवादी धारामा नैतिकताको लेप लागेको पाइन्छ । रुढिवादीका ठाउँमा सुधारवादीताले ठाउँ लिन्छ, कुरीतिका ठाउँमा सुरीतिले बास बस्न खोज्दछ, अन्धविश्वासका स्थानमा यथार्थताले जरो गाड्छ । उनी मानव मनोविज्ञानलाई आफ्नो सिर्जनाको ठूलो सहयोगी मान्छिन् । त्यसै भएर उनमा कथा, निबन्ध, एकाङ्की संस्मरण र कविता आदिमा मानव मनोविज्ञानले खेलेको द्वन्द्वहरूलाई पढ्न पाइन्छ । सिर्जनामा द्वन्द्व दिमागमा उब्जाएर तिनलाई प्रेमपूर्वक खेलाउदै विषयवस्तुलाई रोचक बनाउँदै रचनाको अन्त्य गराउन उनी सक्षम छिन् । उनीभित्र जसरी नारी सरल स्वभाव त्यसरी नै आफ्ना सिर्जनामा व्यक्तिन्छिन् । उनी जस्तो व्यवहारमा सरल र निष्कपट छिन् त्यस्तै रचनामा पनि छिन् । मानिसहरू जीवनलाई अनेक अफठ्यारा र सफठ्यारा पाराको व्याख्या गर्दछन् तर उनी जीवनलाई ज्यादै सहज रुपमा स्वीकार्छिन् ।"

(ण) डा. मोहन पी दाहाल

राधिका रायाद्वारा लिखित 'उनी गएको गोरेटो' कथा सङ्ग्रह २०६० को प्रकाशकीय लेखमा कथाकार रायाको साहित्यिक योगदान बारे आफ्नो विचार राख्दै भन्दछन्-"राधिका रायाको साहित्यिक व्यक्तित्व बहुमुखी देखिन्छ । सङ्ख्यात्मक दृष्टिले थोरै लेखेता पनि उनले कविता, निबन्ध, कथा, एकाङ्की प्रबन्ध आदि विविध विधामा कलम चलाएको देखिन्छ । मूलत उनी कथाकार हुन् । उनका अधिकांश कथाहरूले समाजको यथार्थलाई प्रस्तुत गरेका छन् र मार्मिकता रायामा पाइने मूल विशेषता हो ।"

(त) प्रा. चूडामणि रेग्मीः

प्रा. चुडामणि रेग्मीले राधिका रायाको 'उनी गएको गोरेटो' कथासङ्ग्रह (२०६०) को प्रकाशकीय लेखमा यस्तो विचार व्यक्त गरेका छन्-"साधनारत राधिका राया मूलरुपेण भावुक कवियात्री हुनुका साथै वहाँका रचनामा कोमल हृदय छुने भावनाको अभिव्यक्ति भएको पाइन्छ । राया गीत निबन्ध मात्र होइन, कथा र एकाङ्कीमा समेत भावुकता छ्याप्छ्याप्ती भिजेको पाइन्छ । विशेष गरी रायाले नारीका वेदनालाई सूक्ष्म ढङ्गले चित्रण गरेको देखिन्छ र नै वहाँका नारीपात्रहरू विवशता र वाध्यतामा, विरह र व्याकुलतामा निमग्न तर ती पात्रहरूले विद्रोह भने गर्न सकेको देखिदैन । रायाले स्वर्गीय कथाकार भवानी भिक्षुलाई सम्झाएको जस्तो पाइन्छ ।"

(थ) मोहन दुवाल

जुही त्रैमासिक अंक ४५, राधिका राया विशेषाङ्कमा पृष्ठ १४६ मा मोहन दुवालले राधिका राया प्रति आफ्नो धारणालाई यसप्रकार प्रस्तुत गरेका छन् -"२००७ साल देखि सामाजिक, शैक्षिक, साहित्यिक, धार्मिक र सामाजिक क्षेत्रमा सम्लग्न रही देशकै सेविकाका रुपमा शिक्षिका भएर धार्मिक र सामाजिक क्षेत्रमा कर्मठता दिएर र साहित्यमा सिर्जना खोपेर लागिरहेकी अनुभवी योद्धा कै रुपमा परिचय गराउँदा अफठ्यारो नपर्ने एकजना स्रष्टा हुन् राधिका राया । सक्नेले सकेको गर्ने हो, त्यसै अनुसारको मूल्याङ्कन हुँदै जान्छ । राधिका रायाले पनि त्यस क्षेत्रमा सकेको गरेर देखाएकी छिन् । त्यसैले उनको मूल्याङ्कन 'जुही' बाट

हुन लागेको छ । म पनि राधिका दिदीलाई सम्झेर केही लेखिरहेछु । त्यसैले म भनिरहेछु रायाद्वारा सिर्जित साहित्यिक बिम्बहरूमा आफ्नै अर्थ छ र गरिमा छ । सानै उमेरदेखि संघर्षपथमा कुदिरहेकी भाषा साहित्यकी मर्मज्ञ राधिका रायाले विदेशमा रहेर पनि आफ्नो देश भाषा संस्कृतिलाई विर्सन खोजिनन् । सदैव नेपाल र नेपाली जातिकै अभिमान मनमा साँचेर बाँचिरहेकी यिनको लेखाइमा पनि समाजपरक भावनाहरू मुखरित छन् । कथामा सरलता खोप्न सिपालु रायाका सबैजसो रचनामा सिर्जित बस्तुमा जनजीवनका समस्या, प्रसङ्ग र वार्तालाप छरपष्ट छन् । आफ्ना एकाङ्कीहरूमा पनि भाषा साहित्यको सेवा गर्नुपर्ने सन्दर्भहरूका साथै समाज र देशका लागि केही न केही गरिनु पर्ने सत् कुराहरू संक्षिप्त गरेकी छन् ।"

(द) गोपीकृष्ण खनाल

जुही त्रैमासिक अंक ४५, राधिका राया विशेषङ्कको पृष्ठ ८ मा 'राधिका दिदीका बारेमा खै के लेखौं' शीर्षकको लेखमा गोपीकृष्ण खनाल आफ्नो विचार यसरी पोख्दछन्- "राधिका राया साहित्यकारको रुपमा परिचित हुनुहुन्छ । २०२३ सालमा 'उनी नभएकी भए' कथा सङ्गालो र भारतीमा 'आमा', 'सानु' छापिएकोले उनलाई साहित्यिक पाठकले सर्वप्रगम कथाकारका रुपमा चिन्ने मौका पाए । उनका कथा भारतका विभिन्न ठाउँबाट प्रकाशिट 'उषा', 'दियालो', 'वैसालु', साहित्यलोक', 'भानु', 'लालीगुराँस' यथार्थ कुरा आदिमा छापिएका छन् । यसरी कथाकारमा रुपमा मात्र सिमित नरही लेख, निबन्ध एकाङ्की, सकालोचना र कविता विधामा पनि त्यति नै सशक्त कलम चलाउन सफल रायाको झापाली कवितामा 'नारी' नामक कविताले राम्रो प्रतिनिधित्व गरेको छ । 'भारती', 'उदय' पत्रिकाको समयदेखि अहिलेसम्म विभिन्न साहित्यिक पत्रिकामा छापिरहेका लेख रचनाले नारी हस्ताक्षरमा राम्रो प्रतिनिधित्व गरेको छ, सफल हुनुहुन्छ ।"

(ध) प्रभा घिमिरे

जुही त्रैमासिक अंक ४५, राधिका विशेषाङ्कको पृष्ठ १३ मा 'स्वावलम्वी महिला' शीर्षकमा प्रभा घिमिरेले आफ्नो विचारलाई यसरी प्रस्तुत गरेकी छन्- "श्रीमती राधिका र कर्तव्य निष्ठ लगनशील, सृजनशील, अनुशासित र स्वावलम्बी महिला हुनुहुन्छ । समाजमा उदाहरणीय व्यक्तित्व प्रस्तुत गर्नमा सक्षम हुनु भएको छ भन्ने मलाई दृढ विश्वास छ ।"

(न) कृष्ण धरावासी

जुही त्रैमासिक अंक ४५, राधिका राया विशेषङ्कको पृष्ठ १०८ मा 'कथा भित्र खोजिएकी कथाकार राधिका राया' शीर्षकमा कृष्ण धरावासीले आफ्नो विचारलाई यसरी प्रस्तुत गरेको पाइन्छ- "विदेशको एकल जीवनले उत्पन्न गरेको वियोगी मन तथा त्यहाँ भेटिने दु:खी जीवन र पात्रहरूले वहाँलाई कथा लेखनका निम्ति उर्जा बनेका छन् । घर झगडा गरेर टाढा पुगिएछ भने पनि समय वित्दै जाँदा घरका मान्छेहरूसँग रिस मर्दै जाने माया लाग्दै जाने, घर फर्कने इच्छा लाग्दै जाने र मन वियोगी र पिन्छे हुने मनोविज्ञानले नै वहाँलाई पनि घरबाट टाढा हुनु, व्यथितहरूसँगको भेट र तिनले भोगेका दु:खपूर्ण कथाहरूले लेखकलाई लेख्न प्रेरित गरेका छन् ।"

(प) कमला दाहाल

जुही त्रैमासिक अंक ४५, राधिका राया विशेषाङ्कको पृष्ठ ६२, मा 'मेरा दृष्टिमा राधिका राया' शीर्षकमा कमला दाहालले आफ्नो विचार यसरी प्रस्तुत गरेकी छिन्- "भारती साहित्यिक यात्रामा नेपाली भाषा र साहित्यलाई कथा लेख, निबन्ध एकाङ्की संस्मरण र पुस्तक समीक्षा जस्ता कृतिहरू दिएर समृद्ध बनाउनमा योगदान पुऱ्याउनु भएको छ । आफ्नो जीवनकालमा दार्जीलिङ्ग, धनकुटा, मलाया, हङकङ, कलकत्ता हुँदै झापाको भद्रपुरको भानुनगरमा स्थायित्व दिन पुगेकी स्रष्टा रायाले आफ्ना रचनाहरूमा आफू पुगेका स्थानहरूको झझल्कोहरू प्रतीकात्म रुपमा दिएको पाइन्छ । लेखन कार्य सुरुगरेपछि अहिलेसम्म वहाँले निरन्तरता दिइरहनु भएको देखिन्छ । यसबाट नेपाली साहित्य समृद्ध हुनमा सहयोग पुगिरहेको छ । कम सङ्ख्यमा नारी साहित्यकारहरूमा वहाँले नारीहरूको नेतृत्व गर्नुभएको छ । वहाँलाई राष्ट्रले नै मूल्याङ्कन गरी महत्व दिनु पर्ने आवश्यकता छ ।"

(घ) माधव भंडारी

राधिका रायाको आत्मकथ्य विविधको अन्तिम पृष्ठमा माधव भंडारीले आफ्नो विचारलाई यसरी प्रस्तुत गरेका छन्- "दार्जीलिङ्गबाट प्रकाशित 'भारती' को समय देखि नै कथा, एकाङ्की, गीत, निबन्धहरुमा कलम चलाइ ख्याती कमाएकी राधिका राया

स्वच्छन्दतावादी प्रवृतिकी लेखिकाका अभिव्यक्तिमा नारीसुलभ कोमलता एवं मार्मिकता पाइन्छ ।"

(ब) हेम अधिकारी

जुही त्रैमासिक अंक ४५, राधिका राया विशेषाङ्कको पृष्ठ ६९ मा हेम अधिकारीले 'साहित्यकार राधिका रायालाई चिन्नुपर्दा' शीर्षकको लेखमा आफ्नो विचार यसरी प्रस्तुत गरेका छन्- "विद्यार्थी जीवनदेखि नै नेपाली साहित्यतर्फ उन्मुख हुनु भएकी र प्रवासी नेपाली साहित्यकारहरू विशेष गरेर तुलसी क्षेत्री, माधवरसिंह क्षेत्रीको प्रेरणाबाट नेपाली साहित्य सिर्जनामा लाग्नु भएकी रायामाझीको आफ्नो सामाजिक यथार्थबाद सुरु भयो र खारिदै जाँदा प्रगतिवादसम्म पुगेको पाइन्छ । सन १९६७ मा सैनिक कप्तान बुद्धिमान लेप्चासँग विवाह भएपनि राया आफू साहित्यमा उही नामले चिनिन चाहेको र आफ्नो माइती थर नफेरेको बताउनु हुन्छ । वास्तवमा आफ्नै परिचयबाट परिचित हुन चाहाने स्वाभिमानी लेखिका भन्न सकिन्छ वहाँलाई ।"

(भ) कविता पोखेल

जुही त्रैमासिक अंक ४५, राधिका राया विशेषङ्कको पृष्ठ ११६ मा कविता पोखेलले 'राधिका रायाका रचनामा हार्दिकता' शीर्षकको लेखमा आफ्नो विचार यसरी प्रस्तुत गरेकी- "राधिका रायाका रचनाहरू पढ्दा बौद्धिक नभई भावनात्मक हुन्छन् । रायाका रचनाहरू भावनामा बगेका हुन्छन् । उनका सिर्जनामा हार्दिकता पाइन्छ । ढुङगो जस्तो हृदयलाई पनि पगाल्न सक्ने क्षमता रायाका कृतिहरूमा पाउन सकिन्छ । उनका रचनाहरूले जो सुकै पाठकको हृदयलाई पनि चुम्बकले ताने जस्तो तानिरहेको हुन्छ । रायाका रचनारूमा वास्तविकता पाइन्छ । यथार्थता झल्किनु उनको कृति रचनाको प्रमुख प्रवृत्ति हो । उनको रचनाको कथानक समाज मै हुने गरेका घटनामा आधारित पाइन्छन् । त्यसै गरी चरित्रहरूमा समाज मै पिल्सिएका, तल्लो वर्गका पछाडिएका चरित्रहरू उनका रचनामा अगाडि उभिन आउँछन् । विषय वस्तु र शैली शिल्प दुवै दृष्टिले उनका रचनामा स्वच्छन्दतावादी प्रवृत्ति रहेको पाइन्छ । जुन उनको कृतिगत प्रवृत्तिको रुपमा मान्न सकिन्छ ।"

(म) विरही अधिकारी

जुही  त्रैमासिक अंक ४५, राधिका राया विशेषङ्कमा विरही अधिकारीले 'प्रतिभाकी धनी राधिका राया' शीर्षकको लेखमा आफ्नो विचार यसरी प्रस्तुत गरेका छन्- "नारी र नारी समस्या प्रति सँधै पिरोलिएर लेखन प्रक्रियाबाट चेतनाको मूल प्रवाह प्रवाहित गर्न क्रियाशील राधिका रायाले नेपाली साहित्य भण्डारमा कथा, कविता, निवन्ध, मात्रा संस्मरणहरू, एकाङ्कीहरूका साथै सारगर्भित समालोचनाले ठूलो योगदान पुऱ्याएकी छन् । विभिन्न विधाहरूमा पनि ससक्त रुपमा कलम चलाँउदै रहेकी राया विश्वास अठोट र आँट बोकेकी इमान्दार साहित्यकार हुन् । नारीका आर्तनाद पुकारहरू बोलेको उनको समसामयिक लेखनले प्रतिशोध र विद्रोहद्वारा परिवर्तनको खोज नगरे पनि आर्दश साहित्यकारको विशिष्ट सूचीमा श्रद्धा पूर्वक राधिका रायाको नाम लेख्नु पर्दछ भन्नु अत्युक्ति हुँदैन ।"

(य) कृष्णा क्षेत्री

राधिका रायाको आत्मकथा विविधको पृष्ठ १०३ मा कृष्ण क्षेत्रीले आफ्नो विचारलाई यसरी प्रस्तुत गरेकी छन्- "हामी राधिका रायालाई एक भावुक लेखिकाको रुपमा पाउँछौं । त्यस बेला साहित्य सम्बन्धमा बौद्धिक स्तरको आकाङ्क्षा राखेको हुँदा विदेशसम्म पनि स्पष्ट रुपमा भन्नु हो भने भाषालई विचार गरेर जातित्वलाई अघि उचालेको साथै विदेशिएको आफ्ना सम्पूर्ण दाजुभाई दिदी बहिनीलाई एकताको सुत्रमा बाँधेको यँही देखिन्छ । विशेष भाषारुपी सुत्र । नाटक जीवनको एउटा घटना हो त्यसमा पनि स्वादिलो र मनै आकर्षित गर्न सके साहित्य बगैंचा मलिलो हुन सक्छ । वहाँको एकाङ्कीहरूमा पनि यही विशेषताहरू झल्किन्छ ।"

(र) टी.वी. रायामाझी

जुही त्रैमासिक अंक ४६, पृष्ठ १०२ मा टी.वी. रायामाझीले आफ्नो विचारलाई यसरी प्रस्तुत गरेका छन्-"कथा लेख्ने प्रवृत्ति दार्जीलिङ्गे छात्रा जीवनबाट सुरु गरेकी अनि घूम, धनकुटा, मलाया सिंगापुर, हङकङ, व्यारेकपुर, बेलायतसम्म घुमफिर गरेकी अनि हालमा भद्रपुर (नेपाल) नै जीवनयापन गरिरहेकी कथाकार राधिका रायाको कलमले जीवनको उकाली-ओह्राली, सुख-दुःख सबैलाई समेटेर साहित्यका विभिन्न विधाहरू कथा एकाङ्की, नाटक, निबन्ध, कविता संङ्गीतका शब्दहरू इत्यादिलाई सिंगारेको छ ।"

(ल) नगेन्द्रमणि प्रधान

राधिका रायाको कथा सङ्ग्रह उनी गएको गोरेटो (२०६०) को पछाडिको भित्री भागमा नगेन्द्रमणि प्रधानले राधिका रायाका विषयमा यस्तो विचार व्यक्त गरेका छन्- "साहित्यकार राधिका रायाका कथा, यात्रा वर्णनहरू लेख्दा काल्पनिक नभएर प्राय नै वास्तविकताको आड लिएर लेखेका हुन्छन् । तिनको कथा लेख्ने सीप बरिष्ट कथाकारत्रय रुपनारायण सिंह, शिवकुमार राई अनि इन्द्र सुन्दासको सीपलाई पहिल्याएको झैं भान हुन्छ । नेपालकी छोरी राधिका राया नेपाल, भारत, अरुदेशका राजनैतिक सीमासुदुरपूर्व मलाया हङकङमा आफ्नो दीर्घकालीन कार्यकालमा पनि पहिरन बोलीचाली अनि भाषा लेखाइमा आफ्नो नेपालीत्वबाट कहिल्यै विमुख भइनन् ।"

माथि उल्लेखितका अतिरिक्त पनि विभिन्न महानुभावहरूबाट राधिका रायाका विषयमा पूर्वकार्यहरू भएका छन् । जसमध्ये कल्पना पोखेल, मालारानी मोक्तान, भानुभक्त सुवेदी, कोमलप्रसाद पोखेल, तारा विविध, शिवशंकर थापा आदि पर्दछन् ।

यसप्रकार राधिका रायाको साहित्यका विविध पाटाहरूलाई पर्गेल्ने क्रममा पूर्वकार्यहरू प्रसस्त मात्रमा नभएका होइनन् तर ती समीक्षात्मक लेखहरूले राधिका रायाको कथा, कविता, समालोचनात्मक खूबीको बढी बंढाइचढाँइ गरी तिनै विधाका रचनाको विश्लेषण गर्ने प्रयासमा लागेको र उनको साहित्य साधनाको महत्वपूर्ण पाटोका रुपमा रहेको एकाङ्की विधा र एकाङ्कीहरूको विश्लेषण गरि व्यापक रुपमा अध्ययन गर्ने कार्य नभएकोले सो विषयमा विश्लेषण गर्ने आवश्यक रहेकोले प्रस्तुत शोधपत्रमा विश्लेषण गर्ने कार्य भएको छ ।

## १.७ औचित्य, महत्व र उपयोगिता

एकाङ्कीकार राधिका रायाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनका क्रममा उनको एकाङ्की र एकाङ्कीकारिताको विषयमा सामान्य रुपमा मात्र चर्चा गरिएको छ । त्यस्तै पूर्वकार्यमा समेत केही एकाङ्कीकारिताको विषयमा विस्तृत र गहन अध्ययन, अनुसन्धान र

परिक्षण आवश्यक भएकोले प्रस्तुत शोधकार्यको औचित्य महत्व र उपयोगिता स्वतः स्पष्ट भएको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

एकाङ्की परिचय, आधुनिक नेपाली एकाङ्कीको विकासक्रमको छोटो चर्चा, एकाङ्कीकार राधिका रायाको जीवनीको मुख्य मुख्य अशंको चर्चा गर्दै उनका एकाङ्कीहरूको सङ्ग्रह 'जीवनको इच्छा' मा सङ्ग्रहित आठ वटा एकाङ्कीहरूको विश्लेषण गरिएको छ । प्रस्तुत शोध पत्र यस परिधिमा सिमित रही अध्ययन गरि तयार पारिएको छ ।

## १.९ सामाग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य गर्न निम्नाअनुसारको सामाग्री सङ्कलन विधि अपनाइएको छ ।

### १.९.१ अर्न्तवार्ता

कृतिकार राधिका रायासँग ।

### १.९.२ पुस्तकालय विधि

राधिका रायाको एकाङ्की सङ्ग्रह जीवनको इच्छा कृतिका रुपमा प्रकाशित भइसकेकोले सोही कृतिको प्रयोग तथा उनका विषयमा केही साहित्यिक पत्र पत्रिकाले विशेषाङ्क प्रकाशित गरेकोले ती विशेषाङ्क समेत पुस्तकालय विधिको रुपमा प्रयोग गरिएको छ ।

## १.१० शोध पत्रको रुपरेखा

प्रस्तुत शोध पत्रको रुपरेखा यसप्रकार रहेको छ-

**पहिलो परिच्छेद**- शोध परिचय

**दोस्रो परिच्छेद**- एकाङ्कीकार राधिका रायाको परिचय

**तेस्रो परिच्छेद**- एकाङ्कीको सैद्धान्तिक परिचय र आधुनिक नेपाली एकाङ्कीको विकास क्रममा राधिका रायाको उपस्थिति ।

**चौथो परिच्छेद**- जीवनको इच्छा एकाङ्की सङ्ग्रहमा सङ्ग्रहित आठ वटा एकाङ्कीहरूको विश्लेषण

**पाचौं परिच्छेद**- उपसंहार (मूल्याङ्कन)

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# परिच्छेद-२

## राधिका रायाको जीवनीको मुख्य मुख्य अंशको परिचय

यस परिच्छेद अन्तर्गत साहित्यकार राधिका रायाका जीवनका विभिन्न पाटाहरुलाई विभिन्न शीर्षकहरुमा विभाजन गरी सङ्क्षिप्त रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । यसबाट राधिका रायाले देश र विदेशमा बस्नु पर्दाको विषम परिस्थितिमा पनि कसरी साहित्यको क्षेत्रमा अगाडि बढिन् ? जीवन जगतका अनुकूल र प्रतिकूल परिस्थितिको सामना कसरी गरिन् ? उनमा सामाजिक राजनैतिक, वौद्धिक, साँस्कृतिक चेतनाबाट साहित्य सिर्जनामा कस्तो प्रभाव पाऱ्यो ? रायालाई एक नारी साहित्यकारको रुपमा प्रस्तुत हुनमा परिवेश र घटना क्रमले के कस्तो भूमिका खेल्यो ? जस्ता विषयहरु रायाको एकाङ्की सिर्जनासँग जोडिएकोले यिनै विषयमा केन्द्रित रहेर रायाको जीवनी र व्यक्तित्वका मुख्य मुख्य अंशहरुको जानकारी दिने प्रयास गरिएको छ ।

### २.१ **जन्म, जन्मस्थान र वाल्यकाल**

नेपालको मानचित्रमा सुदुरपूर्वमा पर्ने मेची अञ्चलको झापा जिल्ला अन्तर्गत अनारमनी गाउँ विकास समितिको वडा नम्बर ६ मा पिता नन्दलालसिंह रायामाझी र माता लक्ष्मी रायामाझीको कोखबाट माहिली सुपुत्रीका रुपमा वि.सं. १९८८ पौष १४ गते  राधिका रायाको जन्म भएको हो ।[६] रायाको वाल्यकाल समयचक्रसँगै घुमेको देखिन्छ । आफ्ना बाबुको भारतको दार्जीलिङ्ग स्थित “दार्जीलिङ्ग हिमालय रेल्वे कम्पनी”मा नोकरी भएका कारण बाबुसँग रायाको अनारमनीबाट

[२] रायाको अन्तरवार्ताबाट प्राप्त ।

सिपाईधुरा (खरसाङ) हुँदै घुमपहाडको काखमा उनको वाल्यकाल वितेको पाइन्छ । यसरी उनको जन्मको २ वर्षपछि अर्थात १९९० वि.सं.मा भारततर्फ प्रवासिएकी हुन् भन्ने कुरा प्रष्ट हुन आउँछ ।[घ]

रायाका पिताको कामको सिलसिलामा बढीजसो घरभन्दा बाहिर बस्नुपर्ने भएकोले रायाको बाल्यकालको चारवर्षको उमेरसम्म आमकै काखमा वितेपनि राया भन्दा २ वर्षको अन्तरमा भाइ र बहिनीहरुको जन्म भएकोले पाँच वर्षको उमेरदेखि नै दार्जीलिङ्गको चौरास्तामुनिको आफ्नो मावली घरमा बसेको देखिन्छ । यसरी मावलका हजुरबा विद्वान् भएको र उनीहरुलाई अर्ति उपदेश दिदां राया पनि संलग्न हुने गरेको भन्ने बुझिन्छ । यसरी रायाको कलिलो मस्तिकमा साहित्यको विजारोपण हुने कार्य गरेको मान्न सकिन्छ ?[ह्र]

राधिका रायाको वाल्यकाल मावली घरमा विते पनि आफ्ना परिवारको डेरा समेत नजिक रहेको पारिवारिक सामिप्यता भने भएको पाइन्छ । उनका वाल्य सखी धर्मशीला ,लक्ष्मी बरुवा,मधुमालती दाहाल, दुल्लुलमा पि.डोल्मा, बसुन्धरा आदि छन् । यसरी मावली घरमा बसेपनि आफ्नो बाल्यकालको समय विदाको बेला साथीहरुसँग घुम्ने र कहिले काँही आफन्तजनहरुसँग खर्साङ्ग सिपाहीधुरातिर डुल्न जाने गरेको बुझिन्छ ।

## २.२पारिवारिक पृष्ठभूमि र प्रभाव

साहित्यकार राधिका रायाको पुख्यौली थलो खर्साङ्गको सिपाहीधुरा भएको पाइन्छ । रायाका हजुरबुवा बलभद्रसिंह रायामाझी सडक र रेल्वे ठेकेदार भएकोले त्यस समयमा प्रशस्त मान सम्मान र सम्पत्ति कमाएका हुनाले खर्साङ्गमा उहाँ “ठूलाघरे” को उपनामले चिनिने गरेको पाइन्छ । बलभद्रसिंह रायामाझीका छोराहरु मध्ये कोही काठमाडौंतिर लागे भने कोही झापातिर लागेको पाइन्छ । झापा आउने क्रममा साहिँला र साहिँलाका छोराहरू झापाको अनारमनी गा.वि.स.मा बसेको बुझिन्छ । यिनै साहिँला छोरा नन्दलालसिंह रायामाझी र लक्ष्मी रायामाझीको ६ बहिनी छोरीहरु र एक छोरा मध्ये साहिँली छोरीको रुपमा उनको जन्म भएको पाइन्छ ।

“एकाङ्कीकार राधिका रायाको जन्म झापाको अनारमनीमा भए पनि २ वर्षको कलिलो उमेरमा पिताले दार्जीलिङ्गमै लगेको र पिताको आफ्नो एक मात्रै जागिरले परिवार

[३] ऐजन ।

[४] ऐजन ।

छोराछोरीको पालनपोषण र शिक्षादीक्षा चलाउनु पर्ने कारणले रायाको पारिवारिक अवस्था मध्यम वर्गको रहेको पाइन्छ ।"[छ] सानै उमेरमा मावलीमा बस्नु पर्ने वाध्यता भए पनि मावलीका हजुरबुबाबाट नासवान बस्तुको लालसाले दुःख मात्र पैदा हुन्छ । विद्याप्रति संधै आशक्त रहनु , "विद्या नै साँचो धन हो" जस्तो अर्ति उपदेश पाउनु आफ्नो पारिवारिक पृष्ठभूमि पनि शिक्षित भएका कारण उनलाई शिक्षा क्षेत्रमा प्रवेश गर्न सजिलो भएको बुझिन्छ।"[ट]

यसरी रायाको जन्मघर र मावलीघर तर्फका सबै शिक्षित हुनु , उनको भरणपोषण राम्रो किसिमले हुनु, बालमस्तिष्क विकासका लागि उपयुक्त वातावरण पाउनु आदि परिवेशमा रायाको जीवनचर्याको आरम्भ भएको बुझिन्छ ।

## २.३. **शिक्षाको क्रममा विकास**

साहित्यकार एकाङ्की राधिका रायाको अनौपचारिक शिक्षारम्भ आफ्नै घरमा आफ्ना बाबु आमाबाट प्रारम्भ भएको पाइन्छ । उनको औपचारिक शिक्षाको प्रारम्भ पाँच वर्षको उमेरमा वि.सं. १९९२ बाट दार्जीलिङ्ग स्थित श्री नेपाली उच्च कन्या विद्यालय (तत्कालीन वोडिङ्ग) बाट भएको पाइन्छ । आफ्नो वाल्यकालमा मावलीमा बसेर कक्षा १ देखि कक्षा ६ सम्म अध्ययन गरेकी र त्यस समयमा मावलका हजुरबुबा आमाबाट अत्यन्तै धेरै ज्ञान गुनका कुराहरु पाएको बुझिन्छ हुने विरुवाको चिल्लो पात भने झै रायाले कक्षा १ देखि नै प्रथम स्थानमा उर्त्तीण हुँदै कक्षा सातसम्म पुगेको पाइन्छ ।[ठ]

कक्षाा ६ उर्त्तीण गरेपछि राया मावलघर छाडी दार्जिलिङ्ग रेल्वे स्टेशनमुनि आफ्ना बुबाआमाको डेरामा बसी पहिलेकै विद्यालयमा कक्षा नौ सम्म अध्ययन गरेको पाइन्छ । कक्षा नौ मा पढ्दा डम्बरसिंह गुरुङ्गको अगुवाइमा नेपाली भाषा र सांस्कृतिक उत्थानका लागि चलाइएको 'गोर्खालीग' नामक आन्दोलनमा राधिका राया पनि पढाइ नै छोडी सक्रिय रुपमा लागेको बुझिन्छ । यस आन्दोलनमा सरिक भएको आफ्नो विद्यालयका गुरुहरुले थाहा पाएपछि कराउनु हुन्छ भन्ने डरले दसौं कक्षा अध्ययन वि.सं.२००६ सालमा श्री शारदा कन्या विद्यालयबाट गरेको बुझिन्छ । पहिले देखि नै आफूले अगाडिका कक्षाहरुमा प्रथम र द्वितीय स्थान ल्याउन सफल भएपनि म्याट्रिक पास

---

[५] ऐजन ।

[६] शान्तदेवी निरौला, साहित्यकार राधिका रायाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, शोधपत्र २०६१ ।

[७] पूर्ववत् ।

भने तृतीय श्रेणीमा गरेकी हुन्  जसको कारण भने विद्यालयको परिर्वतन र नेपाली भाषा र संस्कृतिको आन्दोलन प्रतिको सक्रियता नै मुख्य रहेको पाइन्छ ।[८]

म्याट्रिक पास गरेपछि उच्च शिक्षा अध्ययन गर्ने क्रममा वि.स. २००६ सालमा सन्त जोसेफ कलेज दार्जीलिङ्गमा भर्ती भएको पाइन्छ । पारसमणि प्रधान सन्त जोसेफ कलेजका प्राध्यापक भएको हैसियतमा उनले आफ्ना विद्यार्थीहरुलाई साहित्यक कार्यक्रममा अग्रसर गराउने गरेको पाईन्छ । त्यसै क्रममा राधिका रायाले पनि विभिन्न साहित्यिक कार्यक्रममा भाग लिदै वि.सं.२००८ सालमा इन्टरमिडियट उत्तीर्ण गरेको पाइन्छ । साथै यसै समयमा रायाले सिनियर वेसिक तालिम पनि लिएकी थिइन् ।[९]

यसरी राधिका रायाले आफ्नो वेसिक तालिम सिध्याएपछि वि.सं. २००८ सालमा श्री गजेन्द्र बहादुर प्रधानाङ्गका साथ जननी जन्मभूमि नेपालको सेवा गर्ने उद्देश्यले धनकुटा आएको र त्यसपछि विभिन्न शिक्षण पेशामा आवद्ध रही लामो समयसम्म कार्य गरेको देखिन्छ ।" यसरी आई.ए. सम्मको अध्ययन औपचारिक रुपमा रायाको अन्तिम विन्दुका रुपमा रहेको बुझिन्छ ।

## २.४ व्यक्तिगत (निजी) विशेषता र स्वभाव

एकाङ्कीकार राधिका रायाको स्वभाव मिजासिलो छ । हँसिलो मुहारले आगन्तुक अतिथिहरुलाई कोमल भाव र भाषाले स्वागत गर्ने गरेको पाइन्छ । उनको भाषा सरल र शैली माधुर्यपूर्ण हुँदा हुँदै पनि कताकति दार्जीलिङ्गे भाषाको समिश्रण भएको पाउन सकिन्छ । आफ्ना सम्पूर्ण दुःख सुखका अनुभवलाई मनमा नराखी ओकल्ने स्वभाव उनमा पाइन्छ । सामान्य भेषभूषमा रमाउने रायामा सादा जीवन उच्च विचार राख्ने विशेषता पाउन सकिन्छ । वि.सं. २००७ साल देखि वर्तमानसम्म साहित्य सिर्जनामा लागिरहनुले उनको लगनशीलताको परिचय दिन्छ ।

घर वरिपरि सफ सुग्घर गर्नु फूल रोप्नु र फूलको स्याहारसुसार गर्नु, खाना आफै बनाएर खानु दुध बढी मात्रामा रुचाउनु, घरमा आएका मानिसलाई स्वागत सत्कार गर्नु रायाका विशेषताहरु देखिन्छन् ।

---

८ राधिका रायाको अन्तवार्ताबाट प्राप्त जानकारी ।

९ ऐजन ।

विभिन्न साहित्यक कार्यक्रमबाट प्राप्त निम्तोलाई स्वीकार्दै अनिवार्य रुपमा उपस्थित हुने गाउँ घरमा आफूले गर्दा सहयोग गर्ने शिव मन्दिर जाने र पूजा पाठ गर्ने उनको दिनचर्या नै हो भन्न सकिन्छ । रायाको पत्र पत्रिका पढ्ने रुचि राख्ने आफन्तजन र साहित्यक व्यक्तिहरूकहाँ जान रुचाउने नारी जातिलाई सक्रिय गराउने स्वभाव रहेको पाइन्छ । यसरी ७७ वर्ष पार गरिसकेकी राया हालसम्म पनि साहित्य सिर्जनामा लागिरहेकी छन् । यही क्रममा हाल उनी एउटा उपन्यास लेख्दै छन् ।[१०] यसरी विभिन्न साहित्यकारहरूमा पुस्तकहरू संकलन गर्दै पढ्नु र विहान ३ बजे देखिनै उनी साहित्य सिर्जनामा अझ पनि लाग्न सक्नु उनका महत्वपूर्ण पक्षहरू रहेको पाइन्छ ।

## २.५ एकाङ्कीकार राधिका रायाको बौद्धिक चेतना

एकाङ्कीकार राधिका राया मूलत आर्दशवादी चिन्तनधाराको पक्षधर भएको पाइन्छ साथै उनमा सामाजिक यर्थथवादी चिन्तन पनि रहेको देखिन्छ । राधिका रायाको आफ्नो बाल्यकाल मावलीघरमा वितेको हुनाले उनले हजुरबुबा आमाबाट आर्दशका पाठ सिकेको पाइन्छ ।

हजुरबुबा विद्वान भएकोले त्यसको प्रभाव सानैबाट एकाङ्कीकार रायामा पनि देखा परेको देखिन्छ । वि.स. २००६ सालमा लक्ष्मीप्रसाद देवकोटा र वालकृष्ण समले दार्जीलिङ्गमा गएर मुनामदन स्वर वाचन गरेपछि प्रभावित रायामा धन भन्दा विद्या नै ठूलो हो र नेपाली चेलीको र्दुदशाबाट आघात हुँदै आफू पनि मीठा मीठा साहित्य सिर्जना गरेर राष्ट्रको सेवा गर्नुपर्छ भन्ने चिन्तनको विकास भएको पाइन्छ । उनमा रुपनारयण सिंहको भ्रमरबाट समाजसुधार गर्नुपर्ने धारणा लेखनाथ पौड्यालको ऋतुविचारबाट आर्दशवादी चिन्तन, भवानी भिक्षुको यो फेरि फर्कला र शिवकुमार राईको माछाको मोलबाट साहित्य सिर्जना गर्न जागरुक बनाउनु बौद्धिक चेतना प्राप्त भएको बुझिन्छ । त्यसै गरी हिन्दी भाषाका प्रेमचन्दका कहानी र सरदचन्दका साहित्यबाट रायालाई बौद्धिक चिन्तनमा थप कार्य भएको देखिन्छ । यसरी विभिन्न साहित्यकारका साहित्यिक कृतिहरुको अध्ययनबाट प्रभावित भई साहित्यको सिर्जना तर्फ अग्रसर भएको पाइन्छ ।

१०४ वर्षे निरङकुश राणाशासनको विरुद्धमा सञ्चालित २००७ सालको क्रान्तिमा प्रजातन्त्रको प्राप्तिका लागि बौद्धिक आन्दोलनमा सरिक भएपनि शैक्षिक क्रान्तिबाट मात्र देश र जनताको समग्र रुपमा उन्नति हुने कुरामा विश्वास गर्ने रायाले छोरीले पढ्नु हुर्दैन, अन्तरजातिय विवाहको तीव्र विरोधको समयमा ती परम्परागत कुप्रथालाई चुनौती दिदै आफ्नो अध्ययनलाई

१० ऐजन ।

निरन्तरता दिएकी छन् भने बुद्धिमान लेप्चासँग वैवाहिक सम्बन्ध कायम गरेको पाइन्छ । उनको यो कदमले उनलाई समाजको अग्रणी व्यक्तित्वको रुपमा साथै क्रान्तिकारी नारीका रुपमा लिन सकिन्छ । रायालाई देश र विदेशका विभिन्न ठाउँको भ्रमण विद्वानवर्गको संसँर्ग, स्व-अध्ययन र शिक्षण पेशाबाट प्रशस्त बौद्धिक चेतना मिलेको पाइन्छ ।

## २.६ एकाङ्कीकार राधिका रायाको प्रेरणा, प्रभाव र सङ्गत

एकाङ्कीकार राधिका रायालाई आफ्नी आमाको काखमा रहँदा आमाले दिएको नैतिक उपदेश र मावली हजुरबुबा र हजुरआमाको व्यवहारबाट आर्दशमय भावना प्राप्त भएको पाइन्छ । आफ्नो मावली हजुरबुबाका आर्दशमय अर्ती उपदेशबाट उनका लेखरचनाहरुमा पनि आर्दर्शोन्मुख सन्देशहरु प्रस्तुत भएको पाइन्छ । आफ्नो विद्यार्थी जीवनमा नै अर्थात २००२/२००३ सालतिर भानुभक्त स्मृति विद्यालय दार्जीलिङ्गमा विद्यार्थीहरुमाझमा साहित्यिक प्रतियोगिताहरू हुने गरेको क्षणलाई अहिले नै भए जस्तो गरी प्रस्तुती गर्नुले राधिका रायाको साहित्य सिर्जनाको प्रेरणा विद्यार्थी जीवन पनि एक महत्वपूर्ण पाटो हो भन्न सकिन्छ । त्यस समयमा रायाले लक्ष्मीदास बस्नेत 'पागल' को सम्पादनमा प्रकाशित हस्त लिखित पत्रिका 'उषा' (१९५४-६४) मा कथाहरू, साहित्यिक पत्रिका 'भारती'मा लेख रचनाहरु, 'पर्वते' नामक गोर्खा सैनिकको साप्ताहिक पत्रिकामा विभिन्न लेख रचनाहरु, काजीमान कन्दङवाको सहयोगमा 'सयपत्री' पत्रिकामा विभिन्न लेख निबन्ध कथा , कविता, एकाङ्की आदिको प्रकाशन गरेको पाइन्छ ।[११] यी पत्र पत्रिकामा काम गरेबाट रायाका लेखनमा शिक्षा अधिकारको माग र महिला शोषणका विरुद्धमा जागृतिको आह्वान भएको पाइन्छ । त्यस समयमा पुरुष प्रधान समाजमा महिला जातिले भोगेका देखेका र अनुभव गरेका कुराहरुसँग राया परिचित भएकीले उनीहरुका व्यथा, वेदना र पीडाहरुलाई आफ्ना सिर्जनाहरुमा सशक्त रुपमा अभिव्यक्त गरेको पाइन्छ ।

वि.सं. २०१० सालबाट शिक्षण गर्ने सन्दर्भमा राया विदेशिएको पाउन सकिन्छ । रोजी रोटीको क्रममा आफ्नो परिवार आफन्तहरु र आफ्नो राष्ट्रहरुबाट टाढा रहँदाको परिस्थितिबाट प्रेरणा प्राप्त गर्दै नेपालीहरुले विदेशमा गर्नु परेका दुःख पीडाहरु उनका रचनामा छचल्किएर आएको पाइन्छ । रायाले नेपाली साहित्यका लक्ष्मीप्रसाद देवकोटा, विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, धारणीधर कोइराला, सूर्य विक्रम ज्ञवाली, लैनसिंह वाङ्देल, पारसमणी प्रधान, माथवरसिंह क्षेत्री,

[११] ऐजन ।

आच्छा राई रसिक आदि साहित्यकारहरूको कृत्तिहरूको अध्ययन गर्नु साथै घनिष्ट सम्बन्ध राखेको बुझिन्छ । उनलाई आफ्नो साहित्यक यात्रालाई अगाडि बढाउने क्रममा नेपाली साहित्यकारहरू मात्र होइन हिन्दी साहित्यका प्रेमचन्द्र, शरदचन्द्र, रवीन्द्रनाथ आदि साहित्यकारहरूका कथा, उपन्यास आदिको गहन अध्ययनले समेत पनि थप प्रेरणा मिलेको पाइन्छ । राधिका रायाको समकालीन लेखक लेखिकाहरूमा जोरवङ्गलाका शान्ति राई, दार्जीलिङ्गका लक्खी वरुवा, मधुमालती दाहाल, बसुन्धरा दुलु, धनकुमारी थापा, अमृता क्षेत्री, हरिमाया थापा, चन्द्रकला गुरुङ्ग, मनु राई सानुमति राई, अगमसिंह गिरी, आच्छा राई रसिक, नरबहादुर दाहाल, लक्ष्मीदास बस्नेत, जगन्नाथ प्रधान, काजीमान कन्दङ्वा आदिको संगत र प्रेरणाबाट पनि राया धेरै प्रभावित भएको पाइन्छ ।

यसरी जीवनका आरोह अवरोह सँगसँगै आफ्नो पारिवारिक प्रेरणा, विद्यार्थी जीवनमा गरिएका प्रतियोगितात्मक साहित्यक कार्यक्रम, गोर्खा सैनिकमा एकाङ्कीहरुको प्रदर्शन र प्रसारण विद्यार्थी जीवनमा नै धेरै जस्तो ठूला ठूला साहित्यकारहरुे संगत गर्ने अवसर पाएर सोही अवसरको फाइदा उठाउँदै भेटघाटबाट प्राप्त सुझावहरुलाई प्रेरणाका रुपमा उपभोग गर्दै कविता, कथा, एकाङ्की, निबन्ध र समालोचनाका क्षेत्रमा उदाउने प्रेरणा मिलेको देखिन्छ ।

## २.७ एकाङ्कीकार राधिका रायाको साहित्यिक प्रेरणा

एकाङ्कीकार राधिका रायाको वाल्यकाल सुखपूर्ण रुपले अन्त्यन्तै राम्रो पारिवारिक सामाजिक वातावरणमा वितेकोले उनमा आदर्शोन्मुख चेतना आएको देखिन्छ । वि.सं. २००२/०३ तिर दार्जीलिङ्गमा आएको साहित्यिक हुरीले रायालाई बहुप्रतिभाशाली साहित्यिक सर्जक बनाउनमा ठूलो भूमिका खेलेको देखिन्छ । त्यसै साहित्यिक हुरीको प्रतिफलका रुपमा 'उषा', 'कमल', 'सयपत्री', 'ताण्डव' जस्ता साहित्यिक पत्रिका प्रकाशन भएको पाइन्छ । तिनै हस्तलिखित साहित्यिक पत्र पत्रिकाहरुमा कार्यगर्दा प्रारम्भिक साहित्य लेखनमा प्रेरणाको काम गरेको देखिन्छ । विद्यार्थी उमेरमा आफ्ना दिदी बहिनी आमाहरुसँग उहाँहरुले देखेका भोगेका अनुभव गरेका र सामाजिक घटनाबाट प्राप्त कुराहरुलाई विषयवस्तु बनाएर कथा, कविता आदि लेख लेख्ने र मुमालाई देखाउने गरेको र

सो लेखको विषयमा आफ्नी मुमाबाट सकारात्मक प्रतिक्रिया प्राप्त हुने गरेकोले आफ्नो साहित्यक यात्राको प्रथम प्रेरणा आफ्नै मुमाबाट भएको देखिन्छ ।[ञद]

आफ्नो लेख रचनाहरुलाई लेखनकार्यपछि केही समस्या भए धुमपहाड बस्ने काजीमान कन्दङ्गबालाई देखाई उनैबाट पनि प्रेरणा लिएको देखिन्छ ।[ञघ]साहित्यमा भर्खरै पाइला हाल्दै गरेका नवोदित साहित्य सर्जकहरुलाई प्रेरणा र हौसला प्रदान गर्ने पारसमणी प्रधानले अरु कथाकारहरु सरह रायालाई नेपाली साहित्य सिर्जनामा जग बसाल्नु सुरुदेखि नै रायाका रचनाहरु प्रकाशित गरिदिएर प्रेरणा साथै प्रोत्साहन दिएको पाइन्छ । यसरी प्रोत्साहन प्रेरणा दिने व्यक्तित्वहरु मध्ये राधिका रायाका भिनाजु माथवरसिंह क्षेत्री र पारसमणी प्रधानले रायाका कथाहरुलाई संकलन गरी पुस्तककार कृति निकाल्ने कार्यमा सहयोग गरेको पाइन्छ । वि.सं. २०२२ (सन् १९६६) मा आफ्ना चौध कथाहरुको संग्रह 'उनी नगएकी भए' दार्जीलिङ्गमा छापी प्रकाशित भएबाट रायामा कथा लेखनकार्य अगाडि बढ्नमा थप उर्जा थपिएको पाइन्छ । कथा साहित्यको सिर्जना गर्ने क्रममा सन्त जोसेफ कलेजमा अध्ययनरत रहेका समयमा हिन्दी साहित्यका साहित्यकारहरु प्रेमचन्द, शरदचन्द, रविन्द्र आदिका कथा उपन्यासहरुको अध्ययनबाट पनि रायालाई थुप्रै प्रेरणा मिलेको देखिन्छ । नेपाली साहित्य सम्मेलन दार्जीलिङ्गबाट प्रकाशित 'दियालो वर्ष १३ हाँगो ६४' मा प्रकाशित "उनी गएको गोरेटो" नामक कथाले भानु पुरस्कारबाट सम्मानित र पुरस्कृत भएपछि रायामा अझ थप हौसला मिलेको पाइन्छ । रायालाई प्रोत्साहित गर्ने प्रमुख व्यक्तिहरुमा लैनसिंह वाङ्देल 'प्रभात' (१९५०), पारसमणी प्रधान 'भारती' (१९५४), बसन्तकुमार खड्का 'लक्ष्मी भवन'का अध्यक्ष (२०५०) र चुडामणी रेग्मी.................... (२०५३) आदि रहनु भएको पाउन सकिन्छ ।

एकाङ्कीकार रायाका साहित्यिक प्रेरणाका स्रोतका रुपमा शारदेश्वरी स्कूलका प्रधानाध्यापक स्वामी प्रवुद्धानन्दले श्री परमहंसविवेकानन्द, अभेदानन्द, शारदामाता जस्ता त्यागी भक्त साथै विभिन्न विद्वान विदुषीहरुको परिचय दिलाउँदै आदिकवि भानुभक्त आचार्यको साहित्यिक महिमा र नेपाली वीर योद्धाहरुको बलभद्र कुबँर, अमरसिंह थापा आदिको गाथा सुनाएपछि सानै देखि टुसाएर आएको साहित्य लेखनमा थप प्रेरणा मिलेको पाइन्छ ।

---

[१२] रायासँगकोा अर्न्तवार्ताबाट प्राप्त जानकारी ।

[१३] ऐजन ।

सन् १९४८ तिर महाकवि लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समको उपस्थितिलाई आफैले स्वागत गर्ने अवसर पाउनु र त्यस समयमा देवकोटाको मुनामदन खण्डकाव्यको प्रस्तुति साथै नाट्यसम्राट वालकृष्ण समको अभिनयले आफूलाई मात्र हैन सम्पूर्ण उपस्थितहरुलाई रुवाएको घटनाबाट साहित्यको सिर्जनामा प्रेरणा मिलेको पाउन सकिन्छ । [ज्ञढ] त्यस्तै गरी समय समयमा 'गोर्खा दु:ख निवारण सम्मेलन'ले आयोजना गर्ने नाटकहरुमा भागलिने गर्नुले उनले एकाङ्कीकारितामा प्रवेश गरेको पाइन्छ ।

बहुविधामा आफ्नो खुवीलाई प्रस्तुत गर्न सक्ने बहुविधाकी धनी राधिका लेखनको प्रेरणा पर्शुराम रोक्काको 'मेरो पुरानो स्कूल' शीर्षकबाट प्राप्त गर्नुका साथै आकाशवाणी प्रसारण केन्द्रबाट रायाका एकाङ्कीहरु पनि प्रसारण भएपछि अझ वढी प्रेरणा मिलेको बुझिन्छ । आकाशवाणी प्रसारण केन्द्रबाट प्रसारण हुने विभिन्न नाटक तथा एकाङ्कीहरुमा अभिनय गर्दै एकाङ्की लेखनमा प्रवेश गरेकी रायाले करीब १० वटा जति एकाङ्कीहरु लेखे तापनि संग्रहका रुपमा 'जीवनको इच्छा' जसमा ८ वटा मात्र एकाङ्की पुस्तकाकार रुपमा प्रकाशित छ ।

सारंशमा भन्नु पर्दा एकाङ्कीकार राधिका रायाले साहित्यका विविध विधामा कलम चलाउने प्रयास गरेकी छन् । रायाले आफ्नै जीवनमा भोगेका वाल्यकालीन स्वदेश तथा विदेशी परिवेश, धार्मिक सामाजिक परम्परा पारिवारिक आर्थिक स्थिति विद्यालय कलेजको अध्ययनबाट प्राप्त ज्ञान, साहित्यक कृतिहरुको अध्ययन, विभिन्न पत्रपत्रिका, सहपाठी र विद्वानवर्गहरुसँगको सर्म्पक, समाजमा देखिने विकृति र विसंगति, पिडित वर्गको आवाज नारी अस्तित्वको खोजी, आर्थिक अभावले विदेसिनु परेको कारुणिक कथाबस्तु, शिक्षित पारिवारिक वातावरणको मार्ग दर्शन आफन्तजनबाट प्राप्त प्रेरणाहरु नै रायाको साहित्यक लेखनका प्रेरणामा राधिका रायाका विविध विषय समेटेर साहित्यक पत्रपत्रिकाहरूले विशेषाङ्कहरूको प्रकाशन हुनु, विभिन्न साहित्यक व्यक्तित्वहरूबाट उनका विषयमा चर्चा गरिनु विशेष झापाली साहित्यकार चूडामणि रेग्मीबाट राधिका रायाका विभिन्न कृतिहरुको सम्पादनको क्रममा चर्चा गरिदिनु, आफ्नै आयोजनामा रायाको सम्मान गर्नु जस्ता घटनाहरुले रायालाई साहित्य सिर्जनामा लाग्न प्रेरित गरेको

१४ ऐजन ।

पाउन सकिन्छ ।[ञछ] उनलाई साहित्यिक सिर्जनामा लाग्ने तपसील अनुसारका पुरस्कार तथा सम्मानहरुले प्रेरणा प्राप्त गरेका सम्मान र पुरस्कारहरु निम्न अनुसार रहेका छन् ।

**पुरस्कारः**

१. भानु पुरस्कार, दियालो, यार्च १९७३

२ शिक्षण सेस्था भद्रपुर २०५०

३. निबन्ध प्रतियोगिता पुरस्कार द्वितीय स्थान २०५० प्रगतिशील लेखक संघ झापा

४. लोकप्रिय पुरस्कार ०५९ साहित्यिक पत्रकार संगठन

५. एकाङ्की प्रतियोगिता सिङ्गापुर रेडियो कार्यक्रम नेपाली विभागमा (प्रथम) सन् १९५४

६. जिल्ला शिक्षा समिति २०५४ झापा

७. जय नेपाल प्रतिभा प्रोत्साहन प्रतिष्ठान विर्तामोड २०६३

८. डा. नरेन्द्र चापागाईँ स्मृति प्रतिष्ठानबाट पुरस्कृत २०६५ असार २९ भानु जयन्ती[ञट]

**सम्मानः**

१. पूर्वाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय-२०३३

२ अभिनन्दन, भद्रपुर मा.वि. २०५०

३. नेपाल शिक्षक संघ, झापा २०५०

४. देवकोटा स्मृति भवन (रजत जयन्ती भद्रपुर २०५०)

५. समता साहित्यिक परिवार, इलाम/फिदिम २०५४

६. जुही झर्रो नेपाली घर चन्द्रगढी झापा २०५७

७. भद्रपुर नगरपालिका (साहित्यिक व्यक्तित्व) २०५७

---

१५ ऐजन ।

१६ ऐजन ।

८.  नवरङ्ग साहित्यिक प्रतिष्ठान धरमपुर झापा २०५९

९.  शारदेश्वरी सरकारी कन्या मा.वि. (दार्जीलिङ्ग) २०५९

१०.  नेपाली साहित्य समाज उर्लावारी (मोरङ) २०६०

११.  यथार्थ कुरा (पाक्षिक) झर्रो नेपाली घर चन्द्रगढी झापा २०६१

१२.  जन पुस्तकालय, शिवकुमार राई स्मृति संस्थान खरसाङ्ग २०६१

१३.  मदन पुरस्कार स्वर्ण वर्ष सम्मान (काठमाडौं) २०६२

१४.  डा. नरेन्द्र चापागाईँ स्मृति “वनिता” साहित्य सम्मान विराटनगर २०६३

१५.  पल्लव साहित्य प्रतिष्ठान चितवन नारायणगढ २०६४

१६.  विदुर इग्लिस वोर्डिङ्ग हाइस्कुल (रजत महोत्सव भद्रपुर २०६४)[ज्ञठ]

विशेषतः के भन्न सकिन्छ भने आफ्नो साहित्यिक पृष्ठभूमिमा सुखपूर्ण जीवन जीउँदै उदयकालीन समयदेखि नै साहित्य सिर्जनामा लागेकी एकाङ्कीकार राधिका रायाले आफ्नो साहित्य यात्रामा नेपाली साहित्यका साहित्यकारहरु तथा हिन्दी साहित्यकार साहित्यकारहरुबाट प्राप्त प्रेरणा र प्रभावहरुमा रहदै आफ्ना नातेदार तथा गुरुवर्गबाट पनि उचित प्रेरणा पाएकी रायाको साहित्यिक यात्रा ६०औं वर्षको उमेरमा हिडिंरहेको छ । यति लामो समयसम्मको यात्रामा उनले साहित्यका विविध विधाहरुमा कलम चलाएकी छन् । उनले नेपाली साहित्यका विविध विधामा कलम चलाएपनि उनको साहित्यक यात्राको क्रममा रामलाल अधिकारीले ‘नेपाली एकाङ्की यात्रा’मा विशेष चर्चा गरेर एकाङ्की संङ्ग्रहमा स्थान पाएकी राधिका रायाले मदनपुरस्कार स्वर्ण वर्ष सम्मान २०६२ सम्मको लामो साधनाबाट शिखर छोएको पाइन्छ ।[ज्ञड] कथा लेखन शुरु गरेपछि एकाङ्की विधा ओझेल परेको कुरा एकाङ्कीकार राया स्वयम् स्वीकार्दछिन् ।

---

[१७] ऐजन ।

[१८] चूडामणि रेग्मी, राधिका रायाका रचना, सम्पादक्यौली ।

# परिच्छेद-तीन

## एकाङ्कीको सैद्धान्तिक परिचय र एकाङ्कीको विकासमा राधिका रायाको उपस्थिति

यस परिच्छेद अन्तर्गत एकाङ्कीको स्वरुपको उल्लेख गर्दै आधुनिक नेपाली एकाङ्कीको विकासक्रम र त्यसक्रममा राधिका रायाको उपस्थितिका विषयमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### ३.१ एकाङ्की परिचय

नेपाली वृहत् शब्दकोषका अनुसार - 'एकअङ्क मात्र भएको वा हुने आफैमा पूर्ण, छोटो नाटक, एक अङ्कमात्र हुने एक प्रकारको दृश्यकाव्य' 'रुपकका दस भेदमध्ये भाण,ब्यायोग,उत्सृष्टाङ्क, वीथी जस्ता एक अङ्कमात्र हुने रुपक ।' यसरी नेपाली वृहत् शब्दकोषले एकाङ्कीको अर्थ लगाएको पाइन्छ । एकाङ्की विश्वसाहित्यको स्वरुप भन्दा पछि विकासित एक नौलो विधा हो । एकाङ्कीको उत्पत्ति एवं प्रचार र ब्यापकताको आफ्नै प्रकारको कथा रहेको पाइन्छ । युरोपको दसौ शताब्दी देखि यसको चर्चा परिचर्चा दुवै आएको पाइन्छ । इसाई धर्मको प्रचारका क्रममा सो धर्मसम्बन्धी रहस्यप्रधान र चमत्कारप्रधान साना-साना कथाहरुलाई नाटकमार्फत देखाउने प्रचलन तात्कालीन समयमा भएको पाइन्छ । यसरी यी नाटक हेर्नआउने दर्शकहरुलाई ती नाटक सुरु हुने समयलाई पर्खनु पर्ने भएको हुँदा मनोरञ्जन प्रदान गर्ने र नाटकका बीचबीचमा अभिनय- प्रहसन गर्भाङ्गका रुपमा समावेश गरिएको हुन्थ्यो । तिनै अभिनय - प्रहसनहरुले नै एकाङ्कीको विकासको पृष्ठभूमीको रुपमा काम गरेको पाउन सकिन्छ ।[१९]

[१९] ईश्वरीप्रसाद गैरे, कृष्णप्रसाद आचार्य-**आधुनिक नेपाली नाटक र फुटकर कविता** ।

यसै पृष्ठभूमिमा उन्नाईसौं शताब्दीको अन्त्य र बीसौं शताब्दीको सुरुमा पेरिस, लण्डन र वर्लिनका थिएटर कम्पनीहरुले नौलो साहित्यिक विधाको जन्म दिए । जहाँ नाटकहरु दिनरात खेलिन्थे । ती नाटकहरु मध्ये कुनै कुनै नाटक अति लामा हुन्थे । यस्ता नाटकहरु धेरै दिनमा मात्र पूरा हुन्थे । यस क्रममा कतिपय दर्शक नाटक सुरुहुने समय भन्दा अगावै आएर बस्ने गर्दथे र नाटक सुरु हुने समयलाई कुरी बस्ने गर्दथे । यस्ता प्रकृतिका दर्शकहरुलाई समय कुरेर बस्न दिग्दार र पट्यार लाग्ने हुनाले दर्शकदीर्घामा यस्तो दिग्दारी नहोस भन्ने उद्देश्यकासाथ मूल नाटकको प्रदर्शन  हुनु अगाडि साना साना नाटक प्रदर्शन गर्ने चलन चल्यो । जसलाई पट उन्नायक ९ऋगचतबष्ल च्बष्कभच० भनिन्थ्यो । यसले समेत एकाङ्कीको विकासको पृष्ठभूमिको रुपमा काम गरेको पाउन सकिन्छ । समयको विकाससँगै यसले आफ्नो प्रभुत्व जमाउन थाल्यो र कतिपय दर्शकहरु त यसकै निम्ति मात्र आउन थाले अर्थात पट-उन्नायक हेर्नका निम्ति पनि नाटक हेर्न आउन थालेको पाइन्छ ।

एकातिर पट उन्नायक यस्तो प्रभाव पऱ्यो भने अर्कोतिर प्रदर्शकहरु दर्शकलाई आकर्षित गर्न राम्रा राम्रा पट उन्नायक निर्माण गरी देखाउन थाले जसमा लघु नाटकको रुपमा भएका पट - उन्नायक मात्र हेर्न आउन थाले यसरी यसको प्रभाव बढ्दै जाँदा यसले एकाङ्कीको पृष्ठभूमिको काम गर्दै आएको पाउन सकिन्छ ।

एकाङ्कीको उत्पत्ति सुरुवातको इतिहास खोज्दै जाँदा पट-उन्नायक सम्म पुग्न सकिन्छ । औद्योगिक क्रान्तिको परिणामसँगै युरोपेली सभ्यताको विकासमा मानिसहरुको ब्यस्तता  र बेफूसदीले गर्दा उनीहरु ज्यादै छोटो समयमात्र मोरञ्जन तिर ध्यान दिन थाले । त्यसैले गर्दा त्यहाँको मानिसहरुलाई आफ्नो ब्यस्त समयका कारण लामा लामा नाटक हेर्न नसक्ने अवस्थाको सिर्जना भयो । मानिसका यी बाध्यता र ब्यस्तताले लामो नाटक हेर्ने दर्शकहरुको सङ्ख्या घट्न थाल्यो त्यसैले लामा नाटकहरु प्रदर्शन गर्ने परम्परा हट्न थाल्यो र त्यसको ठाउँ अव पट - उन्नायक कै जस्तो छोटो नाटकको निर्माण र प्रदर्शन सुरु भयो । जुन आज विश्व साहित्यमा ब्याप्त नवीन साहित्यक विधा एकाङ्की हुन पग्यो । वास्तवमा वर्तमान एकाङ्कीको स्वरुप निर्माण बीसौं शताब्दीको प्रारम्भमा भएको मानिन्छ ।

यसरी अन्य साहित्यक विधाको तुलनामा धेरैपछि मात्र जन्मिएको एकाङ्की युरोपको पुर्नजागरण युगपछि मात्र क्रमिक रुपमा अगाडि आएको पाइन्छ । युरोपपछि फ्रान्स, बेलायत,

अमेरिका,रुस,जर्मन आदि मूलुकहरूमा यसले ब्यापकता पायो र ती राष्ट्रहरुमा यसले साहित्यिक उच्चता वरण गऱ्यो । परिणाम स्वरुप यो झयाङ्गिदै फैलदै देशान्तरको विकास यात्रामा द्रुतत्तर गतिमा अगाडि बढ्ने क्रममा विश्वका महादेशहरु हुँदै भारतीय भाषा हिन्दी हुँदै नेपालको नेपाली भाषामा समेत यसले आफ्नै वर्चस्व र कलात्मक रुपसहित एक नवीन साहित्यिक लेखन, सिर्जन प्रदर्शन र कलाको प्रथा प्रचलन गर्न पुगेको पाइन्छ ।[२०]

यसरी उन्नाईसौं शताब्दीको अगाडिको समयमा पट उन्नायकको रुपमा प्रचालित हुँदै उन्नाइसौं शताब्दीको सुरुमा युरोपमा प्रचालित विधा नै विकसित रुप हुँदै विभिन्न महादेशमा प्रचलनमा आउने क्रममा एशिया महादेशमा यसले ब्यापकता पायो । यसै क्रममा भारतको हिन्दी भाषा हुँदै नेपाली भाषामा एकाङ्कीले प्रवेश पाएको हो भन्न सकिन्छ । वर्तमान समयमा समेत यो विधा द्रुतत्तर रुपले अगाडि बढिरहेको छ ।

## ३.२ एकाङ्कीको स्वरुप

एक अङ्क भएको लघु कलेवर एक विशेष प्रकारको नाटकलाई एकाङ्की भनिन्छ । अङ्कका आधारमा नाटकलाई एकाङ्की, पूर्णाङ्की र बहुआङ्की गरी तीन भागमा विभाजन गरिएको पाइन्छ । जसमध्ये एकअङ्क हुने एकाङ्की, एक अङ्कभन्दा बढी हुनेलाई नाटक र वहुअङ्क हुनेलाई महानाटक भनिन्छ । संस्कृत परम्परामा यस्ता परम्परा भएपनि वर्तमान समयमा एकाङ्की र पूर्णाङ्कीको विभाजन रेखा भने कोरिएकै छ । मोटामोटी हेर्दा मिल्दो जुल्दो देखिए तापनि नाट्यविधा भएर पनि एकाङ्कीलाई नाटकको एकअशं, लघुरुप वा एक खण्ड मान्न सकिँदैन नत यसलाई सँस्कृत नाटयपरम्परमा फेला पर्ने एक अङ्के रुपकका रुपमा भेद, प्रभेद, उपभेद, ब्यायोग, अङ्क, प्रहसन आदिसँग जोडेर नै हेर्न सकिन्छ । हुनसक्छ कतिपय रुपक उपरुपकका आधुनिक विधामा एकाङ्कीका बीचहरु फेला पर्दाहुन तर यसलाई नितान्त नौलो हुदै साहित्यिक नाट्य विधा भन्नु पर्दछ ।[२१]

जसरी कथा भन्दा भिन्न उपन्यास आख्यान विधा भएपनि छुट्टै विधा हो त्यसरी नै नाट्यविधामा नाटक भन्दा छुट्टै नाट्यविधा एकाङ्की हो भन्न सकिन्छ । एकाङ्कीको घटना तथा पात्रको द्रूत गतिमा क्रियाशीलतासँग कथात्मकमा घनत्व रुप र केन्द्रीय स्वरुप फेला पर्दछ । यसमा द्वन्द्वको राम्रो निवाह हुन्छ जसले गर्दा यो घटना गतिशील हुन्छ । कथानकका दृष्टिले कसिलो

---

२० ईश्वरप्रसाद गैरे, कृष्णप्रसाद आचार्य-**आधुनिक नेपाली नाटक र फुटकर कविता** ।

२१ **पूर्ववत्** ।

गठिलो सूत्रात्मक यो घटना प्रवाह र चारित्रिक विकासमा निक्कै रफ्तारसित गन्तब्योन्मुख हुन्छ । एकाङ्कीको एउटै उद्देश्य, एउटै स्थिति, एउटै भावना, सम्बोधन कलात्मक प्रभावात्मक प्रस्तुति स्वरुपको हुन्छ । यसमा मानवीय जीवनको कुनै एक रुप, एक पक्ष, एक चरित्र, एक कार्य तथा एक भावलाई कलात्मक ढङ्गले प्रदर्शन मञ्चन गरिन्छ । स्वरुपका दृष्टिमा यो एक अङ्क भएको एकाङ्की एक साहित्यिक विधागत नाट्य रुप हो ।

एकाङ्की लघु संरचना भएको हुन्छ । यो आख्यानपरक र कथानक प्रसङ्ग स्थिति भएको हुन्छ । यो आख्यान भएको लघुरचना भएपनि अभिनेताको संवादद्वारा चरित्रको आश्वादनको विकसित रुपमा भएको हुनुपर्दछ ।

एकाङ्की नाट्यरचना भएकोले केही कुराहरुमा मिल्दोजुल्दो भएकाले नाटकसँग तुलनीय छ । नाटकमा जीवनकाअनेक पक्षको चित्रण हुन्छ भने एकाङ्कीमा एकपक्षको मात्र चित्रण हुन्छ । नाट्कमा कथाको विस्तारका साथ विकास भएको हुन्छ भने एकाङ्कीमा कथाको विस्तार तीव्र गतिमा भएको हुन्छ । नाटक वहुअङ्के हुन्छ । एकाङ्की एक अङ्के मात्र हुन्छ । एकाङ्कीमा पात्रको अल्पता हन्छ र एकान्वितिको पूर्ण रुपमा पालना गरिएको र ज्यादै छोटो समयको हुन्छ । यसरी के भन्न सकिन्छ भने एकाङ्की नाट्य रचना भएपनि नाट्कभन्दा एक भिन्नै र छुट्टै स्वरुप र पहिचान लिएको स्वतन्त्र एक साहित्यिक नवीन प्रभाव हो । यसको आफ्नो छुट्टै वर्चस्व र अस्तित्व छ ।

यसरी एकाङ्कीको स्वरुप निर्धाण गर्न विभिन्न एकाङ्कीगत तत्वहरुले भूमिका खेलेको पाइन्छ । वास्तवमा नाट्क र एकाङ्की उस्तै विधा भएबाट पनि नाटकमा जस्तै एकाङ्की पनि कथानक, पात्र, वातावरण, संवाद, उद्देश्य, मञ्चनीयता, भाषाशैली आदि तत्वको प्रयोग भएको पाइन्छ ।[२२] यी तत्वहरुको प्रयोगको रुप वा मात्रा भने नाटकमा भन्दा केहीहदसम्म फरक हुन्छ जसले गर्दा नै नाटक र एकाङ्कीको विभेद सृजना गर्ने गर्दछ । ती एकाङ्कीगत तत्वहरुलाई निम्नानुसार छोटकरीमा प्रस्तुत गर्न सकिन्छ :-

## ३.२.१ कथावस्तु (कथानक)

कथानक एकाङ्कीको मूल धरातल हो जसको पृष्ठभूमिमा एकाङ्की अगाडि बढेको हुन्छ । एकाङ्कीमा कथानकभित्र एकाङ्कीको सम्पूर्ण तत्वहरुको समायोजन भएको पाइन्छ । यसरी एकाङ्कीका

---

[२२] साझा प्रकाशन, **नेपाली एकाङ्की भाग-२**, पृ.४ ।

तत्वहरु कथानकभित्र समायोजन भएर आएपनि ती तत्वहरुको पनि आ-आफ्नै प्रकारको अस्तित्व भने रहेकै हुन्छ । यसबाट के बुझ्न सकिन्छ भने एकाङ्कीका सबै तत्वलाई आपसमा संयोजित वा परस्पर सम्बद्ध बनाउने तत्व नै कथानक हो । कथानक भनेको एकाङ्कीमा समावेश हुने सम्पूर्ण विषयको संरचना हो ।

कथानकको संगठनलाई पूर्वीय संस्कृत काव्यशस्त्रमा बीज, बिन्दु, पतका, प्रकरी र कार्य गरी पाँच भागमा विभाजन गरिएको पाइए तापनि यी सबै पक्ष समावेश भएको कथानकको पूर्णरुप एकाङ्कीकमा प्राय हुँदैन, किनभने एकाङ्कीले जीवनको एक क्षण वा पक्षको मात्र चित्रण गर्दछ र नाटक विस्तारित भएर महानाट्क बने जस्तो एकाङ्की विस्तारित हुन सक्दैन । त्यसैले छोटो छरितोपन नै एकाङ्कीको विशेषता हो । पाश्चात्य समीक्षाशास्त्रअनुसार एकाङ्कीको कथानकलाई आदि, मध्य र अन्त्यमा विभाजन गरिएको पाइन्छ । एकाङ्कीको कथानक जीवनको एक विशिष्ट क्षणलाई अंगाली छिटो - छरितो र तीव्र गतिशील हुने भएकोले यसमा नाटकमा जस्तो उपकथा आदिको सम्भावना प्राय हुँदैन । यीनै कारणले गर्दा सफल नाटकमा सङ्कलन त्रयको सिद्धान्त पनि कलात्मक उच्चताको साथ पालन गरिएको हुन्छ । यसैको कलात्मक विन्यासमा पाठक दर्शक विश्मत, मोहित र प्रभावित हुने गर्दछ । सङ्कलन त्रयको कलात्मक विन्यास वहुदृश्यात्मक एकाङ्कीमा प्रायः सम्भव हुँदैन । त्यसैले पहिला-पहिला एकाङ्कीभित्र दृश्य विभाजन गर्ने चलन भए पनि अचेल प्राय एउटैमात्र दृश्य भएको एकाङ्कीको प्रचलन चलेको पाइन्छ ।

### ३.२.२ पात्र (चरित्र-चित्रण)

चरित्र चित्रण कथानक पछिको महत्वपूर्ण रुपमा आउने तत्व हो पात्र भनेको एकाङ्कीमा आउने विभिन्न मानिस र प्रतीकात्मक जीवजन्तु वा वस्तु हुन भन्ने बुझ्नुपर्दछ । एकाङ्कीमा पात्रहरुकै व्यवहारले विभिन्न घटनाहरु घटाउने गर्दछ र कथानकले मूर्तरुपमा प्रकट हुने र गतिशील हुने गर्दछ । त्यसैले एकाङ्कीमा कथानक र पात्रको घनिष्ठ सम्बन्ध भएर अगाडि बढेका हुन्छन् । कथानकको मूल वा बाह्य द्वन्द्वसित अन्तरमिश्रित भएर पात्रमा आन्तरिक द्वन्द्वको सृजना वा विकास हुन्छ अथवा पात्रको आन्तरिक द्वन्द्वले बाह्यद्वन्द्वको सृजना गर्दछ ।

पात्रका क्रियाकलापको माध्यमबाट एकाङ्की प्रस्तुत हुने भएकोले एकाङ्कीलाई यथार्थ बनाउन चरित्र निर्माणमा मनोबैज्ञानिकताको आवश्यकता हुन्छ । एकाङ्कीको आकार छोटो हुने भएकोले यसमा

पात्रहरुको बहुलता त्यति उचित हुँदैन । त्यसैले अनावश्यक पात्रहरु लिनु भन्दा थोरै पात्रको प्रयोगले एकाङ्कीको अभीष्ट कसरी पूरा गर्ने भन्ने कलात्मक पात्रको चयन गर्नु उपयुक्त हुन्छ ।[२३]

एकाङ्कीमा पात्रको मितव्ययिताको आवश्यकता पर्दछ । एकाङ्कीमा पात्रको  नाटकमा जस्तो क्रमिक विकास नभएर निश्चित चरित्र लिएर आएको हुन्छ । तापनि द्वन्द्व संघर्ष र एकाङ्कीगत अन्य घटनाले पात्रको चारित्रिक घटनाले पात्रको चारित्रिक परिर्वतन वा परिर्वतनको संकेत आदि चाहि सम्भव देखिन्छ । पात्रका कृयाकलाप र संवाद आदिवाट उसको चरित्रको निर्धारण हुन्छ । पात्रको चारित्रिक स्वभाव र एकाङ्कीमा प्रयुक्त भूमिका आदि विभिन्न आधारमा विभिन्न प्रकारले वर्गीकरण गरेको पाइन्छ ।

## ३.२.३ वातावरण

एकाङ्कीमा प्रस्तुत हुने स्थान समय र परिवेशलाई देशकाल परिस्थिति भनिन्छ । यही देश, काल र परिस्थिततिको समुच्चायक नाम वातावरण हो । मानव जीवन वातावारणबाट सधैं प्रभावित हुनेहुनाले जीवनकै एक पक्षको चित्रण गर्ने एकाङ्कीको कुनै क्रियाकलाप देशकाल परिस्थितिसित सम्बद्ध हुन्छ । वातावारणको सफल निर्वाहले एकाङ्कीमा घटना र पात्रलाई सजीव बनाउँछ र कलात्मकभ्रम सिर्जना हुन्छ । एकाङ्कीमा वर्णन वा प्रस्तुत गरिने स्थान, कोठाको सजावट वा अवस्था, भेशभूषा इत्यादि पनि वातावारणको एक पक्ष हो । तर यो मात्रै वातावारणको सम्पूर्णता भने होइन । यस प्रकारका बाहिरी वातावरणले एकाङ्कीमा विश्वसनीयता र यथार्थ समरुपताको निर्माणमा मद्दत पुग्दछ । कथानकको अन्तर विकास र चरित्राङ्कन वा चरित्रको विकासमा पनि वातावरणको पूर्ण भूमिका रहेको पाइन्छ ।  समयासापेक्ष जीवनपद्धति सामाजिक राजनैतिक प्रकृति परिवेश आदिले नै द्वन्द्व र सङ्घर्षको सृजना हुन्छ । त्यसैले एकाङ्कीमा वातावरणले कालात्मक भ्रम सृजना गर्नका साथै गतिशीलता ल्याउनमा पनि मद्दत गर्दछ । अतः यी सबका लागि वातावरणको उचित निर्वाह हुन आवश्यक छ । एकाङ्कीमा वातावरण आफै साध्य नभएर कथानक र चरित्रलाई सजीव र विश्वसनीय र प्रभावकारी बनाउँने माध्यम हो । एकाङ्की दृष्यात्मक विधा भएकोले अभिनय, संवाद, भेशभूषा, रङ्गमञ्च सजावट वा वर्णन प्रवृत्ति  पक्षबाट पनि जीवन्त वातावरण सृजना गरी एकाङ्कीलाई प्रभावकारी र विश्वासनीय बनाउनु पर्दछ । यस प्रकार एकाङ्कीलाई पूर्ण गर्न वातावरण (परिवेश) अनिवार्य तत्वको रुपमा लिन सकिन्छ ।

---

[२३] साझा एकाङ्की भाग-२, पृ.६ ।

## ३.२.४ सवांद

संवाद एकाङ्कीको आधारभूत तत्व हो । यसैका माध्यमबाट एकाङ्की प्रकट हुन्छ भने संवादले नै पात्रहरुलाई जीवन र गति दिइरहेको हुन्छ र संवाद कै माध्यमबाट पात्रहरुले कथानकलाई गतिशील तुल्याइएरहेको हुन्छ । यसलाई कथोपकथन पनि भन्ने गरिन्छ । संवादकै माध्यमबाट एकाङ्की र नाटक प्रकट हुन्छ र यही कारणले गर्दा यो विधा साहित्यका अरु विधाभन्दा भिन्न हुन्छ । त्यसैले संवाद उपन्यास, कथा, कविता आदिका लागि वैकल्पिक शैली विशेष हो भने एकाङ्की र नाटक विधाका लागि अनिवार्य तत्व हो । एकाङ्की उपन्यास र कथामा जस्तो एकाङ्कीकारले प्रत्यक्षकथनको प्रयोग प्रायः गर्न नसक्ने भएकोले वातावरण सृजनाको काम पनि अधिकांशतः संवादकै माध्यमबाट भएको हुन्छ । एकाङ्कीमा कलात्मक भ्रम सृजना र साधारणीकरण हुने खालको संवादको प्रयोग हुनु पर्दछ । साधारण बोलीचालीको र सबैले बुझ्ने खालको संवाद एकाङ्कीमा प्रयोग गर्नु पर्दछ ।

संवाद पात्रको गुण स्वभाव अनुसारको हुनुपर्दछ जसले पात्रको व्यक्तित्व उद्घाटित गरेको हुनुपर्दछ । मुख्यतया संवाद एकाङ्कीको वातावरण अनुकुल जीवनकल्प अनुरुप औचित्यता, स्वाभाविकता र संक्षिप्तता सहित पात्रका भावना विचार क्रियाकलाप सबैलाई आफूभित्र सन्निहित गरेको मनोभावपूर्ण मनोवैज्ञानिक हुनुपर्दछ । संवादको विभाजन धेरै प्रकारले गर्न सकिन्छ । प्राचीन कालमा प्रयुक्त नियत श्राव्यजस्ता संवादात्मक भेद आज त्यति समय सापेक्ष मानिदैन भने नेपथ्योक्ति, एकालापजस्ता संवाद आज पनि प्रयोगमा छन् । संवादमा व्यवहारपक्ष स्वभाववविक, प्रवाहमयता, उद्देश्य सापेक्ष औचित्य र संक्षिप्तता हुनु अनिवार्य छ । यसप्रकार एकाङ्कीमा संवाद तत्वलाई एक अनिवार्य तत्वको रुपमा लिएको पाइन्छ ।

## ३.२.५ उद्देश्य

कुनै पनि कार्यगर्दा एक न एक उद्देश्य लिएको हुन्छ । साहित्य सिर्जनमा रम्ने सर्जकले समेत कुनै कुरालाई आफ्नो साहित्यिक प्रतिभा मार्फत केही सन्देश दिन खोजेको पाइन्छ । त्यही सन्देशलाई उद्देश्य मानिन्छ । साहित्यका अन्य विधामा जस्तै एकाङ्कीमा एकाङ्कीकारले केही न केही कुरालाई ब्यङग्य गरेको हुन्छ वा केही महत्वपूर्ण विषयलाई उद्घोष गर्ने प्रयास गरेको हुन्छ । यो नै एकाङ्कीको एक अनिवार्य तत्व हो । एकाङ्कीमा उद्देश्य टट्कारो रुपमा उपस्थित भएको त्यति चाखालाग्दो मानिदैन अतः एकाङ्कीको विषयवस्तुबाट पाठक दर्शकमा हुने भाबोद्वोधनमा एकाङ्कीको

उद्देश्य कलात्मकता साथ लिप्त हुन्छ । एकाङ्की एकान्वितिका साथ जीवनको एक पक्षको चित्रणमा प्रवृत्त हुने भएकोले यो एकोद्देश्यमूलक हुन्छ र उद्देश्य प्राप्तिको लागि यसको कथानक तीव्र गतिमा गतिशील हुन्छ । एकाङ्कीको खास विकास आधुनिक कालमा भएको हुनाले युगानुकुल जीवनबारे महत्वपूर्ण भाव वा पक्ष अनुभूति  गराउने उद्देश्य नै आधुनिक सफल एकाङ्कीको रहेको हुन्छ जसका निम्ति जीवनदृष्टि अनुकूल बौद्धिक ओज पनि आवश्यक हुन्छ ।

## ३.२.६ भाषाशैली

भाषाशैली एकाङ्कीको अनिवार्य तत्व हो । जुन सरल स्पष्ट र प्रेक्षकका लागि सुबोधगम्य हुनुपर्छ । एकाङ्कीको विषयवस्तुलाई प्रस्तुत गर्ने ढाँचा नै एकाङ्कीको शैली हो । भाषिक संरचनाकै सहायतामा शैलीको निर्माण भएको हुन्छ । एकाङ्कीमा सरल भाव विचारलाई आकर्षक ढङ्गमा जटिल भाव विचारलाई स्वाभाविक भाषामा प्रयुक्त हुनुपर्ने हुन्छ ।

एकाङ्कीमा पद्यात्मक भाषा कृतिम हुने भएकोले गद्यभाषालाई नै प्रश्रय दिएको पाइन्छ । पात्रको स्तरलाई ध्यान राख्दै बौद्धिक ओज स्तरीयता एवं सामान्यात्मकता जस्ता कुरालाई  भाषाले संवहन गरेको हुनुपर्छ । जो भएपनि सरल स्पष्ट सन्तुलित स्वाभाविक र प्रभावात्मक भाषा प्रयोग हो भन्नुपर्दछ । भाषाको सरलताका नाममा ज्यादै हल्का अर्थात वकमफुसे भाव र भाषाको कुनै अर्थै हुँदैन । अतः एकाङ्कीको उद्देश्य वा जीवनदृष्टि अनुरुप भाव संवेद्य ओजपूर्ण भाव, भाषा र शैलीको आवश्यकता हुन्छ ।

एकाङ्कीमा प्रतीकात्मकता तथा लयात्मकता र विशेष विशिष्ट वाह्य आन्तरिक्त शैली ढाँचाको सुगठन गरिएको हुनुपर्दछ । जसमा आन्तरिक शैली पक्षमा एकाङ्कीकारको कौशलतामा भर पर्दछ भने वाह्य ढाँचामा ह्रस्यव्यङ्ग्य शैली, अलङ्कृत शैली र उखानटुककाको निख्खारात्मक प्रयोग बौद्धिकता ओजरुपता र प्रभावोत्पादक जस्ता कुरालाई शिल्पात्मक रुपमा संयोजित गरिएको हुनुपर्दछ भने वाह्य गठनका दृष्टिले यसमा सरल र गुम्फित शैलीको प्रयोग गरिएको हुन्छ । सरल शैली साना वाक्य विन्यास र गुम्फित शैली विभिन्न वाक्यांशले सजिएको हुन्छ । एकाङ्कीमा संवादात्मक भाषाको प्रयोग हुन्छ भने त्यसलाई वर्ण विवरणात्मक ढङ्गले निर्देश गरिएको हुनुपर्दछ ।

### ३.२.७ द्वन्द्व सङ्घर्ष

आजको मानवीय जीवनमा अन्तर्वाह्य द्वन्द्व संघर्षहरुले प्रभावित भइरहेको छ भने त्यसको अनुकृति एकाङ्कीमा पनि यस द्वन्द्व सङ्घर्षलाई अनिवार्य तत्व स्वीकारिएको छ । पात्रहरुको बीचमा बैचारिक वेमेल देखाएर आन्तरिक्त द्वन्द्व गराएको पाइन्छ भने विभिन्न घटनात्मक क्रिया - प्रतिक्रिया वकोवाक आदिमा वाह्य सङ्घर्ष परिलक्षित भएको हन्छ । द्वन्द्वले एकाङ्कीमा कथाबस्तुलाई चरमउत्कर्षमा पुऱ्याउँछ र निर्णायक मोडतिर उन्मुख गराउँदछ । द्वन्द्व सङ्घर्षले एकाङ्कीको सम्पूर्ण प्रकरण प्रसङ्गमा विश्वनीयता उत्पन्न, संवेदना सहानुभूति र प्रभावमुख बनाउँन महत्वपूर्ण भूमिका खेल्दछन् । यसप्रकार एकाङ्कीमा द्वन्द्वसङ्घर्ष एक महत्वपूर्ण र अनिवार्य तत्व मान्नु पर्दछ ।

### ३.२.८ अभिनेयता (मञ्चनीयता)

विशेष गरी एकाङ्की मञ्चमा प्रर्दशन गर्नकैलागि रचना गर्ने गरिएको पाइन्छ । यसर्थ यसको अभिनेयता अनिवार्य तत्व हो । एकाङ्की दृश्य विधा भएकोले एकाङ्कीकोलागि मञ्चको आवश्यकता हुन्छ । मञ्चमा मञ्चन योग्य हुने गरी मात्र एकाङ्कीहरुको रचना भएको हुन्छ । एकाङ्कीलाई विस्तृत वातावरण भन्दा सानो अवधिमा पूरा हुने वातावरणको सृष्टि गरिनुपर्छ । सफल अभिनय पक्ष एकाङ्कीको प्राणीय तत्व हो भन्नुपर्छ । अभिनयको कसीमा उत्रेर कुनैपनि एकाङ्की ससक्त कलात्मक र प्रयावात्मक हुन सक्नु नै उसको कलात्मक खुवी हो मूलतः संवादका माध्यमबाट अनेक हाउभाउ प्रर्दशनबाट जुन एकाग्रता मञ्चमा प्रस्तुत गरिन्छ सही अर्थमा त्यसलाई नै अभिनय भनिन्छ जसको उचित आयोजनामा सबै प्रकारका सम्भावनाहरुले कलात्मक प्रभावात्मक परिणति परिमाण वेहोर्न पुगेका हुन्छन् । यसप्रकार मञ्चनीयता एकाङ्कीको महत्वपूर्ण तत्व हो ।

## ३.३ आधुनिक नेपााली एकाङ्कीको विकासक्रममा राधिका राायाको उपस्थिति

आधुनिक नेपाली साहित्यको सबैभन्दा कान्छो विधाको रुपमा एकाङ्कीलाई मानिन्छ । विश्व साहित्यमा देखिएको पट-उन्नायक कै पृष्ठभूमिबाट विकसित भएको एकाङ्की विधा नेपाली साहित्यमा आधुनिक कालमा धेरै पछि मात्र देखापरेको पाइन्छ । विशेषत यो विधा नेपाली साहित्यको आधुनिक कालमा मात्र झुल्किन पुगेको देखिन्छ । हाल आएर यो विधाले सात

दशक भन्दा बढी लामो समय बिताई आफ्नो लामो यात्राको क्रममा आफ्नो साहित्यिक अग्रतालाई कायम गर्न सफल भएको देखिन्छ ।

अहिलेको समय ज्यादै व्यस्ततामा दैडिरहेको युग हो । यस्तो छोटो समयको पावन्दी र वेफुसर्दीको युगमा लामो समय मनोरञ्जनमा दिन कठीन रहन गएकोले छोटो समय मिठो मनोरञ्जन लिने खालको साहित्यक विधाको महसुश नेपाली साहित्य जगतमा पनि भईरहेको थियो । यस्तै समय वि.स. १९८९ मा 'आत्मभिमान' नामक एकाङ्की एक छद्म नामधारी लेखकबाट लेखिएको पाइन्छ । यसै एकाङ्कीबाट नेपाली एकाङ्कीको लेखन कार्य सुरु भएको मान्न सकिन्छ । यस एकाङ्कीको प्रकाशन भारतको देहरादुनको गोर्खा पत्रिका वर्ष ४ को अंक १ मा भएको पाइन्छ । यसका अतिरिक्त नेपाली माटोमै एकाङ्की लेखनको थालनीलाई लिएर अनुसन्धान गर्दा वालकृष्ण समको प्रेम (१९९३) एकाङ्की पाण्डुलिपिका रुपमा अप्रकाशित रहेको देखिन्छ । उक्त एकाङ्कीको मञ्चन भने दरवार हाइस्कूलमा भएको पाइन्छ । त्यसपछि नेपाली साहित्यको क्षेत्रमा एकाङ्कीले क्रमश आफ्नो यात्रा गर्दै आएर आज सम्म पनि द्रुतत्तर गतिमा अगाडि बढिरहेको पाइन्छ ।

यस प्रकार नेपाली एकाङ्कीको विकास प्रवास र स्वदेशमा दुवै ठाउँबाट सुरुवात भई विकास र उत्कर्षको यात्रा गर्दै अघि बढिरहेको छ । नेपाली एकाङ्की विधाको आजसम्मको विकासक्रमलाई खुट्याउनु पर्दा यसले पाँच वटा चरणहरू पार गरेको पाइन्छ । यिनै विकासक्रमका विषयमा छोटकारीमा उल्लेख गर्दै राधिका रायाको उपस्थितिका विषयमा निर्क्योल गर्ने प्रयास गरिएको छ । यी विकासक्रमलाई यसप्रकार देखाउन सकिन्छः-

### ३.३.१ प्रथम चरण (१९८३ देखि २००३)

नेपाली एकाङ्कीको सुरुवात विक्रमको बीसौं शताब्दीको नवौं दशकदेखि सुरु भएको हो तापनि यसको क्रमबद्ध इतिहास भने अन्तिमदशक देखि आरम्भ भएको देखिन्छ ।[२४] सर्वप्रथम एकाङ्की नाट्य विधाको सिलान्यास आत्मभिमान (१९८९), प्रेम (१९९३), जब पूर्वपश्चिम हुन्छ (१९९६) बाट भएको पाइन्छ । त्यसमा आत्मभिमान र जब पूर्वपश्चिम हुन्छ एक छदमनाधारी एक अनुभवीद्वारा लेखिएको पाइन्छ भने प्रेम वालकृष्ण समको प्रथम एकाङ्कीको रुपमा देखा परेको पाइन्छ । एकाङ्की लेखन कार्यको रुपमा हेर्दा प्रवासमा एक छद्मनामधारी अनुभवी लेखक र नेपालमा वालकृष्ण समलाई लिन सकिन्छ । पुस्तकाकार रुपमा एकाङ्कीलाई प्रकाशन गर्ने श्रेय भने भीमनिधि

[२४] साझा प्रकाशन, **नेपाली एकाङ्की भाग-२**, पृ.१० ।

तिवारीको काशी वास (१९९८) लाई मान्न सकिन्छ। यसरी अगाडि बढेको नेपाली एकाङ्कीको यात्राले वालकृष्ण समको वोक्सी र पुस्कर शमसेरको लक्ष्यहीन, शारदा नववर्षाङ्क वि.स. १९९९ मा प्रकाशनमा आए पछि बलियो जग बनाउने प्रयास गरेको देखिन्छ । यसपछि प्रवासमा भारतमा टीकाराम शर्मा, मिलनकुमार धमाला, नरेन्द्रसिंह शाक्य, हरिप्रसाद गोर्खा राई र नेपालमा जितेन्द्रबहादुर शाहले एकाङ्की विकासक्रममा टेवा पुऱ्याएको देखिन्छ।

यस चरणका एकाङ्कीहरुमा सामाजिक समस्या प्रस्तुत गरी सुधारको सन्देश दिइएको पाइन्छ । साथै यस चरणका एकाङ्कीहरुमा देशप्रेमको स्वर पाइन्छ । अर्न्तमनका भाव र यर्थाथको चटारो समेत यो चरणका एकाङ्कीमा भेट्न सकिन्छ । समग्रमा एकाङ्की नाट्य शिल्पको गतिशील शैलीतर्फ एकाङ्कीनाट्य कलाको समुन्नत रुपमा दर्शन यतिवेलाका एकाङ्कीहरुमा भेट्न सकिन्छ।[२५]

## ३.३.२ दोस्रो चरण (२००३-१२०१६)

नेपाली एकाङ्की विकासक्रमको यस चरणको विशेष गरी भीमनिधि तिवारी र हृदयचन्द्र सिंह प्रधान वलिया स्तम्भको रुपमा देखिन्छन् । यी दुई मध्ये हृदयचन्द्र सिंह प्रधान (१९६२-१२०१६) का छेउ लागेर (२००६), गंगालालको चित्ता (२०११) उनी देवता हुन (२०१५), कीर्तिपुरको युद्धमा (२०१६) एकाङ्कीहरु सङ्ग्रहहरु प्रकाशित भएका छन् । उनका एकाङ्कीहरुमा ऐतिहासिक, पौराणिक, विषयबस्तु पाइए तापनि सामाजिकताको प्रवलता, सामाजिकता जीवनमा क्रान्तिकारिता, प्रगतिवादिता आदि स्वरलाई मुखरित गरेको पाइन्छ । हृदयचन्द्र सिंह प्रधान पछि अर्को हस्तीका रुपमा रहको एकाङ्कीकार भीमनिधि तिवारी (१९६८-२०३०) का पाचँ ऐतिहासिक एकाङ्की (२००८), एकाङ्की पल्लव (२०११), एकाङ्की कली (२०२१) जस्ता तीन सङ्ग्रहहरू प्रकाशित छन् । जसमा ऐतिहासिक सामाजिक, पौराणिक विषयबस्तुलाई मञ्चन अनुकुल पार्दै हास्यब्यङ्ग्यात्मकतालाई समेत मीठो गरी प्रस्तुत गरिएको पाइन्छ । यसरी नेपालबाट यस चरणमा एकाङ्की लेख्नेहरुमा रुद्रराज पाण्डे, वदरीनाथ भट्टराई, गोपालप्रसाद रिमाल, गोविन्दबहादुर मल्ल गोठाले, विजय मल्ल, रमेश विकल आदि रहेका छन् भने प्रवासमा बसेर एकाङ्की क्षेत्रमा सेवा पुऱ्याउनेहरुमा गनुसिंह गुरुङ्ग, राधिका राया, तुलशीहादुर क्षेत्री, शिवकुमार राई आदि रहको छन्।

यसप्रकार यस चरणमा हृदयचन्द्रसिंह प्रधान र भीमनिधि तिवारीले सामाजिक ऐतिहासिक र हास्यब्यङ्ग्यात्मक एकाङ्की लेखेको पाइन्छ । आर्दशौंमुख यर्थाथावादी धाराका यी

---

[२५] **पूर्ववत्** पृ. १० ।

एकाङ्कीहरुले समाजका कुरीति अन्धविश्वास, गरिवी, अशिक्षा, दुर्व्यसन,जातीय भेद्भाव आदिकाबारेमा प्रकाश पारी समाजसुधार र परिर्वतनको चेतना ल्याउन अनि देशप्रेम तथा राष्ट्रियता र राष्ट्रिय सद्भावना जगाउन खोजेका छन् । फणीन्द्रराज खेताला, गुनसिंह गुरुङ्ग, राधिका राया, तुलसीबहादुर क्षेत्री, शिवकुमार राई आदिले पनि यस्तै धाराका शिक्षाप्रद एकाङ्की लेखेर स्थानीय नेपाली समाजलाई बाटो देखाउन खोजेका छन् । रुद्रराज पाण्डेले ऐतिहासिक एकाङ्की दिएर ऐतिहासिक घटना र व्यक्तित्वसित परिचय गराउन खोजेका छन् । साामाजिक समस्यामूलक यर्थाथावादी तथा मनोविश्लेषण एकाङ्की नाट्यधारालाई अगाडि बढाउन विजय मल्ल गोविन्द बहादुर गोठाले, गोपालप्रसाद रिमाल, राधिका राया आदिको योगदान विशिष्ट रहेको देख्न सकिन्छ ।

यस चरणमा अन्यगतिविधिमा प्रगति, हिमाली, रुपरेखा, रत्नश्री जस्ता पत्रिकामा एकाङ्की प्रकाशित हुनु, विद्यालय, महाविद्यालय, पर्व पूजाका अवसरमा एकाङ्की मञ्चन हुनु र वि.स. २०१८ देखि रेडियो नेपालबाट रेडियो रुपक प्रसार हुनु, त्यसका लागि रुपक एकाङ्की लेखिनु जस्ता गतिविधि नेपाल भित्र देखिन्छन् भने देशबाहिर प्रवासका गोर्खा दुःखनिवारक सम्मेलन, हिमालय कला मन्दिर, नाट्यकला निकेतन आदिले एकाङ्की प्रर्दशन एवम् प्रतियोगितात्मक आयोजना सहित आकाशवाणी खर्साङ्ग, गोहाटी, दिल्ली रेडियो केन्द्रबाट रुपक एकाङ्की प्रसारण गर्ने जस्ता कार्यहरु भएका र तीनले एकाङ्कीको विकासक्रममा महत्पूर्ण योगदान दिएको पाइन्छ ।

### **३.३.३ तेस्रो चरण** (२०१७-२०२९)

जीवनलाई हेर्ने नयाँ दृष्टिको प्रयोग हुँदै चेतनाको नयाँ स्वरुप प्रस्तुत गर्दै प्रयोगवादी लेखनको थालनी भएदेखिको समयलाई एकाङ्कीको तेस्रो चरणमा राखेको पाइन्छ । यसरी एकाङ्की लेख्ने एकाङ्कीकारहरुमा चेतबहादुर गुरुङ्ग, मोहनराज शर्मा, शङ्कर कोइराला, धुस्वाँ सायामी वेञ्जु शर्मा ,ईश्वर वल्लभ आदि प्रमुख रुपमा रहेका छन् । प्रवासमा कुमार घिसिङ्ग, मनबहादुर गुरुङ्ग, मनबहादुर मुखिया, मोहन थापा, सानुभाइ शर्मा, हरिभक्त कटुवाल जस्ता एकाङ्कीकारहरुले एकाङ्कीमा कलम चलाएका छन् ।

यस चरणमा परम्परावादी ढाचाँमा नै एकातिर समाजसुधारका भावनाले प्रेरित एकाङ्कीहरुले निरन्तरता दिएको पाइन्छ भने अर्को तर्फ आधुनिक युगबोध (अस्तित्ववादी विसंगतिवादी चेत) ले युक्त एकाङ्कीका साथै प्रयोगवादी एकाङ्की लेखनमा नयाँ नयाँ आयाम थपिए । प्रयोगवादी एकाङ्कीकारका रुपमा मोहनराज शर्मा, ईश्वर वल्लभ र मनबहादुर मुखियाको अग्रिम भूमिका

देखापरेको पाइन्छ । यी प्रयोगवादी एकाङ्कीहरुमा स्वैरकलपनाका अधारमा सामाजिक विसङ्गति देखाइएको छ र समकालीन यथार्थ प्रति ब्याङ्ग्य गरिएको देखिन्छ भने सामाजिक मूल्य र मान्यतालाई तोड्ने विद्रोह भाव पनि प्रकट गरिएको पाइन्छ ।

## ३.३.४ चौथो चरण (२०३०-२०४६)

तेस्रो चरणमा देखिएको प्रयोगवादी लेखनशैली वा प्रवृतिलाई अङ्गीकार गर्नु चौथो चरणको मूल प्रवृति हो । जसमा पुराकथा, आदि विम्बको उपयोग स्वैरकल्पनात्मक प्रस्तुति प्रतीकात्मक शैली निर्वाह ब्याङ्ग्यात्मक प्रखरता एवं अभिब्यञ्नात्मक यस प्रयोगवादी नाट्य चरणका प्रयोगधर्मी विशेषता हुन पुगेको छ ।

यस चरणमा देखा परेका प्रयोगवादी एकाङ्कीकाहरुमा अशेष मल्ल, सरुभक्त श्रेष्ठ, गोपाल पराजुली, ध्रुवचन्द्र गौतम, शिव अधिकारी आदि हुन् भने प्रयोगधर्मी उल्लेख एकाङ्कीहरुमा राजव, शिवहरी मुड्भरी, चुडानाथ भट्टराय, लोकेन्द्रबहादुर चन्द, नन्द हाङखिम तथा प्रवास भारतका आई.के. सिह आदि उल्लेखनीय छन् । यिनीहरू चरणगत परम्पराधर्मी एकाङ्कीकारका रुपमा देखा परेका छन् ।

यस चरणमा रुपक, सडक, नाटक आदिको समेत प्रवलता रहेको पाइन्छ । रेडियो रुपक एकाङ्कीकाहरुमा फणीन्द्रराज खेताला, ईश्वर वल्लभ, जितेन्द्र महत अभिलाषी, बासु शशी, हरिप्रसाद रिमाल, रमेश विकल आदि देखिन्छन् भने भारत प्रवासका दिल्ली, खर्साङ्गतिरका हरिप्रसाद गोर्खा राई, आई. के. सिंह तुलसीबहादुर क्षेत्री, शिवकुमार राई सानुभाइ शर्मा, तिलक राई आदिले एकाङ्की लेखन र प्रसारणमा विशेष योगदान दिएका छन् ।

यस चरणका एकाङ्की गतिविधिहरुमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको गाईजात्रा महोत्सव तथा वि.स.२०३५ देखिको नाट्य प्रतियोगिता आयोजना एवं अशेष मल्लको सक्रियतामा सर्वनाम नाट्य समूह नामक संस्थाको सडक नाटक मञ्चन तथा प्रर्दशनले एकाङ्की यात्राको विकासमा महत्वपूर्ण योगदान दिने काम गरेको पाइन्छ ।

## ३.३.५ पाँचौ चरण (वि.स. २०४७ देखि हाल सम्म)

यस चरणममा संख्यात्मक रुपमा एकाङ्की लेखन र मञ्चन भन्दा गुणात्मक रुपमा उत्कृष्ट एकाङ्कीहरु प्रकाशित भएको पाइन्छ । अहिले एकाङ्कीहरु कताकति पत्रपत्रिकामा कताकति फाटफुट झल्याक झुलुक रुपमा उदाउन पुगेको दुर्लभ कृतिका रुपमा एकाङ्की यात्राको विकास अघि बढिरहेको पाइन्छ ।

यस चरणका एकाङ्कीकारहरुमा मोहनराज शर्मा, शङ्कर कोइराला, केशवराज पिडाली, जितेन्द्र महत अभिलाषी, श्यामदास वैश्णव, मनिक्रमराज शर्मा, राजु पुडाशैनी आदि रहको देखिन्छ ।

विषयबस्तु र प्रवृति दृष्टिले स्वैरकल्पनात्मक प्रयोगवादी हास्यब्यङ्ग्यात्मक र समाजका विकृति विसङ्गतिप्रति तीक्ष्ण ब्यङ्ग्य प्रहार गरेको पाइन्छ । यसप्रकार यस चरणका एकाङ्कीहरु प्रयोगात्मक, वोझिल र जटिल हुन पुग्नुका साथै संरचनात्मक ऐक्य प्रभाव र सुसंगठनका हिसावले एकाङ्कीकलालाई उत्कृष्टताको चुलीतिर सख्यात्मक दृष्टिले नगन्ये भए पनि गुणात्मक दृष्टिले भने उकाली चढ्न सक्षम हुदै अधि बढिरहेको देखिन्छ । साथै जटिल एकाङ्की मात्रै होइन सुवोध, सरल र कलात्मक एकाङ्कीहरुले समेत सामाजिक विषयलाई राम्ररी समातेर एकाङ्कीकलालाई उभो उचाल्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्न पुगेको देखिन्छ ।

यस प्रकार विभिन्न चरणहरु पार गदै आएको एकाङ्कीले नेपाली साहित्य आकाशमा एउटा दृष्य साहित्यिक स्तम्भको काम गरेको छ । यही विधाको वीचमा एकाङ्कीकार राधिका राया नारी एकाङ्कीकारका रुपमा देखा परेकी हुन् भन्न सकिन्छ ।

नेपाली एकाङ्की यात्राको दोस्रो चरणमा देखा परेकी राधिका रायाले विभिन्न फुटकर एकाङ्कीहरु लेखेकी छन् । यिनै एकाङ्कीहरुलाई समेटेर प्रा. चूडामणि रेग्मीको सम्पादनमा जुही प्रकाशन, झर्रो नेपालीघर भद्रपुर झापाले २०५९ सालमा जीवनको इच्छा नामक एकाङ्की सङ्ग्रह प्रकाशित गरेको पाइन्छ । यस एकाङ्कीसङ्ग्रह भित्रका सबै एकाङ्कीहरुको अध्ययन विश्लेषण गर्दा राधिका रायालाई एकाङ्की विकासक्रमको दोस्रो चरण (२००३-२०१६) मा समेट्न सकिन्छ ।[२८]

राधिका रायाको एकाङ्की उनको लेखन समयका कथा भन्दा दोस्रो ठूलो विधाका रुपमा संख्यात्मक र गुणात्मक रुपमा सफलता पाएको विधा हो । उनको प्रथम एकाङ्की रचना सन् इ.स. १९५४ मा भारतीको वर्ष ७ अंक ७ मा प्रकाशित 'आर्दशदीप'लाई लिन सकिन्छ

[२६] साझा प्रकाशन, **नेपाली एकाङ्की** भाग-२, पृ. १२ ।

भने सोही वर्ष भारती को वर्ष ७ अंक १० मा 'जीवनको इच्छा' नामक अर्को एकाङ्की प्रकाशित भएको पाइन्छ ।[२७] राधिका राया सिङ्गापुरस्थित सैनिक आकाशवाणी रेडियो रुपक तथा एकाङ्की नाटक प्रतियोगितामा उनको जीवनको इच्छा एकाङ्कीले प्रथम स्थान पाएको र पुरस्कृत भएको देखिन्छ ।

एकाङ्कीकारका रुपमा राधिका रायाको वर्तमानसम्ममा एक मात्र एकाङ्की सङ्ग्रह जीवनको इच्छा (२०५९) प्रकाशित भएको छ । यस सङ्ग्रह भित्र सङ्ग्रहित एकाङ्कीहरुमा जीवनको इच्छा, प्रेमको प्रतीक, प्रतिशोध, अधुरो कहानी, मुरली, म फर्केर आएं, आर्दश प्रेम र मैले भूल गरें गरी आठ वटा रहेको देखिन्छ । रायाले जुनसमयमा एकाङ्की रचना गरेको देखिन्छ तिनमा समय युग र समाजको आवश्यकता अनुरुप समकालीन विषयबस्तुलाई रोजेको पाइन्छ । रायाका एकाङ्कीहरुको केन्द्रीय स्वर समाज सुधारको आग्रह र जीवनलाई सत्मार्गतर्फ लैजाने संकेत गरेको देखिन्छ । त्यस वेलाका समाजको अल्पशिक्षित दर्शक र पाठकहरुलाई सहजतापूर्वक प्रभाव पर्ने किसिमको कथाबस्तुको रोजाई र तिनकै अनुरुप भाषशैलीको प्रयोग रायाका एकाङ्कीहरुमा पाइन्छ । नारी पात्रको केन्द्रीयतामा रचिएका एकाङ्कीहरुमा पात्रको कम प्रयोग, कथाबस्तुमा यथार्थलाई प्रस्तुत गर्नु नारी पात्र तथा प्रवासी नेपालीका पीडालाई नाङ्गो रुपमा प्रस्तुत गर्ने र गरीवको विषयमा कलम चलाउने प्रगतिवादी एकाङ्कीकार भएकाले उनलाई नेपाली एकाङ्कीको विकासक्रमको दोस्रो चरणमा ( २००३-२०१६) मा केन्द्रित गर्न सकिन्छ । उनका एकाङ्कीहरु २०११ देखि २००१६ भित्र रचिएको हुनाले उनका एकाङ्कीगत चरण विभाजन गर्नु त्यति सान्दर्भिक ठानिएन । "एकाङ्कीको क्षेत्रमा रायाले हुने विरुवाको चिल्लो पातको लक्षण देखाई सके तापनि यस विधालाई निरन्तरता दिनुबाट विमुख हुन नेपाली एकाङ्की साहित्यकै दुर्भाग्य र विडम्बनाका रुपमा मान्नु पर्ने देखिन्छ ।"[२८]

## ३.४ एकाङ्कीकार राधिका रायाका एकाङ्कीगत प्रवृत्ति

---

[२७] राधिका राया, **जीवनको इच्छा एकाङ्की संग्रह** (२०५९), पृ.९

[२८] रामलाल अधिकारी, एकाङ्कीकारका रुपमा श्रीमती राधिका राया, जीवनको इच्छा एकाङ्की सङ्ग्रह ।

आधुनिक नेपाली एकाङ्कीको दोस्रो चरणमा देखापरेकी  राधिका राया नेपाली साहित्यको नारी हस्ताक्षर हुन् । नारी जातिलाई शिक्षाको ज्योतिवाट बञ्चित गराउनै पर्छ भन्ने तत्कालीन विषम परिस्थितिमा रायाले करीव १० वटा एकाङ्की लेखेर त्यस्तो अन्धकारमय युगलाई चुनौति दिएकी छन् । त्यस्तो विषम परिवेशमा रचेका उनका एकाङ्कीहरूको अध्ययन गर्दा उनमा निम्नानुसार एकाङ्कीगत प्रवृतिहरु देख्न सकिन्छ ।

## ३.४.१ आदर्शोन्मुख यथार्थवादी एकाङ्कीकार

एकाङ्कीकार राधिका रायाले रचना गरेका एकाङ्कीहरुको तत्कालीन  विषम परिस्थितिको चित्रण उनका एकाङ्कीमा पाइनुले यथार्थ चित्रण पाइन्छ । तत्कालीन विषम परिस्थितिको चित्रण उनका एकाङ्कीमा पाइनुले यथार्थवादतिर ढल्केको पाइन्छ भने त्यस्ता समस्यालाई समाधान गर्ने बाटो देखाउँदै जीवन यस्तो हुनुपर्छ भन्ने आशय व्यक्त भएको पाइनुले आर्दशतिर ढल्केको पाइन्छ । यसप्रकार समाजको यथार्थ चित्रण गर्दै जीवनलाई चलाउने उपाय समेत देखाउदै जीवन जीउने शैलीको उल्लेख गरेकाले उनी आदर्शोन्मुख यर्थाथवादी एकाङ्कीकार हुन् भन्न सकिन्छ । जीवनका आरोह अवरोहलाई युग तथा समयसापेक्ष रुपमा विषयबस्तुलाई लिएर आफ्ना एकाङ्की रचना गर्दै समाजसुधार र जीवनलाई सत्मार्गतर्फ डोऱ्याउने आग्रह गरेको देखिन्छ

## ३.४.२ सामाजिक यथार्थवादी एकाङ्कीकार

एकाङ्कीकार राधिका रायाका एकाङ्कीहरुमा नेपाली ग्रामीण समाजको यथाथ चित्रण पाइन्छ । समाजका सामान्य पात्रहरूको प्रयोग गरी समाजमा घट्ने विविधखाले घटनाहरुको यथार्थ चित्रण उनका एकाङ्कीहरुमा पाइन्छ ।

## ३.४.३ नारीपात्रको केन्द्रीयतामा एकाङ्की रचना गर्ने एकाङ्कीकार

एकाङ्कीकार राधिका रायाका एकाङ्कीहरु प्राय जसो नारीको केन्द्रीय भूमिकामा रहेको छन् । आफू नारी भए पनि समाजमा रहेका नारीहरूका असल तथा खराव दुवै पक्षको नहिच्किचाई चित्रण गरेको पाइन्छ ।

## ३.४.४ सीमित पात्रको प्रयोग गर्ने एकाङ्कीकार

एकाङ्कीकार राधिका रायाका एकाङ्कीको सिद्धान्त अनुसार थोरै पात्र र छोटो कथानक भएको एकाङ्की पाइन्छ । कम्तीमा तीन र बढीमा पाँच जना पात्रको प्रयोग उनका एकाङ्कीमा पाइन्छ । त्यसकारण कम पात्रको प्रयोग गर्दै एकाङ्की रचना गर्नु उनको एकाङ्कीगत प्रवृति हो भन्न सकिन्छ ।

## ३.४.५ सरल भाषशैली प्रयोग गर्ने एकाङ्कीकार

एकाङ्कीकार राधिका रायाका एकाङ्कीहरुमा तत्कालीन समयमा प्रचलित सरल नेपाली भाषाको प्रयोग गरेको देखिन्छ भने लामा तथा छोटा दुवै थरी संवादको प्रयोग भएको पाइन्छ । एकाङ्की रचना समयका अल्पशिक्षित दर्शक र पाठकलाई सहजतापूर्वक प्रभाव पार्ने किसिमको कथाबस्तुको रोजाई  र तिनकै अनुरुप भाषाशैलीको प्रयोग गर्नु, सरल वोधगम्य भाषको प्रयोग वढी सरल र कममात्र गुम्फितशैली प्रयोग उनका एकाङ्कीगत प्रवृत्तिहरु हुन्  भन्न सकिन्छ ।

## ३.४.६ श्रृङ्खलित घटना भएको कथाबस्तुको चयन गर्ने एकाङ्कीकार

एकाङ्कीकार राधिका रायाका एकाङ्कीहरु कथा बस्तु आदि मध्य र अन्त्यमा नै रचिएको देखिन्छ । उनका एकाङ्कीहरुमा कथाबस्तुको सुरुवात श्रृङ्खलित रुपमा भएको पाइन्छ र क्रमशः अगाडि बढ्दै गएको चरम उत्कर्ष प्राप्त गरेपछि अन्त्यतिर ओह्रालो लाग्ने क्रम रहेको हुन्छ । यसप्रकारको कथाबस्तुको संयोजन उनका प्रायः सबै एकाङ्कीहरुमा पाइने भएको हुँदा उनको एकाङ्कीगत प्रवृति नै मान्न सकिन्छ ।

## ३.४.७ मञ्चन योग्य एकाङ्कीको रचना गर्ने एकाङ्कीकार

राधिका रायाका एकाङ्कीहरु प्राय सबै मञ्चन योग्य नै छन् । कतिपय एकाङ्कीहरु आकाशवाणी रेडियो खर्साङ्गबाट प्रसारण भइसकेका छन् उनका एकाङ्कीहरुमा “मैले भूल गरे” अपवादका रुपमा मञ्चन गर्न कठिन छन् भने अन्य एकाङ्कीहरु मञ्चन गर्न सकिने प्रकारका भएकाले उनको यस्ता प्रकारका एकाङ्की रचना गर्ने एकाङ्कीगत प्रवृति हुन् भन्न सकिन्छ ।

यसप्रकार एकाङ्कीकार राधिका राया आर्दर्शोन्मुख यर्थाथवादी, सामाजिक यर्थथावादी, नारीवादी, श्रृङ्खलित कथाबस्तुको रचना गर्ने मञ्चन योग्य एकाङ्कीको रचना गर्ने प्रवृति भएकी एकाङ्कीकार हुन भन्न सकिन्छ भने यिनै प्रवृत्तिहरुका आधारमा उनलाई नेपाली एकाङ्कीको विकासक्रमको दोस्रो चरणमा राखेर अध्ययन गर्न सकिन्छ ।

# परिच्छेद-चार

## ४.१ जीवनको इच्छा एकाङ्की सङ्ग्रहको परिचय

राधिका रायाद्वारा रचित एकाङ्कीहरूको सङ्गालो जुही प्रकाशन पुस्तकमाला १४ अन्तर्गत रहेको "जीवनको इच्छा" एक मात्र प्रकाशित एकाङ्की हो । जुही प्रकाशन झर्रो नेपालीघर लेखनाथ चोक चन्द्रगढी झापाबाट यस पुस्तकको प्रकाशन भएको साथै यस सङ्ग्रहलाई छाप्ने प्रबन्ध रायाकी सुपुत्री डा. रविना लेप्चाबाट भएको छ । पृष्ठ ११ देखिमात्र उल्लेख भएको यस पुस्तकको पृष्ठ ९८ सम्ममा जम्मा आठवटा एकाङ्कीहरु समावेश भएको देखिन्छ ।

प्रकाशनका तर्फबाट प्राध्यापक चुडामणि रेग्मी भन्नुहुदै "आफ्नो लामो साहित्यिक जीवनमा राधिका रायाले ऐतिहासिक रुपमा महत्वपूर्ण स्थान पाउने गरी विशेष रुपमा कथा र एकाङ्कीका क्षेत्रमा कलम चलाएको देखिन्छ तर पनि सामान्य चर्चा बाहेक भारतकालीन लेखिका रायाको योगदान ओझेलमा रहन गयो ।"[२९] नेपाल तथा भरतमा पुराना तथा नयाँ लेखक वर्गले रायाका बिषयमा पर्याप्त प्रकाश पारे । ती सामाग्रीको सार झिक्यौं भने राधिका राया नेपाली साहित्यका क्षेत्रमा अध्ययनीय नाम हो भन्ने हुन्छ । तसर्थ रायाका बारेमा छरिएर रहेका एकाङ्कीहरुलाई सङ्कलन गरी प्रकाशित गरिएको छ । आफ्नौ कुराहरु राख्ने सन्दर्भमा एकाङ्कीकार राया भन्नुहुन्छ- "सन् १९५४ देखि १९७१ सम्मका एकाङ्कीहरुको एक थुँगो गुँरास फूलको रुपमा प्रस्तुत गरेकी छु ।"[३०]

एकाङ्कीका रुपमा श्रीमती राधिका रायालाई चिनाउने प्रथम कार्य रामलाल अधिकारीबाट भएको देखिन्छ भने यस एकाङ्कीसङ्ग्रह भित्रको "मैले भूल गरें" शीर्षकको विवेचना मेची बहुमुखी क्याम्पस भद्रपूरकी नेपाली विभागकी उप-प्राध्यापक तारा विविधले गरेको पाइन्छ भने अन्य एकाङ्कीहरुको विस्तृत विश्लेषण हुन सकेको पाइँदैन ।

---

[२९] राधिका राया,**जीवनको इच्छा एकाङ्की सङ्ग्रह** (२०५९), भूमिकाबाट ।

[३०] **पूर्ववत्** ।

यस कृतिको मुख पृष्ठमा सेतामा निलो रङ्गले अस्पष्टरुपमा अङ्कित जीवनको दृश्यलाई देखाइएको छ । पुस्तकको सिरानमा रातो ठूलो अक्षरमा “जीवनको इच्छा” पुस्तकको नाम र पुच्छारमा राता साना अक्षरमा लेखकको नाम लेखिएको छ । आवरणको अन्तिम पृष्ठमा लेखकको तस्वीर, परिचय, पेशा, प्रकाशित कृति, पत्रकारितामा संलग्नता, पुरस्कार र सम्मान रहेको र दुबै आवरणको भित्री भागमा रायाको साहित्यिक ब्यक्तित्व बारेमा ब्यक्त गरिएका उद्‌गारहरु देखिन्छन् । नेपाली मूल्य ४० रुपैयाँ र भारतीय २५ रुपैयाँ पर्ने यस पुस्तकको टङकड नारायण प्रसाद र योगराज अधिकारीद्वयको सहयोगमा स्टार कम्प्यूटर इन्ष्टिच्यूट लेखनाथ चोक चन्द्रगढी झापाबाट भएको पाइन्छ । यस एकाङ्की सङ्ग्रह भित्रका एकाङ्कीहरुको विश्लेषण प्रकाशन बर्षका आधारमा क्रमशः गरिएको छ । एकाङ्कीकार रायाका एकाङ्कीहरुलाई प्रकाशन बर्ष प्रकाशक आदिको बिषयमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## ४.२ एकाङ्की-क्रम

| सि. न. | एकाङ्की | पृष्ठ संख्या | पहिलो प्रकाशन गर्ने पत्रिका/सम्पादकको नाम | सन् | वि.स.मा |
|---|---|---|---|---|---|
| १. | जीवनको इच्छा | ११ | भारती, पारसमणि प्रधान | १९५४ | २०११ |
| २. | प्रेमको प्रतीक | १७ | आकाशवाणी सैनिक केन्द्रबाट प्रकाशित | १९५५ | २०१२ |
| ३. | प्रतिशोध | २९ | आकाशवाणी सैनिक केन्द्रबाट प्रकाशित | १९५६ | २०१३ |
| ४. | अधुरो काहानी | | आकाशवाणी सैनिक केन्द्रबाट प्रकाशित | १९५७ | २०१४ |
| ५. | मुरली | ५३ | साहित्य संगम, गुमानसिंह चामलिङ | १९५८ | २०१५ |
| ६. | म फर्केर आँए | ६५ | पूर्णिमा नरा गुरुङ्ग | १९५८ | २०१५ |
| ७. | आर्दश प्रेम | | नेपाली एकाङ्की, लक्ष्मण श्रीमल | १९९५ | २०५३ |
| ८. | मैलेभूल गरैँ | | नेपाली एकाङ्की यात्रा, रामलाल अधिकारी | १९७७ | २०३४ |

घज्ञ

## ४.३ जीवनको इच्छा एकाङ्कीको विश्लेषण

[३१] राधिका राया, **जीवनको इच्छा एकाङ्की सङ्ग्रह** (२०५९), पृ. १० ।

प्रस्तुत एकाङ्की एकाङ्कीकार राधिका रायाको लेखन तथा प्रकाशनका आधारमा पहिलो एकाङ्की हो । भारती नामक पारसमणि प्रधानद्वारा सम्पादित साहित्यिक पत्रिकामा सन् १९५४(वि.स.२०११) मा प्रकाशित भएको हो । एकाङ्कीगत तत्वका आधारमा यस एकाङ्कीलाई निम्नानुसार विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ४.३.१ कथावस्तु

जीवनको इच्छा एकाङ्कीको कथा बस्तु एकाङ्कीको प्रमुख पुरुष पात्र जीवनको केन्द्रीयतामा अगाडि बढेको पाइन्छ । जीवन र लता भरर्खर म्याट्रिक पासगरि उच्च शिक्षा अध्ययनको लागि कहाँ पढ्ने ? के पढ्ने ? भन्ने विषयबाट कथानकको विकास भएको छ । यसरी विकास भएको कथानकमा जीवनका पिता हर्कमान छोराको उच्च शिक्षाको अध्ययनमा वाधक देखिन्छन् । जीवन सन्तजोसेफ कलेजमा अध्ययन गरी एक सफल डाक्टर बन्दै समाजको सेवागर्ने इच्छा राख्दछ तर जीवनका बाबु हर्कमान छोरोलाई डाक्टर होइन पहाडमा भएको जमिन संरक्षण गरी पुर्खाको नाम र इज्जत राखोस भन्ने विपरीत मानसिकतामा रहेको देखिन्छ । बाबुको आज्ञा अनुसार नै जीवन पाँच बर्ष पहाड बसेर सहर आउँछ । त्यसबखत जीवनका बाबु हर्कमान मृत्युशैयामा परिसकेका हुन्छन् र जीवनले पढी डाक्टर बनेर सेवा गरोस भन्ने इच्छा राख्दै प्राण त्याग गर्दछन् । यसरी जीवनको इच्छालाई आफ्नो मृत्युको क्षणमा पूरा गर्न कामना गर्दै एकाङ्की समाप्त भएको छ । यसरी दुई पुस्ताको बीचको इच्छामा द्वन्द्व धन र विद्यामा समेत द्वन्द्व देखाइ आखिरमा धनसम्पत्ति भन्दा विद्या नै सर्वश्रेष्ठ वस्तु हो भन्ने कुरालाई जीवनको बाबुले मृत्यु शैयामा बसेको बेलामा जीवनलाई डाक्टर बन्नु भन्ने अभिब्यक्तिबाट एकाङ्कीले प्रष्ट पार्न खोजेको पाइन्छ ।

## ४.३.२ पात्र प्रयोग (चरित्र चित्रण)

प्रस्तुत एकाङ्की जीवनको इच्छामा एकाङ्कीकार ले हाम्रै परिवेशमा देखा पर्ने सामान्य रुपका पात्रहरुको प्रयोग गरेकी छन् । थोरै पात्रहरुको उपस्थिति रहने एकाङ्कीको मान्यता अनुसार नै सीमित पात्रहरुको मात्र प्रयोग यस एकाङ्कीमा गरिएको देखिन्छ । तीन जना मात्र पात्र रहेको यस एकाङ्कीमा प्रमुख पात्रको रुपमा जीवन जो गाउँमा जन्मेर शहरमा बढेको छ भने उसको बाबु हर्कमान नेपाली माटेमा जन्मेर प्रवासमा बस्न बाध्य पूर्व पल्टने भने लता एक मात्र नारी पात्र छन् जो शहरमा

बढेकी सभ्य र शिक्षित परिवारकी यूवती जीवनकी साथीका रुपमा यस एकाङ्कीमा प्रस्तुत गरेको देखिन्छ ।[घ६] ती पात्रहरुको छोटकरीमा यस प्रकार चित्रण गर्न सकिन्छ ।

### जीवन

जीवन यस एकाङ्कीको प्रमुख पात्र हो । गाउँमा  जन्मेर शहरमा हुर्कीबढी शहरमा नै पढीलेखी गरेको पुरुष पात्र हो । जो आफ्नो बुबाको पढाइ प्रतिको अनुदारताले गर्दा म्याट्रिक पास गरेपछि कलेज पढ्नुको सट्टा गाउँमा गई खेतीपाती गर्न बाध्य पात्र हो । एकातिर आफ्नी प्रियसाथी लताले कलेज पढ्न अनुरोध गर्दा गर्दै पनि आफ्नो बाबुको गाउँमा गएर खेती गर्ने आज्ञाको शिरोपर गर्ने आज्ञाकारी  पात्रको रूपमा समेत देखा परेको छ भने अर्कोतिर बाबुको आज्ञालाई केही समय पालना गरेर पनि विद्याको आवश्यकता धन भन्दा पनि ठूलो हो भन्ने शिक्षा दिने महान पात्र हो । जसलाई गाँउबाट पाँच बर्षपछि फर्केरपनि शिक्षा आर्जन गर्ने र आफ्नो बाबुको अन्तिम इच्छा डाक्टर बनाउने कुरालाई सार्थक गर्दै आफ्नो बाबुको जस्तो उपचार नभएर मृत्युको शौयामा पुगेका धेरै बाबुहरुको सेवा गर्ने अठोट गेरबाट प्रष्ट हुन आउँछ ।

यसबाट के भन्न सकिन्छ भने जीवनकै केन्द्रियतामा  एकाङ्कीको कथानक घुमेको छ ।त्यसैले जीवन यस एकाङ्कीको नायक हो । एकाङ्की जीवनकै भूमिकामा अगाडि बढेको छ । उसकै केन्द्रीयतामा पुरातनवादी धनसम्पत्ति प्रेमी सोच र आधुनिक शैक्षिक विकासवादी सोचको विजय देखाइएको छ । जसमा शैक्षिक विकासको सोच जीवनसँग रहेकोले जीवन नै यस एकाङ्कीको नायक ( केन्द्रीय पात्र) हो ।

### हर्कमान

जीवनको बाबुको रुपमा एकाङ्कीमा प्रस्तुत हर्कमान पेशाले पल्टनको पूर्व जम्दार हो उनले आफ्नो छोरा जीवनलाई म्याट्रिक पास गरेपछि विद्या आर्जन गर्नु भन्दा आफ्नो बाँझो जमिन गाउँमा खेरजान नदिने विचारकासाथ छोरालाई गाउँ जान बाध्य बनाउने पुरुष पात्र हो । उसको उच्च शिक्षा प्रतिको नकारात्मक सोचको शिकार आफ्नै छोरालाई बनाउन खोजेको देखिन्छ । यसबाट हर्कमान उच्च शिक्षाभन्दा सम्पत्ति ठूलो भन्ने पुरानो पुस्ताको प्रतिनिधि पात्र हो ।

---

[३२] **जीवनको इच्छा एकाङ्की सङ्ग्रह** (२०५९), पृ.११ ।

सुरु सुरुमा आफ्नो सोचलाई परिवर्तन गर्न नसकी जीवनलाई गाउँमा फर्किन वाध्य गराउने हर्कमान आफ्नो शारीरिक अस्वस्थता बढ्दै गएपछि सिकिस्त भएपछि शिक्षाको महत्वबुभ्ने र छोरा जीवनलाई डाक्टर बनेर आफूजस्तै बिरामी कयौँ व्यक्तिलाई सेवा गर्न आग्रह गर्दै प्राण त्याग गरेको पुरुष पात्र  हो ।

अत सुरुमा उच्च शिक्षाको विरोधी खलनायकको जस्तो चरित्र देखिए पनि पछि शिक्षाको महत्व बुझ्केर छोरालाई पढ्नलाई उत्प्रेरित गर्ने हर्कमान यस एकाङ्कीको पुरुष पात्र हो ।

## लता

शिक्षित र सभ्य परिवारमा जन्म लिई सहरमै हुर्की बढेकी जीवनकी साथीका  रुपमा लतालाई यस एकाङ्कीमा एक मात्र नारी चरित्रका रुपमा प्रस्तुत गरेको पाइन्छ । लता समय अनुसार प्रगतिशील सोचाइ भएकी नारी पात्रका रुपमा यस एकाङ्कीमा प्रस्तुत छ । पढाइलाई नै महत्व दिने लता आफ्नो साथी जीवनलाई पनि गाउँ जान भन्दा सहरमै बसी अध्ययन गर्न आग्रह गर्दछिन् तर जीवनको बाबु हर्कमानको जिद्धिका कारण जीवन गाउँ जान बाध्य भएपछि दुःखित बनेकी लता जीवन गाउँ गएपछि अर्कासँग विवाह गर्न बाध्य भएपनि जीवनप्रति आफ्नो साहानुभूति प्रकट गर्दै हर्कमानको अवस्थाको जानकारी  गराउँदै शहर आउन आग्रह गर्दछे । यसरी जीवनको एक असल मित्रका रुपमा यस एकाङ्कीमा चित्रण गरिएको छ ।

## ४.३.३ संवाद

संवाद एकाङ्कीको अपरिहार्य तत्व हो । संवादबाट नै नाटक तथा एकाङ्कीहरुको सुरुवात भएको हुन्छ । प्रस्तुत जीवनको इच्छा एकाङ्कीमा पनि लामा तथा छोटा संवादहरुको प्रयोग गरिएको पाइन्छ । हाम्रै वरिपरि ब्यावहारिक रुपमा बोलिने संवादहरु प्रस्तुत छन् । यसरी प्रस्तुत संवाद जीवन र लता बीच पढाइ सम्बन्धी संवादले सुरुमा ठाउँ लिएको देखिन्छ । एकाङ्कीको सुरुवातमा जीवन र लता बीचको संवाद यस प्रकार छः-

लता- जीवन चार बजि सक्यो, तँपाइ रामकहाँ जानुहुन्न ?

जीवन- राम कहाँ ! निमन्त्रण गरिएको ठाउँमा जानैपर्छ ।

लता- रामका बा कति असल हुनुहुन्छ। छोरो पास भएको खण्डमा सबैलाई निमन्त्रणा गरिएको छ। तर................ तपाई भने ................... ।

जीवन- (बीचैमा) यति हतार नै के छ र ?

लता- तपाईका सबै साथीहरु राजेन, प्रेम, राम, सन्तजोसेफ कलेजमा भर्ना हुने रे । तपाई निः कुन कलेजमा भर्ना हुने ?[घघ]

यसरी लता र जीवन वीच आफ्नो अध्ययनको विषयमा संवाद चलेपछि जीवन र उसका बाबु हर्कमानको बीचमा पढाइको बिषयमा द्वन्द्वात्मक संवाद भएको देखिन्छ। जस्तैः-

जीवनः-(संकोचर्पूवक विस्तारै) सबै जना कलेज भर्ना हुन गए । भोलि म पनि जाऊँ बा । पढेर डाक्टर हुने विचार छ ।

हर्कमानः-डाक्टर कि साक्टर । छोड्दे त्यो विचार । आमा खसेको छ महिना भएको छर्नै तेरो भने दिनरात मिटिङ्ग लकेचर नाटक............। घरमा के हुदैछ के छैन ? केही वास्ता छ तँलाई ? बूढो बाबुको हड्डी घोटाएर कति दिन तँलाइ पुग्छ ?[घढ]

यसरी जीवन र हर्कमानबीच पढाइका विषयमा बादविवादात्मक रुपमा संवाद भएको पाइन्छ। एकाङ्कीका अन्त्यतिर आएर हर्कमानको स्वास्थ्य स्थिति खराब भएपछि जीवन र हर्कमानका बीच संवाद आएको पाइन्छ। जीवन हर्कमान बिरामी भएको खबर पाएर गाउँबाट सहरआएपछिको संवाद समन्वयात्मक रुपमा प्रस्तुत भएकोछ-

हर्कमान- आइस ! भोलि नै कलेज भर्ना हुन जा ।

जीवन- कलेज ! तपाइँलाई यस्तो अवस्थामा छोडेर मैले कलेज जाने ?

हर्कमान- मलाई थाहा थिएन .............। तिमीहरु जस्ता पढेका केटाहरु पनि पहाडमा बस्न सक्छन्, पूर्खाको नाम थाम्न सक्छन् भनेर । जा कलेज बा, डाक्टर बनेर अझ पहाडको उन्नति गर ।

---

३३ राधिका राया **जीवनको इच्छा एकाङ्की सङ्ग्रह** पृ.१२ ।

३४ **पूर्ववत्** पृ.१५।

यसरी प्रस्तुत एकाङ्कीमा द्वन्द्वात्मक संवाद सुरुमा देखाए पनि एकाङ्कीको अन्त्यमा आएर समन्वयात्मक रुपमा संवाद प्रस्तुत भएका छन् । कुनै संवाद छोटो तथा कुनै ज्यादै लामो प्रकारका प्रस्तुत गरिएका छन् ।जे भएपनि एकाङ्कीकार रायाले उत्कृष्ट प्रकारका संवादहरुको प्रयोग यस एकाङ्कीमा गरेको देखिन्छ ।

### ४.३.४ वातावरण (परिवेश)

प्रस्तुत एकाङ्की जीवनको इच्छामा एकाङ्कीमा अप्रत्यक्ष रुपमा परिवेशको रुपमा तेह्रथुमको उल्लेख गरिएको पाइन्छ । जसमा जीवन र उसका बुबाको जन्म भएको बारेमा र म्याट्रिक पास गरेर कलेज पढ्न नपाई जीवनको करीब पाँचबर्षसम्मको समयावधिलाई ग्रामीण परिवेश प्रस्तुत गरिएको देखिन्छ । यी ग्रामीण रुपमा प्रस्तुत गरिएका परिवेश अप्रत्यक्ष रुपमा प्रस्तुत छन् भने अन्य परिवेश भने दार्जीलिङ सहरको वरिपरिको परिवेश पाइन्छ । विशेष गरेर एकाङ्कीकार रायाले आफ्नो एकाङ्कीहरुमा प्रवासीहरुको पीडा र व्यथालाई चित्रण गरेको हुनाले स्थानिक परिवेशको रुपमा दार्जीलिङका साथै अन्य आफ्नो देशभन्दा बाहिरका सहरहरुको प्रयोग गरेकी छन् । प्रस्तुत जीवनको इच्छा एकाङ्कीमा अप्रत्यक्षरुपमा तेह्रथुमको ग्रामीण परिवेशको चित्र उतारिएको छ भने प्रत्यक्षरुपमा दार्जीलिङ्गे परिवेशको प्रस्तुत गरिएको छ । जीवन गाँउले परिवेशमा जन्मेर पनि सहरिया परिवेशमा हुर्किएको पात्र हो भने उसकी साथी लता सहरिया परिवेशमा जन्मेकी नारी पात्र हो । यसरी पात्रहरुको चित्रणमा सहरिया परिवेशलाई देखाइएपनि हर्कमान नामको पुरुष  पात्र सहरमा बसेर पनि ग्रामीण पृष्ठभूमिबाट अगाडि बढ्न नसकेको  कुरालाई जीवनको पढ्ने तीब्र इच्छामा बाधा गरेबाट जानकारी गराउने प्रयास गरेको पाइन्छ ।

प्रस्तुत एकाङ्कीको घटनाक्रमलाई अघि बढाउन सहरको एउटा घरको दुईवटा कोठा जीवनको आफ्नो कोठा र हर्कमानको कोठालाई  लिएको पाइन्छ । यस प्रकार जीवनको इच्छा एकाङ्कीमा परिवेशको रुपमा दार्जीलिङ सहरको एक घरलाई स्थानिय परिवेश र धनभन्दा विद्या ठूलो भन्ने पुरातन पुस्ताको बीचको समन्वयात्मक परिवेश कालिक परिवेशको रुपमा देखाएको छ ।

### **४.३.५ उद्देश्य**

कुनै कृतिको सिर्जना गर्ने लेखकले एउटा न एउटा उद्देश्य राखेकै पाइन्छ । एकाङ्कीकार राधिका रायाले सिर्जना गरेका एकाङ्कीहरुको अध्ययन गर्दा उनका एकाङ्कीहरुमा एकै प्रकारका उद्देश्य

मूलभूत रुपमा देखाउन खोजिए पनि गौणरुपमा भिन्ना भिन्नै उद्देश्य लिएको पाइन्छ । उनका सम्पूर्ण एकाङ्कीहरुमा विशेष गरेर  प्रवासी नेपालीहरुको पीडा र प्रवासमा गरिएका योगदानहरूलाई प्रस्तुत गर्ने उद्देश्य लिएको पाइन्छ । नारी लेखिका  भएको हैसियतमा नारीका पीरमर्का, नारीपात्रको भुमिकालाई प्राथमिकता दिने गरेको पाइन्छ ।उनका एकाङ्कीहरुमा नारी पात्रका असल तथा खराब पक्षको चित्रण गर्ने उद्देश्य समेत पाउन सकिन्छ ।

प्रस्तुत एकाङ्की जीबनको इच्छामा एकाङ्कीकार रायाले एकाङ्कीका माध्यमबाट पुरातनबादी संस्कृतिमा हुर्केको र प्रबासी जीबनमा सैनिक जागिरमा रशेको हर्कमानलाई सुरुमा शिक्षा बिरोधी देखाएर अन्त्यमा जीवनको पढेने इच्छामा सहमति गर्न पुऱ्याइ शिक्षाको अपरिहार्यताको विषयमा जानकारी दिने उद्देश्य लिएको देखिन्छ भने लतालाई जीवनको सहयोगी भएर जीवनको अध्ययन गरी डाक्टर बन्ने इच्छालाई सहयोग पुऱ्याएको देखाएर नारीको उद्धार हृदय र विचारलाई देखाउने उद्देश्य पनि यस एकाङ्कीमा भेट्न सकिन्छ ।अन्य धेरै उद्देश्य भएपनि प्रस्तुत एकाङ्कीको मुख्य लक्ष्या भनेको धन भन्दा विद्या ठूलो हो भन्ने देखाउनु र पुरानो पुस्ताको परम्परागत सोचलाई परिवर्तन गर्दै शिक्षा क्षेत्रमा अनिवार्य सहभागिताको समेत उद्घोष गर्ने उद्देश्य समेत लिएको देखिन्छ ।

### ४.३.६ भाषाशैली

राधिका रायाको एकाङ्कीहरुमा भाषा सरल रुपमा प्रयुक्त छन् । छोटा-छोटा वाक्यको प्रयोग आफ्ना एकाङ्कीमा गर्नु उनको शैली हो । उनले जीवनको इच्छा एकाङ्कीमा सरल भाषाको प्रयोग गरेकी छन् । सानै उमेरदेखि प्रवासिएकी राधिका रायाका भाषा सरल प्रकारका छन् । छोटा-छोटा वाक्यको प्रयोग गर्दा गर्दै पनि संवादका क्रममा केही लामा तर सरल प्रकारका वाक्यहरुको पनि प्रयोग गर्ने गरेको पाइन्छ । जीवनको इच्छा एकाङ्कीमा ठेट नेपाली भाषाको प्रयोग विशेष गरी हर्कमानको भूमिकामा प्रस्तुत गरेको पाइन्छ । संवादमा दुई वाक्यदेखि पचास वाक्यसम्मका संवाद प्रस्तुत गरेको पाइन्छ । यस प्रकार भाषाशैलीका दृष्टिले सरल र उत्कृष्ट छ भन्न सकिन्छ ।

### ४.३.७ द्वन्द्व/सङ्घर्ष

प्रस्तुत एकाङ्की जीवनको इच्छामा एकाङ्कीकार राधिका रायाले पुरानो पुस्ता र नयाँ पुस्ता बीचमा द्वन्द्व देखाएकी  छन् भन्न सकिन्छ । "जीवनको इच्छा" एकाङ्कीमा जीवनले नयाँ पुस्ताको

प्रतिनिधित्व गर्दै आधुनिक पिंढीको आवश्यकता शिक्षा हो र युवा पुस्ताले शिक्षा आर्जन गर्न अनिवार्य छ भन्ने कुरा  प्रस्तुत गरेको छ भने उसको बाबु हर्कमान पुरानो पुस्ताको प्रतिनिधित्व गर्दै शिक्षामा उपयोगिता कम भएको र हालको अवस्थामा शिक्षामा लाग्नु भन्दा आफ्नो पुर्ख्यौली सम्पत्तिको संरक्षण गर्दै कृषि कार्यमा लाग्ने परम्परागत सोच राखेको पाउन सकिन्छ । यिनै परम्परागत भिन्न दुई विचार बीचमा बैचारिक द्वन्द्वको सिर्जना गरी एकाङ्की अगाडि बढेको  पाइन्छ । सुरुमा पुरातन सोँचको विजय देखउँदै जीवनलाई गाउँ जान वाध्य गराएको पाइन्छ तर समयान्तरमा जीवन पुनः सहर आई आफ्नो अगाडिको पढ्ने इच्छा जसका कारण पूरा हुन सकेको थिएन त्यो उसैको आज्ञाले पढ्ने अवसर प्राप्त गरेको घटना क्रमले सुरुमा पुरातन सोचाइले ग्रस्त हर्कमानलाई विजय गराएको थियो  भने समयक्रममा अघि बढ्दै पुनः जीवन अधुरो इच्छालाई पूरा गराई आधुनिक युवा पुस्ताको विजय गराएको पाइन्छ । तसर्थ समग्रमा प्रस्तुत एकाङ्कीमा पुरानो पुस्ताको पुरानो सोच र आधुनिक युवा पुस्ताको आधुनिक सोच बीच द्वन्द्व गराई आधुनिक समाजमा शिक्षाको अपरिहार्यताका पक्षधर युवा पुस्ताको विजय गराई द्वन्द्वको राम्रो संयोजन गराएको पाइन्छ ।

## ४.३.८ मञ्चनीयता

मञ्चनीयता एकाङ्कीको अभिन्न अङ्ग हो । मञ्चनीयता बिना एकाङ्कीहरु निरर्थक हुन्छ ।रायाका एकाङ्कीहरुमा मञ्चन योग्य एकाङ्कीहरु नै बढीमात्रमा रहेको देखिन्छ । प्रस्तरत एकाङ्की जीवनको इच्छा मञ्चनका दृष्टिले ज्यादै सरल छ । एउटा घरको दुईवटा कोठावाट सुरु भएको एकाङ्की जीवन गाँउ गएर पाँचवर्ष खेती गरी बस्दा पनि हर्कमान विरामी भएको र उसलाई लताले हेरचाह गरेको देखाएर नायक जीवन अनुपस्थिति भएपनि मञ्चलाई शुन्य हुने अवस्थाबाट मुक्त गरेकोछ । त्यसैले हर्कमानको सहरको एउटा घरको दुईवटा कोठामा मात्र सम्पूर्ण घटनाक्रम  घटेकोले मञ्चनका लागि प्रस्तुत एकाङ्की उपयुक्त भएको देखिन्छ ।

## ४.३.९ शीर्षक सार्थकता

प्रस्तुत एकाङ्की जीवनको इच्छामा केन्द्रीय पात्रका रुपमा जीवन आएको छ । जीवन कै केन्द्रीयतामा यो एकाङ्की सुरु भएर अन्त्य समेत भएको छ । जीवनले म्याट्रिक पास गरेपछि उसको पढ्ने इच्छामा बाबुको कमजोर मानसिकताका कारण बाधा उत्पन्न पर्न गएकोछ भने अर्को तिर जीवनको प्रिय सँगी लतालाई प्राप्त गर्ने इच्छा समेत गुमाउन पुगेको छ । आफ्नो सन्तजोसेफ कलेजमा गएर पढ्ने इच्छा तेह्रथुम जस्तो विकट ठाउँमा गएर खेती गर्नुपर्ने अवस्थामा परिणत

भएको छ । जब जीवन आफ्नो इच्छा विपरीत खेती गर्न बाध्य भएर गाउँ जान्छ त्यस्को केही समय पश्चात बाबु हर्कमान विरामी भएर थला पर्दछन् जसको जानकरी प्राप्त गर्नसाथ  जीवन शहर आउँछ आफ्नो बाबुको अन्तिम अवस्थामा छोरोको पढ्ने इच्छालाई पूरा गरोस् भन्ने कामना गर्दै आफ्नो देह त्याग गर्दछ । त्यस अवस्थामा जीवनले आफ्नो पूर्व इच्छा कलेज पढेर डाक्टर बन्ने तथा आफ्नो बाबुको अन्तिम इच्छा पूरा गर्ने र आफ्नै बाबुको जस्तै अवस्थामा रहेका कयौ बाबुहरुको उपचार गरि ज्यान बचाउने कुराको बाचा गर्दै आफ्नो बाबुको समेत इच्छा पूरा गर्ने प्रतिज्ञा गर्दछ ।

यसरी पढ्ने इच्छा सुरुमा प्राप्त एकाङ्कीको नभएपनि उत्तरार्धमा पुगेर पूरा भएको देखाइएकोछ । यस एकाङ्कीको  केन्द्रीय चरित्रका रुपमा रहेको जीवनको इच्छा अनेक समस्यालाई पार गर्दै भएपनि अन्त्यमा पूरा भएकाले प्रस्तुत एकाङ्कीको शीर्षक जीवनको इच्छा सार्थक छ ।

## ४.४ प्रेमको प्रतीक एकाङ्कीको विश्लेषण

प्रस्तुत एकाङ्की प्रेमको प्रतीक राधिका रायाको जीवनको इच्छा एकाङ्कीसंग्रह भित्रको दोस्रो एकाङ्की हो, प्रस्तुत एकाङ्की सन् १९५५(वि.स.२०१२) सालमा आाकाशवाणी शैनिक केन्द्रबाट प्रशारित भएको थियो ।[३५] १२ पृष्ठमा संरचित यस एकाङ्कीलाई एकाङ्कीगत तत्वहरुका आधारमा निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

### ४.४.१ कथावस्तु

यस एकाङ्कीको विषयवस्तु राजेन्द्र र ताराको सेरोफेरोमा अघिबढेको छ । राजेन्द्र एक शिक्षित तर वेरोजगार म्याट्रिक पास गरिसकेको जागिर खोज्ने क्रममा यताउता भौंतारिदै हिडेको देखिन्छ । त्यसै समयमा उसका बाबुको मृत्यु भएपछि राजेन्द्र सहाराहीन, असाहय, दुःखी र गरिब भएको महशुस गर्दै दुःख ब्यक्त गर्दछ । राजेन्द्रमा पारिवारिक दायित्वबोध र समाजमा मान मर्यादा इज्जतको ख्याल राख्नुपर्ने वाध्यात्मक परिस्थिति आउँदछ । गरिबीकै कारणवाट राजेन्द्र नोकरीको सिलसिलामा फौजी जागीर खान तीन बर्षका लागि विदेशजाने निर्णय गर्दछ । परिवारबाट विदा हुने वखत राजेन्द्र र तारा वीचको प्रेम, स्नेह, माया, श्रद्धा र सहानुभूतिको प्रतीक “खदा” उपहार स्वरुप तारा, राजेन्द्रलाई प्रदान गर्दछे । परिस्थिति एकैनास रहदैन तीन वर्ष पुग्दा नपुग्दै ताराले आफ्नो कर्तब्य पथलाई विर्सेर अर्कै घरजम बसाई सकेकी हुन्छे । विदेशबाट आइपुगेको राजेन्द्रले जुन

[३५] शान्तदेवी निरौला, साहित्यकार राधिका रायाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन ।

प्रतिकूल परिस्थिति देख्दछ जुनकुराले राजेन्द्रको विदाइको अवसरमा ताराले दिएको प्रेमको प्रतीक “खदा” पुनः तारालाई फिर्ता दिदै साथमा अन्य उपहार, रुपैया, सुनका गहना र नव घर निर्माणका लागि शुभकामना सहित उपहार दिएको पाइन्छ ।

यसरी ताराले राजेन्द्रको जीवन नै निरस तुल्याइदिएको कुल मयार्दामा कलङ्क लगाइ दिएको आफ्नो स्वार्थ सिद्ध गरी राजेन्द्रलाई बर्वाद गरेको देखिन्छ । राजेन्द्रको साथी महेशको दृष्टिकोणमा राजेन्द्र मानवको रुपमा कुनै महान त्यागी, देवस्वरुप, रिस, राग, द्वेष, ईर्ष्या विनाको सत्यहृदयी मानवका रुपमा रहेको अभिब्यक्ति व्यक्त गर्दछ र अन्त्यमा निष्ठूरी भई छोडी जाने तारालाई प्रेमको प्रतीक खदा फर्काइएको कुरा पुःन दोहोऱ्याउदै राजेन्द्र र महेशको वार्तालापसित कथानक समाप्त भएको देखिन्छ ।

## ४.४.२ पात्रप्रयोग

प्रस्तुत एकाङ्कीकार राधिका रायाले मुख्य रुपमा तीनजना पात्रको चयन गरेकी छन् । लतु र चन्द्रुको नाम उल्लेख भएपनि राजेन्द्रका भाइबहिनी भनी उल्लेख भएबाहेक अन्य स्थान दिएको पाइदैन भने शेखर ताराको दोस्रो पतिको रुपमा चर्चामात्र गरिएकोछ । यस एकाङ्कीमा मुख्यरुपमा राजेन्द्र, तारा र महेशको भूीमकाको प्रस्तुती गरेको देखिन्छ ।[घट] तीन मुख्यपात्रहरुको चरित्रको चित्रण यसप्रकार गर्न सकिन्छ ।

### राजेन्द्र

एकाङ्कीकार राधिका रायाको एकानङ्की प्रेमको प्रतीकको प्रमुख पुरुष पात्रको रुपमा राजेन्द्रलाई देखाइएको छ । नेपाली युवाहरुले वाध्यतावस विदेश जानै पर्ने परिस्थितिको युवाहरुको प्रतिनिधि पात्रका रुपमा यस एकाङ्कीमा चित्रित गरेकोछ । राजेन्द्र आर्थिक अवस्था कमजोर भएर प्रवासिन बाध्य पात्र हो । आफ्नो असल प्रेमको विश्वासमा घरपरिवारलाई छोडी विदेश बाट धन कमाएर आएपछि सुखसाथ खाने बस्ने इच्छाआकांक्षा बोकेर विदेशिएको राजेन्द्र उसकी पत्नीले आफूलाई छोडी अर्कैसँग विवाहगरेको थाहा पाएर दुःखी बन्दछ । राजेन्द्रले आफ्नो दुःख पीडालाई कम गराउन आफ्नो आम्दानीको स्रोत केही नभएपनि आफ्नी पत्नी र भाइबहिनीलाई बेलाबेलामा घुमाउन लाने तथा सिनेमा हेर्न लाने गरेको एकाङ्कीको घटना क्रमबाट थाहा पाउन सकिन्छ । यसप्रकार आफू

[३६] राधिका राया, **प्रेमको प्रतीक** एकाङ्की, जीवनको इच्छा एकाङ्की सङ्ग्रह (२०५९), पृ. १७ ।

दुःख गरेर भएपनि आफ्नो परिवारलाई सुखको अनुभूति गराउने असल पारिवारिक नेतृत्व गर्न सक्ने पात्रका रुपमा राजेन्द्रको चित्रण गरिएको छ । आफ्नी पत्नीले दोस्रो लोग्ने रोजेर हिडेपनि ऊ प्रतिको माया दर्शाउदै विदाइका समयमा दिएको प्रेमको प्रतीक फर्काउन जाँदा उसकी पत्नी तारालाई खदा मात्र होइन गहना र केही रुपैयाँ नगद समेत दिई नयाँ जीवनको सुरुवात गरेकोमा शुभकामना व्यक्त गरेको देखेर हिम्मतिलो, आँटी र कोमल हृदय भएको पात्रको रुपमा देखाइएकोछ । त्यति मात्र नभएर आफ्ना टुहुरा भाइबहिनी लतु र चन्द्रुको असल अभिभावकका साथै महेश अति नजिकको मित्रको रुपमा एकाङ्कीमा राजेन्द्रलाई चित्रण गर्ने कार्य गरिएको पाइन्छ ।

## तारा

प्रस्तुत एकाङ्की प्रेमको प्रतीक एकाङ्कीमा एकाङ्कीकार राधिका रायाले एउटी नारीका दुई प्रकारका चरित्रलाई एकाङ्कीकी पात्र ताराको माध्यमबाट देखाएकी छन् । प्रस्तुत एकाङ्कीमा तारालाई एक मात्र नारी पात्रका रुपमा प्रस्तुत गरिएकोछ । सुरुमा राजेन्द्रकी असल पत्नी भएर उसका सुख दुःखमा साथ दिएकीछे । उसले राजेन्द्रका हरेक सुख दुःख आफ्ना कैयैं इच्छाहरुलाई लुकाएर राखेकीछे । त्यस्तो परिस्थितिमा पनि राजेन्द्रलाई फौजीमा भर्ती भएर विदेश जाने कुरामा आफ्नो प्रेम बन्धन धरापमा पर्ने कुरा देखाएर असलमति देखाएर आफ्नो पतिप्रेम प्रकट गरेकीछे । आखिर राजेन्द्र विदेश जाने भएपछि विदाइमा दुःखीत हुँदै आफ्नो सम्झना पतिलाई आइरहोस् भन्ने अभिप्रायले प्रेमको प्रतिकको रुपमा खदा लगाइखिएर आफ्नो अपार पति प्रेमको प्रदर्शन गरेको देखिन्छ । राजेन्द्र विदेशमा गएको केही समयसम्म तड्पिरहेको उल्लेख गर्दै राजेन्द्रलाई पत्र लेख्दछे तर पनि उसलाई प्रत्यक्ष रुपमा आफ्नो पति प्रेमको खाँचो परेको देखिन्छ त्यो सम्भावना कम भएपछि आफ्नो बाटो मोड्न बाध्य भएर अर्को विवाहसम्म पुग्नुपरेको देखाएर तारालाई दोस्रो चरित्रमा प्रवेश गरेको देखिन्छ । प्रस्तुत एकाङ्की एकाङ्कीकार राधिका रायाको नारीहरु आफ्नो प्रेमको सामिप्यता चाहन्छन् दूरता होइन भन्ने कुरालाई नारी चरित्र ताराबाट देखाएको पाइन्छ । राजेन्द्र विदेशबाट आएर ताराले दिएको प्रेमको प्रतीक स्वरुप खदा फिर्ता गर्न जाँदा समेत ताराले राजेन्द्र प्रतिको प्रेमलाई देखाएकी बुझ्न सकिन्छ । यस प्रकार यस एकाङ्कीमा तारालाई सुरुमा राजेन्द्रको असल पत्नीको रुपमा चित्रण गरेपनि राजेन्द्र विदेशगएपछि उसको प्रत्यक्ष प्रेमको अभावमा दोस्रो विवाह गर्न वाध्य नारीका रुपमा आफ्नो पतिको प्रेमलाई केही समय सम्म पनि पर्खन नसक्ने अधैर्य नारीका रुपमा चित्रण गरिएको देख्न सकिन्छ ।

**महेश**

प्रस्तुत एकाङ्की प्रेमको प्रतीकको अर्को पुरुष पात्रका रुपमा महेशलाई प्रस्तुत गरेको देखिन्छ । महेश राजेन्द्रको नजीकको असल मित्र हो । उसले राजेन्द्रको हरेक दुःखमा सहयोग गरेर राजेन्द्रको दुःखलाई बाँड्ने काम गरेकोछ । महेश समेत वेरोजगार युवक भएकोले राजेन्द्रसँग फौजीमा भर्ती भई सँगै विदेशिए पनि छुट्टीमा घर आएको बेला राजेन्द्रकी पत्नी दोस्रो विवाह गरेको थाहा पाउँदा दुखित भई राजेन्द्रका भाईबहिनीको समेत ठूलो सहयोग गर्दै ताराले राजेन्द्रलाई त्यागेको र भाईबहिनीलाई आफ्नो घरमा देखेको कुराको जानकारी राजेन्द्रलाई गराउँदै राजेन्द्रको भाइबहिनीहरुलाई अभिभावकत्व दिएर राखेको कुरालाई देखाएको पाइन्छ । महेशलाई सबैलाई दर्जाअनुसार आदर सम्मान र माया गर्ने युवा पात्रको रुपमा प्रंस्तुत गरिएको देखिन्छ । राजेन्द्र पत्नी वियोगमा छट्पटाइरहेको समयमा आफ्नो जीवनको सर्थकताबारे जानकारी दिंदै अगाडि बढने हौसला प्रदान गर्दै आफ्नो कर्तब्यलाई पूरा गर्ने कुरामा हौसला प्रदान गरी राजेन्द्र प्रतिको मित्रताको प्रर्दशन गराई एक सहयोगी र मार्गदर्शक पात्रको रुपमा चित्रण गरिएको देखिन्छ ।

यसप्रकार प्रस्तुत एकाङ्की प्रेमको प्रतीकमा अन्य पात्रहरुको प्रयोग भएको पाइँदैन ।

## ४.४.३ संवाद

प्रेमको प्रतीक एकाङ्कीमा एकाङ्कीकार राधिका रायाले आफ्ना अन्य एकाङ्कीहरुमा जस्तै थोरै पात्रहरुबीच छोटा तथा लामा खालका संवादहरुको प्रस्तुत गरेको देखिन्छ । मुख्य रुपमा आएका पात्रहरु राजेन्द्र, तारा र महेशबीचमा आफ्नो आर्थिक अवस्थाका बारेमा संवाद भई रोजगारीको खोजीका सिलसिलामा डुलेर रोजगारीका कुनै अवसर नपाएर घर फर्केपछि राजेन्द्रले निरासा प्रकट गर्दा राजेन्द्र र ताराबीचको संवादमा ताराले राजेन्द्रलाई ब्यवहारका विषयमा अर्ती दिएको देखिन्छ । दिनभर घुमेर आएको राजेन्द्रसँग ताराले जिज्ञासा राख्दा भएको संवाद यस्तो छः-

राजेन्द्र- महेशसित नै गँएथे । ( दीर्घ निश्वास छोडी) कस्तो समस्या आइलाग्यो, तारा ? चारैतिर आपद विपद्, वाधाविध्नले घेऱ्यो । के गर्नुपर्ने हो, मेरो त बुद्धिले काम गर्न छोडिसक्यो । बुबाले एउटै छोरो भनी रहरले समारोहसाथ विहेपनि गरिदिनु भयो । तिमीलाई पाएर जीवन आनन्द-आनन्दैमा वित्यो । तिम्रै आग्रहले मैले म्याट्रिक परिक्षा पनि दिँए, उत्तीर्ण पनि भैयो ………… ।

ताराः- धैर्य लिनोस ।तपाईलाई दुःख परेकै छैन । ब्यर्थमा अतालिनु हुन्छ । सुखमा बढेको तपाई दुःख भएको कुन चराको नाम हो तपाईलाई आनुभव नै भएको छैन ।[घठ]

एकाङ्कीको मध्य भागतिर आएर महेशसँग सिनेमा हेर्न जाँदा राजेन्द्रले फौजीमा जागिर खाने भएपछि आफ्नो प्रगति हुने आशा-अभिलाशा लिएर आफ्नी पत्नी तारालाई सुनाउने योजना अनुसार सुनाउँदा ताराले विदेश जाने कुरालाई अस्वीकार गरेको र अन्त्यमा समभ्कदारीमा पुग्नु परेको घटनाक्रमलाई राजेन्द्र र तारा वीचको संवादले पुष्टि गर्दछ । जस्तैः-

राजेन्द्रः- (गर्वित हुदै) हाम्रो आर्थिक समस्या अबचाहिँ समाधान हुने सम्भावना छ । म फौजीमा भर्ना भए सब बन्दोवस्त भै सक्यो अव दुई साता पछि म फौजहरुसित विदेश जादैछु ।

ताराः- विदेश ? हामीलाई एक्लै छाडी तँपाई त्यति टाढा समुद्रपार जाने ?

राजेन्द्रः- समुन्द्र पार भएर के हुन्छ ? रुपैयाँ विना जीवन अधुरो हुन्छ । सुख पाइदैन तीन बर्ष पछि त म फर्केर आउँछु तिमीलेपनि विदेशतिर घुम्ने अवसर पाउँथ्यौ । अव म नगइ हुदैन सबै काम भै सक्यो । भन तारा । तिमीलाई यो नोकरीमा खुसी लागेन ?

ताराः- मैले भनिहाले नि ! नजानुहोसन त्यति टाढा । सम्भ्कना पनि त्यति टाढा पुग्न सक्दैन । कहाँ हो कहाँ क्षितिजपारी भ्कै लाग्छ मलाई त । फेरि तीन वर्षसम्म.....।[घड]

यसरी विदेश जाने कुरामा आफूलाई प्रेम र स्नेहको अभाव हुने कुरामा ताराको जोड देखाउँदै धनसम्पत्ति भन्दा माया प्रेम र पारिवारिक खुसी ठूलो भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।ताराले दोस्रो विवाह गरेको खबर थाहा पाएपछि राजेन्द्रले आफैसँग पनि संवादगरेको छ । जस्तैः-

राजेन्द्रः- (यताउतिहिड्दै मनको ब्यथालाई सम्हालेर) कसरी विश्वास गरुँ म महेश । तारा मेरी जीवनकी तारा हो । मेरो जीवनपथको दिपा हो । मलाई बाटो देखाउने तारा मलाई योग्य मानिस बनाउने तारा मेरो दुःख सुखकी साथी ताराविना मेरो अस्तित्व नै के होला र ?तारा विना म एक्लो हुनेछु , असाहय हुनेछु । मेरो जीवन नै खल्लो हुनेछ , निरस हुनेछ । यो

---

[३७] प्रेमको प्रतीक एकाङ्की, पृ. १८ ।

[३८] पूर्ववत् पृ. २१ ।

कहिल्यै हुन सक्दैन अरु कसैको हुन सक्दिनन् तारा । महेश, म साच्चै विश्वास गर्छु तिनलाई (कतिमौनता पछि................)[घढ]

यसरी पत्र प्राप्त गरेपछि राजेन्द्रको हृदयमा ज्वारभाटा आउँछ उसमा अविश्वास र विश्वासको वीच आफै भित्र द्वन्द्व देखाएको पाउन सकिन्छ । संवादकै प्रयोग गर्ने क्रममा राजेन्द्र र ताराका वीचमा ताराको अर्कोसँगको विवाह पछि पनि दुवैतर्फको कारुणिक संवाद देखाएर हाम्रो समाजमा नौलो मानिने कुरालाई देखाएको पाइन्छ । राजेन्द्र ताराको नयाँ घरमा गएपछि उनीहरुको वीचको संवादलाई यसरी प्रस्तुत गरिएकोछ-

राजेन्द्र- तारा !...................तारा !!.................. तारा !!!

तारा- राजेन तँपाई ?

राजेन्द्र- मलाई चिन्यौ तारा, म राजेन । मलाई देखेर अतालिनु पर्दैन भयभित पनि किन हुनु ? म तिम्रो अयोग्य दुःखी राजेन ।

तारा- राजेन

राजेन्द्र- तिमी प्रतिको मेरो प्रेमको ज्वलन्त उपहार यो 'खदा' हो तिमीलाई फर्काउन मात्र आएको तारा ! तिम्रो अमानत तारा यो अव मलाई के आवश्यक ? अब तिमी नै राख यी...............।[द्धण]

यसरी तारा र राजेन्द्रवीचमा कारुणिक संवाद देखाएपछि राजेन्द्रलाई उसको साथी महेशले सुखीजीवनको सुरुवात गर्न सल्लाह दिएकोछ । जस्तैः-

महेश- ब्यर्थै हतोत्साह नहोऊ राजेन । त्यो लागेको चोटपनि भरिन्छ एकदिन ।

राजेन्द्र- दुःख माथि अझ दुःख थपियो । अव तारा विना म एक्लो भँए । मेरो कर्तब्य क्षेत्र विशाल देख्छु तर महेश म आफ्नो कर्तब्यदेखि कहिल्यै विमुख हुने छैन ।

महेश- थाहा छ राजेन ! विश्वास छ तिमीप्रति । तिमीले आफूले दिएको वचन र कर्तब्य निश्चय पूर्ण गर्ने छौ ।

---

३९ पूर्ववत् पृ. २४ ।

४० पूर्ववत् पृ. २५ ।

राजेन्द्र- महेश ठीकै गरे होइन र ?......................तिनलाई म प्रतिको माया प्रेम स्नेह श्रद्धा र सहानुभूतिको प्रतिक त्यो खदा फर्काइदिएँ । (उत्तेजित भै) फर्काइदिए । खुसी सित तिनको 'प्रेमको प्रतीक' ।[४१]

यसरी प्रस्तुत एकाङ्की प्रेमको प्रतीकमा राधिका रायाले लामा तथा छोटा प्रकारका संवादहरु प्रस्तुत गरिएकाछन् । सुरुमा राजेन्द्र र तारा वीच व्यवहार कसरी चलाउने भन्ने बिषयमा छलफल हुन्छ भने वीचमा राजेन्द्र विदेशिने कुरामा संवाद भएर राजेन्द्र विदेश गएपछि तारा एक्ली भएकी छे । उसको एक्लो अनुभूतिलाई मेट्न दोस्रो विवाह गरेपछि एकाङ्कीले कारुणिकता तर्फ प्रवेश गरेको देखिन्छ । यस प्रकार एकाङ्कीमा सुरुमा सुख दुःखका संवाद वीचमा विदाइका विषयका संवाद र अन्त्यमा ताराले छाडेपछि जीवनलाई आफ्नो प्रगति पथमा लम्कन सल्लाह र सहयोग गर्ने प्रकारका संवादहरुको प्रयोग गरिएको देखिन्छ ।

### ४.४.४ वातावरण/ परिवेश

प्रस्तुत एकाङ्की प्रेमको प्रतीकमा दार्जिलिङ्गको कुनै गाउँलाई परिवेशको रुपमा देखाइएको छ । ग्रामीण परिवेशमा गरिबीको चपेटामा परेका युवाहरुको विदेशिनु पर्ने वातावरणलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । एकाङ्कीका माध्यमबाट सुरुमा आर्थिक अवस्थाको कठिनाइ भई रोजगारीका सिलसिलामा यताउता भौंतारिएको राजेन्द्रको पर्खाइमा तारा बसेको समयक्रमसगैं राजेन्द्र भौंतारिनु र फौजीमा भर्ती भई तीनबर्षका लागि विदेश जानु परेको र ताराले राजेन्द्रलाई छोडेको राजेन्द्र आफ्नो गाउँ आएपछि ताराले राजेन्द्रलाई छोडेको राजेन्द्र आफ्नो गाउँ आएपछि तारालाई भेट्न गएको कारुणिक प्रस्तुतीहरुले एकाङ्कीको वातावरण कारुणिक बन्न गएको देखिन्छ ।

### ४.४.५ उद्देश्य

प्रस्तुत एकाङ्की प्रेमको प्रतीकमा एकाङ्कीकार रायाले वेरोजगार युवाहरुले वाध्यतावस विर्देशिनु पर्ने र विदेशमा रहँदा भोग्नु पर्ने समस्याहरुको चित्रण गरेकीछन् । उनले विदाइ पश्चात विदेशिएका युवाहरुले आफ्ना प्रिय पत्नी गुमाउनु पर्ने र आफ्नो पति विदेशिएपछि आफ्नो पतिको सामिप्यता नहुँदा नारीहरु बाध्यतावस अर्को विकल्प रोज्न वाध्य हुन्छन् । भन्ने कुरालाई देखाउनु यस एकाङ्कीको उद्देश्य हो । रायाका एकाङ्कीहरूमा विशेष गरी प्रवासी नेपाली त्यस मध्येपनि आफू फौजीको जागिरे

[४१] पूर्ववत् पृ. २८ ।

भएकोले त्यहाँ भोग्नु पर्ने पीडा तथा फौजीमा भर्ना भएपछि आफ्नो परिवारमा उत्पन्न परिस्थितिलाई देखाउने उद्देश्य रहेको पाइन्छ ।

प्रस्तुत एकाङ्की प्रेमको प्रतीकमा एकाङ्कीकार राधिका रायाले मुख्य रुपमा वेरोजगारी समस्यामा पिल्सिएका कैयौँ युवाहरुको समस्यालाई एकाङ्कीको मुख्य पात्र राजेन्द्र र महेशका माध्यमबाट देखाउन खोजेको पाइन्छ भने नारी पात्र ताराका माध्यमबाट नारीहरु सुख दुःख भएपनि सधैं समीपमा रहन चाहन्छन् । त्यसो नहुँदा ताराले जस्तो दोस्रो विवाह गर्न समेत पछि नपर्ने कुरालाई देखाउने उद्देश्य यस एकाङ्कीमा रहेको देख्न सकिन्छ भने अर्को पाटोबाट अध्ययन गर्ने हो भने नारीहरुको स्वार्थीपनलाई समेत देखाएको पाइन्छ । धन कमाउने अभिलाशा लिएर विदेशिने युवालाई र विदेशिएका पतिहरूका पत्नीहरूलाई आफ्नो कर्तब्यमा अडिक नरहे आफै दुःखमा पर्ने कुरा देखाउनु यस एकाङ्कीको उद्देश्य रहेको देखिन्छ ।

### ४.४.६ भाषाशैली

एकाङ्कीकार रायाका एकाङ्कीहरुमा प्राय एकै प्रकारका भाषशैलीको प्रयोग पाइन्छ । सरल सरस भाषाको प्रयोग गरिएको प्रस्तुत एकाङ्की प्रेमको प्रतीकमा छोटा-छोटा वाक्यहरूलाई कवितात्मकरुपमा प्रस्तुत गरिएको पाइन्छ । यस एकाङ्कीमा सरल वाक्यको प्रयोग गरेपछि शव्दलाई भने ती वाक्यहरूलाई जोड्दैलामो समेत बनाएको पइन्छ । शुद्ध नेपाली भाषाको मात्र प्रयोगले यस एकाङ्कीले भाषागत रुपमा महत्वपूर्ण स्थान लिएको छ भन्न सकिन्छ । छोटा-छोटा सरल वाक्यको प्रयोग गरेपनि संवादलाई कुनै ठाउँमा ज्यादै लामो बनाउने शैली भने यस एकाङ्कीमा देख्न सकिन्छ तरपनि संवाद लामो भएपनि सरल सोझो वाक्यहरुको प्रयोगले दुर्बोध्य हुनबाट यो एकाङ्की बाचेको देखिन्छ । थोरै पात्रको प्रयोग गर्ने शैलीले एकाङ्कीलाई सरल बनाएको पाइन्छ ।

### **४.४.७ द्वन्द्व सङ्घर्ष**

प्रेमको प्रतीक एकाङ्कीकार राधिका रायाले समाजमा रहेको गरीबी र बेरोजगारीको पीडामा रुमलिएका युवाहरुको मनमा उठ्ने हरेक चाहनाहरूलाई द्वन्द्वात्मक रुपमा देखाउन खोजेको देखिन्छ । राजेन्द्र ग्रामीण परिवेशमा जन्मिएको शैक्षिक बेरोजगार युवा हो । उसले रोजगारीका लागि भौंतारिदा भौंतारिदै आफ्नो बाबुलाई गुमाएपछि घरको सम्पूणै अबिभारा आफ्नो काधमा आएपछि गरीबीका कारण विदेशीन बाध्य भई लाहुरमा भर्ती हुन पुग्दछ । यसबाट तत्कालीन समाज गरीबीको चपेटामा

परेको राजेन्द्र र त्यहाँको समाजको समेत द्वन्द्वात्म स्थिति देखाएको पाइन्छ । एकातिर राजेन्द्र आफ्नो गरीबीसँग सङ्घर्ष गरीरहेको अवस्था र विदेशमा सेनाको जागीरमा रहेर आफ्नो परिवारको खुसीको लागि ज्यान माया मारेर भएपनि सङ्घर्ष गरिरहेको अवस्थाको चित्रण छ भने अर्कोतर्फ तारा राजेन्द्रलाई पर्खन नसकी अर्के घरजम गरेको अवस्थामा राजेन्द्र र ताराका बीचमा पनि प्रेमको प्राप्तीको द्वन्द्व देखाइएको पाइन्छ । यसप्रकार धनि र गरीब बीचको द्वन्द्वलाई एकातर्फ देखाइएको छ भने अर्को तर्फ माया, प्रेम, स्नेह प्राप्त गर्न तारा र राजेन्द्र बीचमा पनि अप्रत्यक्ष रुपमा द्वन्द्वको प्रस्तुति गरेको पाइन्छ ।

### ४.४.८ मञ्चनीयता

प्रस्तुत एकाङ्की प्रेमको प्रतीक मञ्चनीयताका दृष्टिले मध्यम प्रकारको छ । थोरै पात्रहरुको प्रस्तुती गरेर रायाले यस एकाङ्कीलाई पात्रहरुको बोझबाट अलग राखेकी छन् । ग्रामीण परिवेशमा घटेको अनुभूति गर्न यस एकाङ्कीलाई समान्य प्रकारको रङ्गमञ्च भएपनि पुग्ने कुरा स्वभाविक भएपनि यस एकाङ्कीको पुरुष पात्रहरु राजेन्द्र र महेश फौजीमा भर्ना भई तीन बर्षको लागि वाहिर जानेबेलाको रेल्वेस्टेशन र रेलको दृश्यलाई मञ्चन गर्न कठिन देखिन्छ भने ताराले दोस्रो विवाह गरेपछि स्वदेश आई ताराको नयाँ घरमा जाने सिँडीको दृश्यलाई समेत मञ्चनमा देखाउन गाह्रो देखिन्छ । त्यसै कारण यो एकाङ्की मञ्चनका दृष्टिले मध्यम नै छ भन्न सकिन्छ ।

### ४.४.९ शीर्षक सार्थकता

प्रस्तुत एकाङ्की प्रेमको प्रतीक राजेन्द्र र तारा बीचको मिलन र विछोडको कथावस्तुमा नै केन्द्रित रहेको पाइन्छ । राजेन्द्र एक बेरोजगार युवक र उसकी श्रीमती ताराका बीचमा घटेका विविध घटनाहरुको उल्लेख भएअनुसार राजेन्द्र रोजगारको सिलसिलामा विदेश हिड्ने बेलामा ताराले आफ्नो सम्झना आइरहोस भनी राजेन्द्रलाई दिएको खदालाई प्रेमको प्रंतीकका रुपमा देखाइएको छ । राजेन्द्र विदेश गएको तीन वर्ष नपुग्दै राजेन्द्रसँगको प्रेमबन्धनलाई चुँडालेर अर्कोतर्फ घरजम गरेपछि राजेन्द्र फिर्ता आई आफूलाई ताराले दिएको खदालाई प्रेमको प्रतीक फिर्ता दिएको र नयाँजीवनलाई शुभकामना दिएको कुरा उल्लेख भएबाट खदालाई नै प्रेमको प्रतीकको रुपमा लिएको देखिन्छ । यस प्रकार एकातर्फ राजेन्द्र विदेशजाने बेलामा ताराले दिएको खदालाई लिइएको छ भने अर्कोतर्फ राजेन्द्र विदेश जाने बेलामा आफ्ना टुहुरा भाइबहिनीहरुलाई उसले तारालाई हेरचाहको जिम्मा

सुम्पिएको छ । ती भाइबहिनीलाई प्रेमको प्रतीकका रुपमा र महेश र राजेद्रबीचको मित्रताको सम्बन्ध र भावनालाई पनि देखाउन खोजिएको पाइन्छ ।

यसप्रकार यस एकाङ्कीमा लतु र चन्द्रु (राजेन्द्रका भाइवहिनी ) लाई र महेश र राजेन्द्रबीचको मित्रताको सम्बन्धलाई अप्रत्यक्ष रुपमा प्रेमको प्रतीकको रुपमा देखाइएपनि प्रत्यक्षरुपमा भने खदालाई नै प्रेमको प्रतीकको रुपमा प्रयोग गरि आदान-प्रदान गरेको प्रस्तुती यस एकाङ्कीमा रहेकोले प्रस्तुत एकाङ्कीको शीर्षक प्रेमको प्रतीक सार्थक छ भन्न सकिन्छ ।

## ४.५ प्रतिशोध एकाङ्कीको विश्लेषण

प्रस्तुत एकाङ्की प्रतिशोध जीवनको इच्छा एकाङ्की सङ्ग्रह भित्र संकलित दोस्रो एकाङ्कीकारुपमा रहेकोछ । आकाशवाणी सैनिक केन्द्रबाट वि.स २०१३ सालमा प्रसारित भएको थियो ।[४२] यस एकाङ्कीलाई निम्नानुसार विश्लेषण गर्नसकिन्छः-

### ४.५.१ कथावस्तु

प्रस्तुत एकाङ्कीको कथानकमा समीर धनवान ब्यक्ति मानवीरसिंहको एकल पुत्रको रुपमा रहेकोछ । समीर पल्टनको जागिरे विदामा घर आएको छ । उसकी वाल्यकालकी प्रियसीकारुपमा चन्दा आएकीछ । चन्दा जातमा कथित तल्लो जातकी पात्र हो । समीर चन्दासँग अर्न्तजातीय प्रणयसुत्रमा बाधिन खोज्दछ तर यसको ठीक विपरीत समीरको बाबु मानवीरसिंह आफ्नो धर्म संस्कृति र परम्परालाई छोड्र अर्न्तजातिय विवाह गर्न चाहादैन ।यसको विपरित समीरको विवाह बस्नेतकी छोरी रमासँग जबरजस्ती गरिदिन्छ । यस समाचारबाट समीरकी बाल्यकालदेखिकी प्रेमिका चन्दा अत्यन्त दुःखित हुन्छे । चन्दाको विवाह पनि यसको इच्छा र चाहना विपरीत अर्कै केटासँग भएपछि समीरपनि दुःखित बन्दछ । यसै सर्न्दभमा कुनै ठाउँमा उनीहरु दुबैको भेटघाट भएपछि सम्बन्ध जोड्ने बाचा अनुसाार छुटेका समीर र आफूले भनेको समयमा उपस्थित नभए पछि चन्दाले आत्महत्या गरी मरेको देखिन्छ । आफ्नो इच्छा अनुसार चन्दालाई प्राप्त गर्न नसके पछि यसको प्रतिशोध लिन समीरले 'सानी' नामकी तल्लो जातकी केटीसँग महादुर्गाभवानीलाई साक्षी रखेर मन्दिरमा विवाह सम्पन्न गरेको देखिन्छ । यसरी समीरले गरेको अर्न्तजातीय विवाहलाई

---

४२ प्रतिशोध एकाङ्की, **पूर्ववत्** पृ.१० ।

मानवीरसिंह र उसको समाजले स्वीकार गर्न चाहँदैन बरु समाजबाट नै अलग बनाउने निर्णय गर्छन् । जातीय भेदभाव माथिको आफ्नो विजय स्वीकार्दै समिर फेरि फर्केर कहिल्यै नआउने अठोट गर्दै सानीलाई लिएर आफ्नो ड्युटीको लागि रमाना लिन्छ । साथै प्रतिशोध लिन सके प्रतिशोध भन्दै विदा पश्चात् कथा वस्तु समाप्त भएको पाइन्छ ।

यस प्रकार प्रस्तुत एकाङ्की प्रतिशोधको कथा वस्तु श्रृङखलित रुपमा अगाडि बढेको देखिन्छ । कथानक आदि मध्य र अन्त्यको श्रृङखलामा अगाडि बढेको देखिन्छ ।

## ४.५.२ पात्रको प्रयोग(चरित्र चित्रण)

प्रस्तुत एकाङ्की प्रतिशोधमा पनि एकाङ्कीकार राधिका रायाले आफ्ना अन्य एकाङ्कीहरुको जस्तै सिमित पात्रको प्रयोग गरिकी छन् । यस एकाङ्कीमा जम्मा चार जना पात्रलाई मुख्य रुपमा प्रस्तुत गरेको देखिन्छ । ती चार पात्रहरुमाः-

मानवीरसिंह- एक धनवान ब्यक्ति

समीर- मानवीरसिंहको एकलैटी पुत्र (नवयुवक)

चन्दा-समीरको बाल्यकालदेखिकी प्रियसी

लोचन- समीरको वाल्यकालको मित्र साइनोमा चन्दाको दाजु ।[४३]

माथिका पात्रहरुको भूमिकालाई यसरी प्रस्तुत गर्न सकिन्छ :-

### मानवीरसिंह क्षेत्री

प्रस्तुत एकाङ्की प्रतिशोधमा प्रयुक्त पात्र मानवीरसिंह क्षेत्री समाजको एक धनवान् ब्यक्ति एकाङ्कीको नायक समीरको बाबुको रुपमा प्रस्तुत गरिएको देखिन्छ । मानवीरसिंहलाई समाजको पुरातनवादी सोचमा रुमलिने रुढीवादी चरित्रका रुपमा चित्रण गरेको देखिन्छ । आफ्नो छोराको विवाह छोराको इच्छामुताविक नभै आफ्नो इच्छाअनुसार हुनुपर्दछ भन्ने मानसिकताले जकडिएको चरित्रका रुपमा देखाइएको छ । समीरले अर्न्तजातीय विवाह गर्न वाल्यकालदेखिकी प्रियसी ‘चन्दा’को प्रस्ताव गर्दा समेत आफ्नो जिद्धी नछाडी बस्नेतकी छोरी रमासँग विवाहको प्रस्ताव राख्दै रमाको

---

[४३] राधिका राया, प्रतिशोध एकाङ्की, **पूर्ववत्** पृ.२९ ।

हातमाग्न बस्नेतकहाँ गएको देखिन्छ । बस्नेत पुत्री रमालाई अस्वीकार गदै आफ्नो छोरो समीरले सानी नामकी तल्लो जातकी केटीसँग विवाह गर्दा समेत बस्नेतकी छोरीसँग विवाह गर्न कर गर्दै सानीलाई त्याग्न आग्रह गर्ने पात्रका रुपमा मानवीरसिंहलाई प्रस्तुत गरिएको देखिन्छ ।अन्त्यमा आफ्नो निर्णय लागू गर्न नसकेपछि आफ्नो एकल पुत्र समीरलाई समेत त्याग गर्दै समीरलाई गाउँ समाजबाट नै निकाला गर्ने निर्णयमा पुग्ने मानवीरसिंह यस एकाङ्कीमा खलपात्रका रुपमा देखाइएको पाइन्छ । आफ्नो निर्णयमा अडिक रहने एकोहोरो स्वभाव भएको पात्र अरुको भावना नबुझ्ने रुढीवादी चिन्तनले जकडिएको समाजको खम्बा र आफ्नो संस्कृति र परम्परा जोगाउने आडमा आफ्नो एकमात्र छोरो समीरलाई त्याग्न समेत पछिनपर्ने पात्रका रुपमा मानवीरसिंहलाई एकाङ्कीमा प्रस्तुत गरिएको छ । उसको भूमिका एकाङ्कीको सुरुवातदेखि अन्त्यसम्म एकै स्वभावले अगाडि बढेको पाउन सकिन्छ । आफ्नो पुरानो सोचलाई परिर्वतन नगरी यथास्थितिमा रहने स्थीर पात्र हो मानवीरसिंह ।

## समीर

समीर प्रस्तुत एकाङ्की प्रतिशोध को प्रमुख पुरुष पात्रकारुपमा चित्रण गरिएको देखाउँछ । मानवीरसिंहका एकल पुत्रका रुपमा यस एकाङ्कीमा देखिएको समीर आफ्नो बाबुको सोचाइको ठीक विपरीत ध्रुवमा उभिएको प्रगतिशील युवापात्रको रुपमा प्रस्तुत एकाङ्कीमा देखिन्छ । आफ्नो पल्टनको छुट्टीमा घर आएको समीर आफ्नी बाल्यकालदेखिकी चन्दालाई आफ्नो जीवनमा ल्याउन चाहन्छ तर त्यसको विपरीत उसको बाबु मानवीरसिंहले त्यो विवाहलाई अस्वीकार गर्दै बस्नेतकी छोरी रमासँग गर्नुपर्ने कुरामा जोड दिएपछि विचलित हुन पुग्ने समीर आफ्नो बाल मष्तिस्कदेखि सजाएर राखेकी चन्दालाई कारणवस गुमाउन पुगेपछि त्यसको प्रतिशोध लिन बस्नेतकी छोरी रमासँग विवाहको निधो भएपनि तल्लो जातकी सानीलाई आफ्नो जीवनमा अगाँल्न पुग्ने पुरुष युवा पात्र हो । आफ्नो बाबु र समाजले सानी र उसको सम्बन्धलाई स्वीकार्न नसकेपछि समाजबाट अलग हुँदै सङ्घर्ष गर्न सक्ने सक्षम क्रान्तिकारी युवाहरुको प्रतिनिधि पात्रको रुपमा प्रस्तुत एकाङ्कीमा एकाङ्कीकार रायाले समीरलाई प्रस्तुत गरेकीछन् । आफ्नी प्रेमिका चन्दालाई गुमाएपनि आफ्नो प्रगतिशील सोचलाई मूर्तरुप दिनका साथै आफ्नो बाबु र समाजको पुरातन रुढीवादी सोच र चन्दाको आत्महत्याको प्रतिशोध लिन सानी सँग विवाह गर्दै आफ्नो बाबु र समाजलाई प्रेमको अगाडि फिक्का सावित गर्ने चरित्रका रुपमा समीरलाई उभ्याइएको देखिन्छ ।

यस प्रकार प्रस्तुत एकाङ्की प्रतिशोधमा प्रमुख भूमिकामा स्थापित पात्र समीर प्रगतिशील कान्तिकारी विचारले आफ्नो समाजलाई जित्न नसके पनि प्रतिशोधका रुपमा समाजलाई र आफ्नो बाबुलाई त्याग्दै सानीलाई अगाँल्दै आफ्नो सोचमा अडिक रहने पात्रका रुपमा चित्रित गरेको देखिन्छ । समीरको भूमिका एकाङ्कीको सुरुदेखि अन्त्यसम्म एकैप्रकारको स्वभावमा केन्द्रित रहेको देखिन्छ । अफू आर्मीमा भर्ती भइ सुखसयलमा राख्ने आफ्नो बाचा चन्दासँग अधुरो रहेपछि त्यसको मूल कारक आफ्नो बाबु मानवीरसिंह र समाजलाई देखाउँदै त्यसको प्रतिशोध लिन सानीलाई विवाह गर्दै तत्कालीन समाजलाई चुनौती दिने एक साहसिक पात्रका रुपमा चित्रित भएको पाउँन सकिन्छ । समीर आफ्नो इच्छा अनुसार चन्दालाई प्राप्त गर्न नसकेपनि अर्न्तजातीय विवाह गरेरै छाड्ने दृढ सङ्कल्प भएको स्थीर चरित्र हो ।

## चन्दा

समीरको जात भन्दा तल्लो जातकी मानिएकी चन्दा प्रस्तुत एकाङ्की प्रतिशोधकी प्रमुख नारी पात्र हो । आफ्नो बाल्यकालदेखि प्रेम गर्ने प्रेमी समीर भर्तीमा जानलाग्दा अमर प्रेमको बाचा गर्दै बस्ने दृढ प्रेम भाव भएकी नारी हृदयका रुपमा चन्दालाई प्रस्तुत गरिएको छ । समीर पल्टनबाट विदामा घर आई विवाह गर्ने प्रस्ताव गर्दा आफ्नी रोगी आमाको कारण देखाउँदै विवाहलाई केही पर सार्न आग्रह गर्दै आफ्नो परिवारप्रतिको  उत्तरदायित्वलाई प्रस्तुत गर्ने नारी चरित्रका रुपमा चन्दालाई देखाएको पाइन्छ । समीरको विवाह अर्कै केटीसँग हुने निश्चित भएपछि चन्दाको पनि विवाह आफ्नो इच्छा विपरीत अर्कै केटासँग हुन्छ । तर पनि यी दुबैको प्रेम त्यतिकै रहेको देखिन्छ । चन्दाको विवाह भइ सकेपछि पनि समीरसँग भेटगरी पुनः उसँगै विवाह गर्ने भनी छुटे तापनि कारणवस आफूहरुले तयार गरेको समयमा भेट नभएपछि आत्महत्या समेत गर्न पुगेकी चन्दा प्रेम प्राप्ति मात्र नभएर वलीदान समेत हो भन्ने भनाइकी सार्थक उदाहरण बन्न पुगेकी देखिन्छ । आफ्नो प्रेममा दृढ विश्वास राखेपनि समीरलाई प्राप्त गर्न नसकी आफ्नो इच्छा विपरीत अर्कै केटासँग विवाह गर्न बाध्य नारी पात्र चन्दा समीरलाई प्राप्त गर्न नसकेको प्रतिशोध लिन आत्महत्या गर्नसम्म पछि नपर्ने गतिशील पात्रका रुपमा प्रस्तुत एकाङ्कीमा चन्दालाई चित्रण गरिएको देख्न सकिन्छ । यस एकाङ्कीमा बस्नेतकी छोरी रमा तथा सानी जस्ता नारी पात्रको उल्लेख भएपनि चन्दा नै प्रमुख र केन्द्रीय नारी चरित्रका रुपमा पाउन सकिन्छ ।

## लोचन

प्रस्तुत एकाङ्की प्रतिशोधमा सहायक पुरुष पात्रको रूपमा लोचनलाई प्रस्तुत गरिएको पाइन्छ । ऊ समीरको मिल्ने साथी र नातामा चन्दाको दाजुको रुपमा यस एकाङ्गीमा प्रस्तुत भएको देख्न सकिन्छ । लोचन मित्रताको हैसियतले समीर र चन्दाका मिलनका वीचमा उभिएको असल चरित्र हो । चन्दाको विवाहको खबर गर्ने, चन्दाको दैनिक क्रियाकलाप सम्बन्धी अध्ययन गर्दै समीर समक्ष पुऱ्याउने, चन्दा र समीर बीचको प्रेमको मध्यस्थता गरिदिने एक असल मित्रका रुपमा लोचन प्रस्तुत एकाङ्कीमा प्रस्तुत गरिएको छ । चन्दाको बिदाईले छटपटाईरहेको समीरलाई सम्भ्काउने बुभ्काउने काममा लागेको लोचन पुनः नजीकै पुगेको चन्दा र समीरको प्रेमको प्राप्तिको सम्भावना कारणबस सफल हुन नसकी चन्दाको. आत्माहत्या भएपछि विवश हुन पुगेको छ । त्यस दुर्घटनाको सम्पूर्ण जिम्मा चन्दाको परिवार, समीरको बाबु मानवीरसिंह क्षेत्री र त्यस समयमा पुरातनवादी रुढीबादी संस्कारले जकटिएको समाजलाई लगाउँदै आक्रोस व्यक्त गर्दै छ भने त्यस दुःखत घडीमा आफ्नो प्रेमीका चन्दालाई गुमाइ विवस बनेको आफ्नो मित्र समीरलाई सान्तवना दिदै सम्भ्काउने कुशल मित्रको रुपमा यस एकाङ्कीमा देखाउन खोजिएको पाइन्छ । भूमिकाका क्रममा लोचन समीर र मानवीर सिंह भन्दा पछाडि तेस्रो पुरुष चरित्रका रुपमा पाउन सकिन्छ ।

## ४.५.४ संवाद

प्रस्तुत एकाङ्की प्रतिशोधमा पनि एकाङ्कीकार राधिका रायाले आफ्नो अन्य एकाङ्कीहरुमा जस्तै लामा तथा छोटा दुवै प्रकारका संवादहरुको प्रयोग  गरेको पाउन सकिन्छ । उनले चयन गरेका प्रस्तुत एकाङ्कीका पात्रहरु क्रमशः मानवीरसिंह क्षेत्री ,समीर, चन्दा र लोचनका वीचमा मिलन विछोड हर्ष विश्मत पीडा आदि प्रकारका संवाद गराएको देख्न सकिन्छ ।

चारवटा दृश्यमा विभक्त यस एकाङ्कीमा सुरुको दृष्यमा अर्थात दृश्य १ मा समीर र चन्दा वीचमा आफ्नो प्रेमलाई साकार बनाउन सन्दर्भमा लछफल भएकको र चन्दाले आफ्नो आमाको स्वास्थ्यमा सुधार आएपछि मात्र विवाह गर्ने कुरा र समीरको सहमतिमा संवाद केन्द्रित रहेको पाउँन सकिन्छ । जस्तैः-

समीरः- अँ थाहा भयो । मेरो हिजोको प्रस्ताव स्वीकार गर्नमा तिमीलाई बाधा भयो होला । साच्चै भन चन्दा तिम्रो विचार के छ ?

चन्दा- मेरो विचार अझ सोध्नुहुदैछ समीर त्यही प्रस्ताव स्वीकृतिले मेरो अतृप्त आत्मा तृप्त भएको छ । अशान्त यो हृदय शान्त भएको अनुभव गर्दैछु । तर तपाई भने ...................... सधै मेरो भने केही सुन्नु नै हुन्न ! आफै मात्र भन्नु हुन्छ ।

समीर– के सुन्नु तिम्रो कुरा ? तिमी यही त चाहन्छौ अहिलेलाई के सम्झन्छौ कोनि मैले बुझनै सकिन विवाह एउटा ..................

चन्दा– म ! यति हतार नै किन समीर ! घरमा ममी सिकिस्त हुनुहुन्छ । यस्तो असहाय अवस्थामा मैले घर छोड्नु ? तपाई आफै सम्झनुहोस् त । नत्र बिरामी मुमाको आसुले मलाई पिर्ला । समीर म मेरी मुमाको एक थोपा आसुलाई जीवनमा श्राप सम्झन्छु ।[४४]

यसप्रकार चन्दाको आग्रहलाई स्वीकार गर्दै समीरले चन्दालाई नारी स्वभावका विषयका आफ्नो टिप्पणी दिदै आफू केही समय पर्खने कुराको सहमतिमा पुगेर पहिलेको हृदयको संवाद सकिएको देखिन्छ ।

यस्तै दोस्रो दृश्यमा समीरको बाबुले समीरलाई बिवाहको प्रस्ताव गर्दै बस्नेतकी छोरी रमा माग्न आग्रह गर्दछ तर यस्तो कार्य समीरलाई स्वीकार्य हुँदैन र दुवैमा सबै प्रकारका संवाद भएको देखाइएको छ भने समीरलाई सम्झाउने क्रममा लोचनको संवादलाई समेत यस दृश्यमा प्रस्तुत गरेको पाइन्छ भने चन्दाको बिवाहको कुराले आघात भएको संवाद प्रस्तुत दृश्यमा प्रस्तुत गरिएको छ । जस्तै :–

मानवीर- समीर अब पल्टनमा तेरो हाजीरीको समय पनि नजिकै आयो । रमाना हुनु अघि तेरो विवाहको विचार गरेको छु भने हाम्रा आफन्तले पनि ! सरदार कुलमान बस्नेतकी छोरी रमालाई भित्राउने बिचार छ । तेरो के बिचार छ ?

समीर- .......... (आवेसमा भयाभीतकण्ठले करायो ) बुबा ! म त्यो विवाह गर्न सक्दिन म ।[४५]

यस प्रकार रमालाई भन्दा चन्दालाई पत्नी बनाउने समीर र चन्दालाई नभएर रमालाई बुहारी बनाउने बिचार बोकेको मानवीर बीच संवाद चरम रुपमा भएको देख्न सकिन्छ । आफ्नो कुराको आडम्बर मानवीरले प्रस्तुत गरेको छ भने प्रेमको भाबुकता समीरले प्रस्तुत गरेको पाइन्छ ।

---

[४४] **पूर्ववत्** पृ.३० ।

[४५] **पूर्ववत्** पृ ३१ ।

यता सोही दृश्यमा लोचन र समीर वीच चन्दाको बिवाहको बिषयमा समेत छलफल भई चन्दाको बिवाह भएको घटना लोचनले समीरलाई सुनाए पछि कारुणिक संवादको प्रयोग भएको छ । जस्तै :–

लोचन– समीर ! चन्दाको बिषयमा बिशेष सूचना दिन आएको । आजको ३ दिन अघिनै चन्दाको बिहे भएछ – सिलगुडिका बासिन्दा एक धनवान प्रतिष्ठित सित ।

समीर– मेरी चन्दाको बिहे ? कसरी विश्वास गरुँ म ?

लोचन– हो समीर, बिश्वास गर । चन्दाका बाबुले फोटोकै भरमा बिहे सम्प्न्न गरेछन् । नातामा म.................।

समीर– नारीको जीवन । एउटा सानो भूलले जसरी सदा कलङ्कितमा गणना हुन्छे । यो संकीण समाजमा चोट पाएका नारी माझमा बिजयी भएका पुरुष समाजमा पनि मेरी चन्दा म कसरी भुल्न सकूँ म उनलाई ।[४६]

यस प्रकार चन्दाको बिवाह अर्कै केटोसित भए पछि समय क्रममा समीर र चन्दाको भेट हुन्छ । उनीहरुको भेटमा बिगतका तिता मीठा अनुभवहरु साटा साट गर्दै एक आपसमा दुख साटासाट गरेको देखिन्छ । यता समीरको बिवाहको टुङ्गो लागिसकेको अवस्था थियो भने अको तर्फ चन्दाको बिवाह भइसकेको तर ऊ माइतमा नै आएर बसेको समयमा समीर र चन्दा बीचनै बिवाह गर्ने संवादले महत्वपूर्ण बनाएको छ । जस्तैः–

समीर– बुबाले अनि आमाले पनि जातकी रमालाई बुहारी बनाउन साह्रै कोसिस गर्नुहुदैछ । दिन रात घरमा यही कुरा निस्कन्छ । अब के गर्ने ? तिमी नै भन ....... चन्दा तिमी केही गर ।

चन्दा– तपाईको बिचार नि के छ ?

समीर– बिचार त सहजै छ । रमालाई भित्राउन अघिनै तिमीलाई लिएर सुईकुच्चा ठोक्ने ! अब छुट्टी पनि पुग्न लाग्यो ।[४७]

---

४६ **पूर्ववत्** पृ. ३४ ।

४७ **पूर्ववत्** पृ. ३५ ।

यसरी चन्दालाई लिएर भाग्ने कुरा मिलाए पछि एकातिर रमासंगको बिवाहको तयारी घरमा भइरहेको हुन्छ भने अर्को तर्फ चन्दा र समीर भाग्ने अवस्थामा देखिन्छन्  तर भनेको समयमा समीर नआए पछि चन्दा आत्महत्या गर्दछ । त्यसैको प्रतिशोध लिन समीरले सानीलाई दुलही बनाएर भित्राउन खोज्दा बाबु र छोरा बीच सानीलाई पानी नचल्ने जात भन्दै जातीय सन्दर्भलाई मानवीरका माध्यमबाट उठाउन खोजिएको छ । जस्तै :–

मानवीर– (समीरको छेउमा उभिएकी एक युवतीलाई सम्बोधन गर्दै) अरे सानी ? तँ यहाँ किन उभिएकी छस् हँ तेरो मालिकको छेउमा तँलाई थाहा छैन तँ पानी नचल्ने जातकी छोरी, तेरो यस्तो सहास ! जा, बाहिर निस्की ।

समीर– बुबा, तपाई कसलाई भन्दै हुनुहुन्छ ? यो कटुशव्दमा ? मेरो बिवाह भईसक्यो आज बिहानै, महादुर्गाभवानीको मन्दिरमा । यो सानीलालई चन्दा सम्झनुहोस् मेरी धर्मपत्नी ।[४८]

यसरी प्रस्तुत एकाङ्कीमा लामा तथा छोटा दुवैप्रकारका संवादको प्रयोग भएको पाउन सकिन्छ ।

## ४.५.४ वातावरण/परिवेश

प्रस्तुत एकाङ्की प्रतिशोधमा प्रेममय वातावरणको सिर्जना भएको पाउन सकिन्छ । चन्दा समीरका बाल्यकाल देखिको प्रेम र तिनीहरूको समाजको कारण विछोडिएको पीडालाई लिएर तत्कालीन समाजको रुढीवादी सोच पुरातन आडम्बर आदिलाई वातावरणको रुपमा लिएको छ । स्थानको रुपमा कुनै ठाउँलाई किटान गरेर नभने पनि एकाङ्कीमा प्रयुक्त संवादका आधारमा दार्जीलिङ्गको परिवेशसंग मिल्दोजुल्दो पाउन सकिन्छ । दार्जीलिङ्गे चालचलनलाई बढी मात्रमा यस एकाङ्कीमाप्रस्तुत गरिएबाट यो एकाङ्कीको परिवेश दार्जीलिङ्गको परिवेशमा सीमित छ भन्न सकिन्छ । अन्त्य स्थानमा समीरको घर, उसको व्याक्तिगत कोठा, समीर र चन्दा भेट भएको ठाउँ, चन्दाको घर पल्टनको जागिर खाएको ठाउँ आदि स्थानहरुलाई समेत परिवेशको रुपमा लिन सकिन्छ । यता अर्कोतर्फ समीरको बाबु मानवीर सिंह र उसको रुढीवादी समाजलाई पनि यस एकाङ्कीको परिवेशको रुपमा लिन सकिन्छ । चन्दाले समीरलाई प्राप्त गर्न नसकी आत्मा हत्या गरेको वातावरण यस एकाङ्कीमा कारुणीक रुपमा प्रस्तुत भएको पाउन सकिन्छ भने चन्दाको आत्माहत्याको हत्यारा समीर

---

[४८] **पूर्ववत्** पृ ४० ।

र चन्दाको परिवार र त्यसको पछिलाग्ने पुरातनवादी सोचले जकडिएको रुढीवादी समाजलाई लगाउदै सानीलाई विवाह गरी आफ्नी प्रेमीका चन्दाको हत्याको प्रतिशोध लिएको भन्दै समीरले सानीलाई आफ्नो पत्नी बनाएको वातावरण अति महत्वपूर्ण रहेको देख्न सकिन्छ ।

## ४.५.५ उद्देश्य

प्रस्तुत एकाङ्की प्रतिशोधमा पनि एकाङ्कीकार रायाले आफ्ना अन्य एकाङ्कीहरुमा जस्तै ठोस उद्देश्य लिएर आएको देखिन्छ । विश्वका सामु ज्ञानबिज्ञाको चरम बिकास भइसके पनि हाम्रो समाजमा भने पुरातन सोच र रुढीवादीसंस्कारले घेराहालेकोहाल्यै छ । त्यस नियमलाई हटाउन अहिलेको नयाँ पिँढी लागेको छ भने त्यसलाई थामि राख्ने क्रममा लाग्ने पुरानो पुस्ता पनि त्यतिकै छ । यस सन्दर्भमा रायाले समाजलाई परिवर्तन गर्न अहिलेका युवा शक्तिको अह्म भूमिका रहेको कुरालाई समीर, चन्दा, सानी, लोचन जस्ता प्रत्यक्ष वा अप्रत्यक्ष पात्रहरुको माध्यमबाट खोजेकी छन् भन्न सकिन्छ भने पुरातन संस्कृतिलाई थामिराख्न मानवीर पुस्ताले जतिसुकै प्रयत्न गरे पनि अहिलेको पुस्तालाई त्यो कुरामा समाहित हुन नसक्ने कुरालाई देखाउन खोजिएको छ ।

## ४.५.६ भाषाशैली

प्रस्तुत एकाङ्की प्रतिशोधमा एकाङ्कीकार राधिका रायाले उनका अन्य एकाङ्कीहरुमा जस्तै सरल र सरस प्रकारका भाषाको प्रयोग गरेकी छन् । केही वाक्यहरुलाई लामो रुपमा प्रस्तुत गरे पनि क्लिष्टता भने छैन । छोटा तथा  लामा वाक्यहरुको समिश्रण गरि प्रस्तुत एकाङ्कीलाई मूर्तता दिएको छ ।

## ४.५.७ द्वन्द्व

प्रस्तुत एकाङ्की प्रतिशोधमा एकाङ्कीकार राधिका रायाले द्वन्द्वको राम्ररी समायोजन गरेकीछन् । उनले मानवीरसिंहका माध्यमबाट समाजको पुरातन संस्कृति र समीरका माध्यमबाट आधुनिक समाजको प्रतिनिधित्व गराइ पुरातन समाज र आधुनिक समाज बिचमा द्वन्द्व गराएकी छन् । मानवीरसिंह क्षेत्री पुरानो पुस्ताको प्रतिनिधित्व गर्दै अर्न्तजातिय बिवाहको विरुद्धमा देखिदै आफ्नै छोरा समिर र चन्दा बिचको बाल्लयकालदेखिको प्रेमको बाधक बनेको छ । यता समीर भने त्यसको प्रतिशोध लिन चन्दासंग आफ्नो सम्बन्ध स्थापित हुन नसके पछि आफ्नो इच्छा अनुसार “सानी” नाम गरेकी तल्लो जातकी केटीसँग विवाह गरी आफ्नो परिवारका साथै समाजलाई समेत त्याग

गरेको देखाइएको छ । एकातिर यस एकाङ्कीमा यथास्थितिवादी पात्रको रुपमा मानवीरसिंहलाई र उसको समाजलाई देखाइएको पाइन्छ भने अर्को तिर प्रगतिशील पात्रको रुपमा मानवीरसिंहकै छोरा समीरलाई प्रस्तुत गरी यथास्थितिवादी समाज र परिवर्तन चाहने युवापुस्ता बीचनै समाजको आमूल परिवर्तन गर्ने गराउने कुरामा द्वन्द्वको सिर्जना गरिएको छ । यसरी उत्पन्न द्वन्द्वले समीर र चन्दा बीचको सम्बन्ध स्थापित त हुन दिएन नै भने चन्दालाई त्यो पीडाले यस धर्तीमा बाँच्न पनि दिएको देखिँदैन ।

यसप्रकार यस एकाङ्कीमा पुरानो समाज र आधुनिक समाज बीचमा, पुरातन पुस्ता र नयाँ पुस्ताका बीचमा कलात्मक रुपमा द्वन्द्व देखाएकी छन् । यस्तै प्रकारका द्वन्द्वहरुले नै एकाङ्कीलाई कारुणिक बनाएको देखिन्छ ।

## ४.५.८ मञ्चनीयता

एकाङ्कीकार राधिका रायाको एकाङ्की प्रतिशोध मञ्चनका दृष्टिले योग्य रहेको छ । वि.स.२०१३ सालमा आकाशवाणी सैनिक केन्द्रबाट प्रसारित भइसकेको यो एकाङ्की चार वटा दृश्यमा बाडिएको छ । यसरी चार दृश्यमा प्रस्तुत एकाङ्कीलाई बाँडिएकोले बाहिरी संरचनागत रुपमा यो मञ्चन योग्य छ भन्न सकिन्छ । पात्र प्रयोगमा  न्यूनता अपनाइनु, कम पात्रको प्रयोग गर्नु, एकाङ्कीको घटनाकम केही थोरै ठाउँहरुलाई छाडेर एकाङ्कीका सम्पूर्ण घटनाक्रम एकै ठाउँमा घटेको हुँदा पनि प्रस्तुत एकाङ्की मञ्चनका दृष्टिले योग्य छ भन्न सकिन्छ । समीर र चन्दा बीच सम्बन्ध स्थापित हुन समीरको बाबुले बाधा गरे पछि चन्दा र समीरको भेट भएको एकान्त ठाउँको मञ्चन गर्न केही गाह्रो भए पनि अन्य घटनाक्रमको मञ्चन गर्न सकिने भएकाले मञ्चनका दृष्टिले प्रस्तुत एकाङ्की योग्य रहेको छ भन्न सकिन्छ ।

## ४.५.९ शीर्षक सार्थकता

प्रस्तुत  एकाङ्की प्रतिशोधमा पुरातन समाजको प्रतिनिधि पात्रको रुपमा देखिएको मानवीरसिंहले आधुनिक परिवर्तनशील समाजको प्रतिनिधि पात्रको रुपमा देखिएको समीर बीच

अन्तर्जातिय बिवाहका सम्बन्धमा द्वन्द्वको सिर्जना भएपछि समीरको बाल्यकालदेखिकी प्रियसी चन्दासँग सम्बन्ध स्थापित हुन नसकेपछि त्यसको प्रतिशोधमा चन्दाले आत्महत्या गर्नु र समीरले आफ्नो बाबुले आफ्नो इच्छा बिपरीत बस्नेतकी छोरी रमासंग बिवाह गर्नु पर्ने बाध्यात्मक परिस्थितिमा यसको प्रतिशोध लिन उसैको इच्छा अनुसार आफू भन्दा तल्लो जातकी “सानी” नामक केटीसंग बिवाह गरी आफ्नो परिवार र समाजले त्यो बिवाहलाई स्वीकार नगरे पछि त्यसको प्रतिशोध लिन उसले आफ्नो परिवार र समाजलाई त्याग गरेको छ । त्यही क्रममा उसले जातीय भेदभाव माथिको आफ्नो विजय स्वीकार गर्दै फेरि फर्केर नआउने गरी आफ्नो काममा सानीलाई लिएर प्रतिशोध लिन सके प्रतिशोध भन्दै बाटो लागेपछि कथाबस्तुको समाप्ति हुनुले प्रस्तुत एकाङ्की प्रतिशोधको शीर्षक सार्थक रहेको छ भन्न सकिन्छ ।

## ४.६ अधुरो कहानी एकाङ्कीको विश्लेषण

एकाङ्कीकार राधिका रायाको एकाङ्की सङ्ग्रह अर्न्तगत समेटिएको चौथो एकाङ्कीका रुपमा ‘अधुरो कहानी’ रहेको छ । वि.सं. २०१४ सालमा आकाशवाणी प्रसारण केन्द्रबाट यो एकांङ्की प्रसारित भएको थियो । यसमा तीनवटा दृश्यहरू रहेका छन् । एकाङ्कीको एकाङ्कीगत तत्वका आधारमा प्रस्तुत एकाङ्कीलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### ४.६.१ कथावस्तु

प्रस्तुत एकाङ्कीमा प्रकाश पढ्दै गरेको एउटा शिक्षित युवक हो । शशी पनि पढ्दै गरेकी प्रकाशकी प्रेमिका जो वाल्यअवस्था देखि नै प्रकाशलाई साथ दिईरहेकी नारी पात्रको केन्द्रीयतमा कथावस्तु अघि बडेको देखिन्छ । पढाइको क्रममा शशिले म्याट्रिक पास गर्छे । प्रकाश शिक्षित र चेतनशील भएको हुदाँ शशिलाई आफ्नो कर्तव्यवोध गराएर सुमार्ग पहिल्याउन सहयोग गर्छ । ‘स्थीर भएर पढ्यो भने मात्र आफ्नो भविष्य बन्ने पछिल्ला पिँढीलाई मार्गदर्शन हुने र आमाबाबुप्रतिको उत्तरदायित्व पूरा हुने जस्ता सन्देश प्रकाश शशीलाई दिन्छ । शशीले म्याट्रिक पास भएपछि जुनियर बेसिक ट्रेनिङमा भर्ना हुने सदिक्षा राखी प्रकाशलाई पत्र लेख्छिन् र त्यसैअनुरुप शशी जुनियर बेसिक ट्रेनिङमा भर्ना भई पढ्न थाल्दछिन् त्यहि क्रममा समयले पल्टा खाएर उनीमाथि मास्टरजी जस्तो पाषाण हृदयको व्यक्तिले अत्यचार गरी जीवन वर्वाद गरिदिएको देखिन्छ । जसले गर्दा उनी र प्रकाशको जीवनपथमा भयानक आधिबेहेरी र तुफान आई प्रेममा धक्का लागेको देखिन्छ । शशी घरसमाज सबै तिरबाट तिरस्कृत र बहिष्कृत भएपछि पाषाण हृदयको मास्टर

नामको व्यक्तिको नासोलाई जन्मदिई 'ज्योति' नाम राखेर मुटुको टुका सम्झी प्रकाशबाट पाएको अर्ती र उपदेश यसै नावालक प्रति खन्याएको पाइन्छ । शशी कलङकित नारीको रुपमा देखिन्छे । यसरी कलङकित नारीको असहाय छोरालाई देशको रत्न बनाउने प्रयत्न गर्दछे । यी घटेका घटनाहरुले प्रकाश बौलाहा जस्तो भएको देखिन्छ । यसै समयमा उसको साथी किरण आएपछि शशीले किरणलाई लेखेको पत्र देखाउदै 'अधुरो कहान' नाम दिई प्रकाशको पढ्न विदेश जाने योजना विफल भएको देखिन्छ । प्रकाश आफ्नो र शशी बीचको प्रेम सम्बन्ध स्थापित हुन नसक्नु आफ्ना पढाइलाई निरन्तरता दिन नसक्नु शशीले आफ्नो उद्देश्यलाई प्राप्त गर्न नसक्नु आदि घटनाक्रमलाई अधुरो कहानी भन्दछन । "साच्चै नै संसार यो एउटा नाट्यशाला मात्र हो हामी पात्रपात्री । सुखको क्षणिक छाया ..... अनि यस्तो बिछोड ..... दुःख .....अशान्ति पछि जीवन जब शेष होला पूर्ण हुन सक्ला र अधुरो कहानी ।"[ढढ] यसरी प्रकाश बिचलित भएको कथावस्तु एकाङ्कीमा रहेको छ । यस प्रकार कथानक आदि मध्य र अन्त्यको श्रृङ्खला अगाडि बढेको पाइन्छ ।

## ४.६.२ चरित्रचित्रण (पात्रको प्रयोग)

प्रस्तुत एकाङ्की 'अधुरो कहानी'मा एकाङ्कीकार राधिका रायाले आफ्ना अन्य एकाङ्कीहरुमा जस्तै कम पात्रको प्रयोग गरी पात्रगत रुपमा एकाङ्कीलाई छरितो पार्ने काम गरेको पाईन्छ । 'अधुरो कहानी' एकाङ्कीमा जम्मा तीन जना पात्रको मात्र प्रयोग गरेको पाइन्छ । ती पात्रहरुमा

प्रकाश- पढेलेखेको एक शिक्षित युवक ।

शशी- प्रकाशकी वाल्यकाल देखिकी प्रेमिका, पढ्दै गरेकी युवती ।

किरण- प्रकाशको साथी ।[छण]

### प्रकाश

प्रस्तुत एकाङ्की 'अधुरो कहानी' को प्रमुख पुरुष पात्रको रुपमा प्रकाशलाई प्रस्तुत गरेको पाइन्छ । प्रकाश एक पढेलेखेको शिक्षित युवकको रुपमा यस एकाङ्कीमा प्रस्तुत छ । ऊ शशीको वाल्यकाल देखिको प्रेमी हो । शशीले म्याट्रिक पास गरेपछि उच्च शिक्षा लिनलाई उपर्युक्त सरसल्लाह दिने असल पात्र हो । शशीसँगको आफ्नो प्रेमलाई मूर्त रूप दिन शशीलाई पढेर शिक्षित

---

४९ अधुरो कहानी एकाङ्की, पूर्ववत्, पृ. ५२ ।

५० पूर्ववत्, पृ. ४३ ।

बन्न अनेक उपायले अर्ती उपदेश दिने गरेको पाइन्छ । प्रकाश अनुशासित र शिक्षित भएबाट आफ्नो इज्जत र मर्यादालाई बचाइराख्न  हरेक पलपलमा शशीलाई उपदेश दिने र पढाइप्रति अभिप्रेरित गर्ने पात्रको रुपमा प्रस्तुत छ । पढाइका क्रममा आफ्नो प्रेमिका शशीले बेसिक ट्रेनिङमा भर्ना भई पढ्न थालेपछि प्रकाशको र शशीको सम्बन्धमा आँधीबेहेरी आएको पाइन्छ । त्यसको मुख्य कारक भनेको मास्टर नामक पाषाण हृदयको व्यक्तिलाई देखाइएको पाइन्छ । मास्टरजीले शशीको जीवनमाथि खेलवाड गरेपछि प्रकाशको जीवनमा प्रगतिपथको ढोका पूर्ण रुपमा बन्द भएको देखिन्छ । आफ्नो पढाइको सिलसिलामा विदेश जाने सपना अधुरो नै रहन्छ भने शशीलाई प्राप्त गरी जीवनलाई सुखमय वनाएर विताउने इच्छा पनि अधुरो नै रहेको छ । यसप्रकार प्रस्तुत एकाङ्कीको कथावस्तु वढी मात्रामा प्रकाशको चरित्रसँग नै केन्द्रित भएबाट प्रकाश यस एकाङ्कीको प्रमुख पुरुष पात्र हो भन्न सकिन्छ ।

### शशी

प्रस्तुत एकाङ्की अधुरो कहानीमा प्रयुक्त एकमात्र नारीपत्रको रुपमा शशीलाई प्रस्तुत गरेको पाइन्छ । शशीलाई यस एकाङ्कीका नायक प्रकाशकी वाल्यकाल देखिकी प्रेमिकाका रुपमा प्रस्तुत गरेको पाइन्छ  । शशी पढ्दै गरेकी शिक्षित युवतीका रुपमा देखिन्छे । आफ्नो जीवनलाई अगाडि बढाउने क्रममा आफ्नो प्रेमी प्रकाशबाट बिभिन्न अर्ती लिन उत्सुक रहने शशीलाई असल तथा जिज्ञासु  स्वभावकी नारी पात्रको रुपमा पाउन सकिन्छ । आफ्नो पढाइको क्रममा म्याट्रिक पास गरेपछि उच्च शिक्षालिने क्रममा जुनियर बेसिक ट्रेनिङमा भर्ना भई शिक्षा आर्जन गर्न थालेपछि शशी र प्रकाशको जीवनमा आँधी आएको देखिन्छ । मास्टरजी नामक पाषण हृदयको व्यक्तिले शशीको  जीवनमाथि जवरजस्ती खेलवाड गरेपछि त्यो पापी मास्टरको नासो हुर्किरहेको अवस्थामा प्रकाशसँगको सम्वन्धमा चिसोपन आई शशीको जीवन कारुणिक र दर्दनाक अवस्थामा पुगेको देखिन्छ । एकातिर शशीको यस्तो अवस्थाबाट प्रकाश विचलित भई बौलाहा जस्तो भएको छ भने अर्कोतर्फ शशीको यस्तो अवस्थामा समाजले उसलाई तिरस्कार गरेर बेसहारा बनेको कारुणिक अवस्थाको प्रस्तुती गरिएको पाइन्छ ।

यति हुँदाहुँदै पनि त्यस पापी मास्टरको नासोलाई जन्म दिएर ‘ज्योति’ नाम राखी त्यसलाई आफ्नो प्रेमी प्रकाशले विगतमा आफूलाई दिइको अर्ती उपदेश खन्याएको पाइन्छ । यस प्रकार शशीको चरित्रबाट प्रस्तुत एकांङ्की ‘अधुरो कहानीमा’ शशी र प्रकाशको प्रेम अधुरो रहन गएको छ

भने शशीको पढेर ठूलो हुने इच्छा साथै प्रकाशको विदेश गएर पढ्ने इच्छा समेत अधुरो कहानी मात्र बन्न पुगेको छ । त्यसैले यस एकाङ्कीमा शशी प्रमुख नारी चरित्रको रुपमा चित्रित छे भन्न सकिन्छ ।

## किरण

प्रस्तुत एकाङ्की अधुरो कहानीमा प्रकाशको असल साथीको रुपमा किरणलाई चित्रण गएिको पाइन्छ । किरणलाई एकाङ्कीको मध्यभागदेखिमात्र प्रस्तुत गरिएको छ । शशी जुनियर बेसिक ट्रनिङमा कालेङ्पोङ गएर आएपछि मात्र किरण एकाङ्कीमा देखिएको छ । शशी र प्रकाश बीचमा प्रेमको वाधकको रुपमा मास्टरजी देखिएर उनीहरुको जीवनमा बाटो अलग हुने अवस्थाको पूवार्द्धमा आएको किरणले शशी र प्रकाशलाई भेटाउने काम गरेको छ भने शशीको प्रेमको विछोडमा बौलाहा जस्तो भएको प्रकाशलाई सम्झाई बुझाई आफ्नो कर्तव्यपथमा अगाडि बढ्न आग्रह गर्ने असल मित्रका रुपमा एकाङ्कीमा चित्रित भएको पाइन्छ । किरण वियोग छट्पटाई जलपहाडको चिसोमा मध्यरातमा बसेको अवस्थामा प्रकाशलाई जीवनका हरेक आरोह अवरोहलाई  दर्शाउदै सम्झाउने प्रयासमा तल्लीन रहेको देखिएको पाइन्छ । शशीको मास्टरले इज्जत लुटेपछि शशीले पठाएको पत्र पढ्दै एकान्तमा बैलाहा जस्तो भएर बसेको अवस्थामा किरणले सम्झाउँदै वितेको कुरालाई सम्झनाले आउने जीवनको सुखमा वाधा दिन्छ, जीवन वेस्वादिलो र निरस बनाइदिन्छ । त्यसैले आफू नियन्त्रित हुनुपर्छ भन्दै प्रकाशलाई सम्झाउने प्रकाशको एक असल मित्रका रुपमा प्रस्तुत गरिएको देखिन्छ ।

## ४.६.३ संवाद

'अधुरो कहानी' एकाङ्कीमा पनि एकाङ्कीकार राधिका रायाले आफ्ना अन्य एकाङ्कीहरुमा जस्तै थोरै पात्रहरुका वीचमा छोटा तथा लामा दुवै प्रकारका संवादहहरुको प्रयोग गरेको पाइन्छ । उनले घटनाक्रम अनुसार आवश्यकता अनुसार कतै अति छोटा संवाद कतै अति लामा संवादहरुको प्रयोग गरेको पाइन्छ । प्रस्तुत एकाङ्की 'अधुरो कहानी' मा त्रिपक्षीय संवादको सिर्जना गरेकी छन् भन्न सकिन्छ । प्रकाश र शशीबीचमा बढीमात्रामा संवाद रहेका छन् भने प्रकाश र उसको साथी किरण बीचमा पनि संवाद गराएको पाइन्छ । तर एउटै एकाङ्कीका थोरै मात्र पात्रहरू भए पनि किरण र शशीको बीचमा भने संवाद भएको देखिदैन । समग्र एकाङ्ककी भर प्रकाश र शशीका बीचमा बढी मात्रमा संवाद भएको देखिन्छ ।

यस एकाङ्कीमा संवादको सुरुवात छोटो प्रकारका संवादबाट सुरु भएको पाइन्छ । जस्तैः-

प्रकाश- आउनुहोस भित्रै ।

शशि- के लेख्न लागेछौ प्रकाश ? आज बिदा हो । बिदाको दिनमा पनि तिम्रो यस्तो परिश्रम देख्दा म मा पनि कता कता स्फूर्ति जागेर आउँछ ।[छञ]

यस प्रकारक दुबै पात्रका बीचमा संवाद हुँदै जाँदा बीचमा दुबै प्रकाश र शशी भावुक पनि बन्न पुगेको पाइन्छ । जस्तैः-

प्रकाश- तर शशी,परिस्थितिको कमारो हामी किन हुने ब्यर्थै ? हामीले यो परिस्थितिलाई अधीनमा ल्याउनुपर्छ ।

शशी- हो प्रकाश कोसिस गर्छन सबैले निराश हुँदैनन् कोही । म पनि त कोसिस गर्दैछु । अर्थको अभावमा घरमा दिनहुँ नयाँ-नयाँ समस्या बढ्दै जादैछन् । बुबा बिरामी हुनुहुन्छ । गरिबी दिनहै-दिन हास्दैं आउँदैछ, स्वागत गर्ने औकात नै कहाँ छ र ? भाइबहिनीको स्कूलको खर्च दिनहुँ बढ्दैछ । घरमा पनि असान्ति बढिरहेछ । ............ यो जीवन नै कस्तो ! कस्तो यो जीवन ?[छद्द]

यसरी भावुक बन्न पुगेको शशी र प्रकाश बीचको सम्बन्ध बियोगमा परिणत हुन पुग्छ । जव शशी वेसिक ट्रेनिङ गर्नका लागि जान्छे त्यस क्रममा मास्टरजीले उनको अस्तित्वमाथि लुट मच्चाएपछि कथा वस्तुले अर्कै मोड लिएपछि तिनीहरुका बिचमा कारुणिक प्रकारको संवादले स्थान पाएको छ तर सुरुमा शशीले मास्टरजीको बिषयमा विपरीत कुरा गर्दा प्रकाशले प्रकाशले नपत्याएर शशी र प्रकाश वीच यस्तो संवादको सिर्जना भएको देखाइएको पाइन्छ । जस्तैः- मास्टरजीका विषयमा प्रकाशले कुरा गर्दा

शशी- कृतध्न पुरुष ! कति निर्लज्ज । शशी घोप्टेर रुन्छे ।

---

५१ **पूर्ववत्**, पृ.४४ ।

५२ **पूर्ववत्**, पृ.४४ ।

प्रकाश- अरे, के भयो शशी ? तिमीलाई मास्टरजी मन पर्दैन र ? त्यो त आफ्नो-आफ्नो दृष्टिकोणको फरक मात्र हो । मेरो रुचिको वस्तु सायद तिमीलाई रुचि नलाग्ला, तिम्रा रुचिका वस्तुमा पनि मलाई इच्छा नलाग्ला होइन र ?

शशी- होइन प्रकाश उसले गर्दा पुरुषजातिमा घृणा उत्पन्न हुन्छ । अविश्वासी ऊ ......... पुरुषजातिको कलङ्क हो । कहाँ त्यो मनुष्यको रुपमा दानव ! त्यो दानवलाई म घृणा गर्छु प्रकाश, घृणा गर्छु ।

प्रकाश- किन शशी ? त्यो मानिसलाई घृणा गर्छौ व्यर्थै । यस्तो कुरो भन्नु तिमीलाई शोभा दिदैन.......... छिः, व्यर्थै यी बलिन्द्र आँसुका धारा किन ..............उठ शशी ।[छघ]

यस प्रकार शशी र प्रकाशबीच मास्टरजीका विषयमा सामान्य मतभेद देखिए तापनि शशीमाथि गरेको मास्टरको अन्यायलाई शशी प्रकाशको अगाडि भन्न सक्दिन र त्यँहाबाट छुटेपछि पात्रद्वारा सो कुराको जानकारी गराउँछे । त्यसपछि प्रकाश विह्वल बन्छ र शून्यतामा रम्न थाल्दछ, एकोहोरो भएर बसिरहन्छ । यस्तो अवस्थामा किरणले प्रकाशलाई निराश नबन्न आग्रह गर्दै प्रकाशलाई सम्झाउने प्रत्यत्न गर्दछ । यसक्रममा भएको संवादको नमूना यस प्रकार छ :-

किरण- फेरि तिमी ती वितेको कुरा सोच्न लाग्यौ प्रकाश ? वितेका सम्झनाले आउने जीवनको सुखमा बाधा दिन्छ, जीवन वेस्वादिलो र निरस तुल्याइदिन्छ । जौं हिड क्वाटरमा ।

प्रकाश- क्वाटरमा ? अहँ म जान्न । मैले निर्णय गरें विदेश तिर पनि जान्न । मैले मेरो बेसुद्धीले आफ्नो कर्तव्यपथ भुल्दैछु .....................किरण ! शशीप्रतिको अमानसिक अत्याचारलाई चुपचाप सहँदैछु । विचरी शशी ! त्यति अल्प उमेरमै घरको भार सम्हाल्नु परेथ्यो । परिस्थितिले घच्याड्यो अनि मातृत्वको भारपनि एक्लै सम्हाल्नु पर्‍यो । फेरि मैले ......... बेशुद्धीले गर्दा मुमाको मायालाई पनि लत्याएर आएँ । मुमाको आँसु लाग्छ मलाई निश्चय । अव जे भयो भयो । म साँचै जान्न टाढा, अहिले नै घर फर्कन्छु ।

किरणः- कस्तो कुरा गर्न लाग्यौ प्रकाश ! मैले तिम्रो सामान .............. । आज रातीकै गाडीमा हामीले डिपू छाड्दैछौं । पागल नहोऊ प्रकाश, आफ्नो मनलाई बलियो गर ।[छद्ध]

---

५३ **पूर्ववत्**, पृ. ४९ ।

यस्ता प्रकारका संवादले एकाङ्कीलाई मूर्त रुप दिदैं एकाङ्कीलाई कारुणीक रुपमा प्रस्तुत गरेको पाउन सकिन्छ ।

## ४.६.४ परिवेश/ वातावरण

प्रस्तुत एकाङ्कीमा एकाङ्कीकार राधिका रायाले वाल्यकालदेखिको प्रेमी- प्रेमिकाको जोडीलाई प्रस्तुत गरेर सुरुमा प्रेममय वातावरण सिर्जना गरेकी छन् भन्न सकिन्छ । शशी र प्रकाशको सानै उमेरदेखिको प्रेमले नै एकाङ्कीको मध्य भागसम्म स्थान लिएको छ । तर एकाङ्कीको उत्तरार्धमा आएर मास्टरजीले शशीलाई इज्जत लुट्ने काम भएपछि दुबै प्रेमका जोडीहरु वियोगमा छट्पटाएको अवस्थालाई वातावरणको रुपमा लिन सकिन्छ । दार्जिलिङ्गको जलपहाडको परिवेशलाई पनि एकाङ्कीमा प्रस्तुत गरिएको पाइन्छ । परिवेशकै रूपमा शशीले म्याट्रिक पास गरेपछि जुनियर वेसिक ट्रेनिङ्गको सिलसिलामा कालेङपोङ्गको समेत उल्लेख भएको छ । जलपहाडको चिसो अवस्थाको चित्रण गरिएको पाइन्छ । एकाङ्कीको सुरुमा प्रकाशको आफ्नै कोठालाई परिवेशको रुपमा देखाए पनि घटना क्रम अनुसार  दार्जीलिङ्गका विभिन्न ठाउँहरुलाई परिवेशको रुपमा लिन सकिन्छ भने वातावरणको रुपमा जलपहाडको चिसो वातावरण, एकाङ्कीको सुरुवातमा प्रेममय वातावरण तथा अन्त्यमा प्रेमको वियोगको अवस्थाको चित्रण भएको पाउन सकिन्छ ।

## ४.५.६ उद्देश्य

एकाङ्कीकार राधिका रायाले आफ्ना अन्य एकाङ्कीहरुमा जस्तै कुनै न कुनै उद्देश्य प्रस्तुत एकाङ्की अधुरो कहानीमा पनि उभिएको पाइन्छ । प्रस्तुत एकाङ्कीमा एकाङ्कीकार राधिका रायाले नारी समस्याका बारेमा उठान गर्ने प्रयास गरेको पाउन सकिन्छ । एकाङ्कीको सुरुवातमा प्रेमका जोडीको बारेमा र उनीहरुका दिनचर्याका बिषयमा प्रस्तुत गर्न खोजिएको देखिन्छ भने शशी नामक नारी पात्रका माध्यमबाट नारीहरुको अस्तित्व ज्यादैं संवेदनशील हुन्छ, कुनै पाषण हृदयको मास्टरजी जस्ता चरित्रहरुद्वारा लुटिएर सहारा विहिन बन्न पुग्दछे भन्ने कुरा देखाउन खोजिएको पाउन सकिन्छ । कतिपय  पुरुषहरु बाहिरी रूपमा राम्रो र इमान्दार देखिए पनि त्यो भित्रभित्रै पुरुषका नाममा कलङ्क भएर बाँचेको हुन्छ र त्यस्ता चरित्रले आफ्नो पुरुष जातिमा कलङ्क त लाउँछ नै नारीको समेत अस्मिता लुटेर सिधा सोझा नारीहरुलाई समाजबाट तिरस्कृत हुन बाध्य बनाउने कार्यमा पनि क्रियाशील हुन्छन् भन्ने कुरालाई यस एकाङ्कीमा उल्लेख भएको पुरुष मास्टरजीका माध्यमबाट

[५४] **पूर्ववत्,** पृ. ५२ ।

देखाउन खोजेको पाउन सकिन्छ । नारीहरु आफ्नो चाहना विपरीत आफ्नो अस्मिता गुमाउँदा पनि नबुझ्ने निरीह समाजको चित्रण पनि यस एकाङ्कीमा मास्टरजीबाट लुटिएकी शशीलाई उसको परिवार र समाजले तिरस्कार गरेपछि उत्पन्न परिस्थितिबाट देखाउन खोजिएको पाउन सकिन्छ । यस प्रकार प्रस्तुत एकाङ्कीले नेपाली समाजमा रहेको नारी प्रतिको दृष्टिकोण र पुरुषहरुको बाहिरी रुप र भित्री कुण्ठाका बारेमा यस एकाङ्कीमा प्रयुक्त नारी पात्र शशीका माध्यमबाट देखाउन खोजेको पाइन्छ ।

### ४.६.६ भाषाशैली

प्रस्तुत एकाङ्की अधुरो कहनीमा एकाङ्कीकार राधिका रायाले साधारण बोलचालको उत्कृष्ट गद्य भाषाको प्रयोग गरेको पाइन्छ । सरल शब्द, मितव्ययी भाषाको प्रयोग प्रस्तुत एकाङ्कीमा रहेको छ । दार्जिलिङ्गको वरिपरिको परिवेशलाई समेटेर एकाङ्की तयार गरेको भएपनि वास्तवमा त्यहाँसँग प्रभावित भाषाको प्रयोग भने एकाङ्कीमा पाइँदैन । हाम्रै गाउँ समाजमा बोलिने नेपाली भाषाकै प्रयोग अधिक रुपमा प्रस्तुत एकाङ्कीमा भएको पाउन सकिन्छ । शैलीका दृष्टिले प्रस्तुत एकाङ्की तीन दृश्यमा बाँडिएको छ । छोटा तथा लामा वाक्यात्मक ढाँचामा उक्त एकाङ्की संरचित छ भन्न सकिन्छ । नारीको करुण अवस्थाको चित्रण गरी दुःखान्तीय घटनाक्रमलाई अगाँल्दै भावुक प्रवृत्तिको शैली अँगाल्न पुगेको पाइन्छ ।

यस प्रकार प्रस्तुत एकाङ्की अधुरो कहानी भाषाशैलीका दृष्टिले उत्कृष्ट छ भन्न सकिन्छ ।

### ४.६.७ द्वन्द्व (सङ्घर्ष)

प्रस्तुत एकाङ्की अधुरो कहानीमा एकाङ्कीकार राधिका रायाले तत्कालीन समाजमा विद्ययमान रहेको  नारीमाथिको खेलवाडका सम्बन्धमा वैचारिक द्वन्द्व प्रस्तुत गरेकी छन् भन्न सकिन्छ । एकाङ्कीमा शशीले म्याट्रिक पास गरेर पढ्न गएपछि मास्टरजी नामक व्यक्तिको अभद्र व्यवहारका कारण उत्पन्न परिस्थितिलाई तत्कालीन समाज र शशी कै परिवारले उसलाई तिरस्कार गर्नु , यस्तो वाध्यात्मक परिस्थितिमा एउटी अवला नारीका पक्षमा कसैले पनि आवाज नउठाउनु र

त्यो नारी तिरस्कृत भएर समाजबाट धपाइएको दृश्यबाट तात्कालीन समाजको लाचारी पन प्रति आफ्नो बैचारीक द्वन्द्व प्रस्तुत गरेकी छन् भन्न सकिन्छ । एकातिर शशीले मास्टरको त्यो नासो हुर्काउने कुरामा आफैँसँग अन्तरद्वन्द्व प्रस्तुत गरेको देखिन्छ भने आफ्नो सानै उमेर देखिकी प्रेयसी शशीको यस्तो अवस्था बनाउन मास्टरजी नामक ब्यक्तिलाई कुनै हदसम्म प्रतिकार गर्न नसकी आफैमा धिकार गर्ने प्रकाश भित्र पनि आफैमा द्वन्द्व देखिएको पाइन्छ । यस प्रकार बह्य रुपमा शशी र मस्टर बीच देखिएको द्वन्द्व बाहेकका अन्य कुनै प्रकारका द्वन्द्वहरु नदेखिए पनि आन्तरिक रुपमा शशी र प्रकाश दुबै पात्रहरुमा अन्तरद्वन्द्व रहेको पाइन्छ ।

## ४.६.८ मञ्चनीयता

मञ्चनीयताका दृष्टिले प्रस्तुत एकाङ्की अधुरो कहानी मञ्चन योग्य रहेको छ । दार्जिलिङ्गको जलपहाडमा सम्पूर्ण घटना कमहरु घटेका छन् । एकाङ्कीको कथा बस्तु सिमीत रुपमा अगाडि बढेदै पात्रहरुलाई मञ्चनमा प्रस्तुत गर्न सजिलो बनाएको छ । मञ्चनमा एकपटक भन्दा बढी दुई जाना भन्दा माथिको संख्यामा पात्रहरुको प्रयोग भएको छैन । दुई जाना मात्र पात्रको प्रयोग बढीमात्रामा गरिएको पाइन्छ । सिमित क्षेत्रको परिवेशलाई समेटेर तयार गरिएको एकाङ्कीमा मञ्चन गर्न सकिने खालका घटना क्रमहरु प्रस्तुत गरिएको पाइन्छ । त्यसैले मञ्चनीयताका दृष्टिले उक्त एकाङ्की योग्य छ भन्न सकिन्छ ।

## ४.६.९ शीर्षक सार्थकता

गरिबीले पेलिएको अशिक्षीत दाजुभाई दिदी बैनीहरुको अधुरो कहानी प्रकाशले लेख्न थाले पछि सुरुभएको एकाङ्की शशी र प्रकाशको वीचमा टुसाएको प्रेम कहानी पनि अधुरो नै रहेकाले प्रस्तुत एकाङ्कीको शीर्षक अधुरो कहानी सार्थक बन्न पुगेको छ । यस एकाङ्कीका प्रमुख पात्रहरु प्रकाश र शशीका जीवनमा लेखिएका उद्देश्यहरु कोरा कल्पनामा परिणत भै लक्षित उद्देश्यलाई हात पार्न असफल भै त्यो घटनाकममा मात्र कहानीको रुपमा देखाएको पाउन सकिन्छ । प्रकाश धेरै पढ्न विदेश जाने तथा शशीले म्याट्रिक पास गरेपछि जुनियर वेसिक ट्रेनिङ्ग लिई उच्च शिक्षा हासिल गरिसके पछि दुबै एकअर्का बीच वैवाहिक सम्बन्धमा बाँधिने लक्ष्य मास्टरजी नामक पाषण ब्यक्तिको शशी प्रतिको अभद्र ब्यवहारले चकनाचुर पारेर अधुरो बनाएको पाइन्छ । यस दुर्घटनाले शशीलाई आफ्नो उद्देश्य हासिल गर्न त परै जओस् घर परिवार तथा समाजमा समेत बस्न नसक्ने गरी तिरस्कृत भई भने प्रकाश पनि शशीको पीडाले आफ्नो लक्षित उद्देश्यमा पुग्न नसकी अधुरो

अवस्थामा नै बस्नु पर्ने भएकोले प्रस्तुत एकाङ्की शीर्षक अधुरो कहानी सबै कोणबाट सार्थक छ भन्न सकिन्छ ।

## ४.७ मुरली एकाङ्कीको विश्लेषण

एकाङ्कीकार राधिका रायाको जीवनको इच्छा एकाङ्की सङ्ग्रह भित्रको पाँचौ एकाङ्की मुरली रहेको देखिन्छ । यस एकाङ्कीको प्रकाशन सर्वप्रथम वि. स. २०१५ सालमा गुमानसिंह चाम्लिङ्को सम्पादनमा प्रकाशित साहित्य संगममा भएको पाइन्छ ।[छछ] एकाङ्कीगत तत्वहरूका आधारमा निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

### ४.७.१ कथावस्तु

प्रस्तुत एकाङ्की मुरलीमा डिग्री हासिल गरिसकेको महान् कलाकार र सङ्गीत पुजारी विप्लव र सन्तजोसेफ कलेजमा आई.ए. पढेदै गरेकी विप्लवकी साथी कला नामक नाी पात्रको केन्द्रीयतामा कथा वस्तु अगाडि बडेको पाइन्छ । यसैगरी विप्लवको विशिष्ट व्यक्तित्वको प्रभाव एक शिक्षित पारिवारिक एकमात्र पुत्री जो सरस्वती सरकारी कलेज दार्जीलिङकी विद्यार्थी हुन्, लाई पनि परेको पाइन्छ । यस्तै पृष्ठभूमीमा अघिबढेको यस एकाङ्कीको कथाबस्तुमा विप्लवका हरेक सफलतामा प्रेरणाकी स्रोत बनेकी कला आफ्नो परीक्षा सिध्याएर घर फर्कने बेला हुन्छ र सो विछोडको घडीमा स्मृतिको उपहार स्वरुप सङ्गीतकार विप्लवलाई मुरली प्रदान गर्दै जीवन पर्यन्त तपाईकी कला भन्ने विश्वासिलो बचन दिदै पिडित भएकी कलाको जीवनले अर्कै मोड लिएको पाइन्छ । कला घर बसेकै समयमा एक धनवान, प्रतिभाशाली आधुनिक युवक नृपेन्द्रसँग उनको विवाह सु-सम्पन्न हुन्छ । नृपेन्द्र विप्लवको आत्मीय मित्रपनि हुन जो विवाह पश्चात मित्र विप्लवलाई भेट्न आएकाछन् भने विप्लव कलाको विवाहको समाचरले आघात बनेको पाइन्छ । हृदयमा उर्लिएको अशान्तिको ज्वारभाटा रोक्न असमर्थ भई निरास हृदय लिई त्यही पुरानो मुरलीको सहारामा शान्तिको खोजी गर्दै विरही बनी सरस्वतीले उसलाई लेखेको प्रेम पत्र र आफ्नी प्रियसी कलाको मुरली एकै साथ राखी मुरली नै सदा सजीव रहने कुरा विप्लवबाट भनिएको कथावस्तु यस एकाङ्कीमा रहेको पाइन्छ । आत्मिक प्रेमले मानिसलाई कतिसम्म आघात बनाउँदो रहेछ भन्ने मानसिकताको चित्रण यस एकाङ्कीमा राम्ररी भएको देखिन्छ ।

---

५५ राधिका राया, **जीवनको इच्छा एकाङ्की सङ्ग्रह** पृ. १० ।

यस प्रकार एकाङ्कीकार राधिका रायाले प्रस्तुत एकाङ्की मुरलीको कथा वस्तु रैखिक ढाँचामा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा श्रृङ्खलित रहेको पाइन्छ ।

## ४.७.२ चरित्र चित्रण (पात्र प्रयोग)

प्रस्तुत एकाङ्की मुरलीमा पनि एकाङ्कीकार राधिका रायाले आफ्ना अन्य एकाङ्कीमा जस्तै सीमित पात्रहरुको प्रयोग गरेको पाइन्छ । ती पात्रहरुमा -

विप्लव- डिग्री हासिल गरेको एक शिक्षित युवक, महान् कलाकार साथै सङ्गीत पुजारी, प्यारो नाम विपिन ।

कला- सन्तजोसेफ कलेजमा अध्ययन कालमा विप्लवकी साथी ।

सरस्वती- छोटो मीठो नाँउ सरा, नेपाल (इलाम) को एक शिक्षित परिवारकी एकमात्र पुत्री, हालमा दार्जिलिङ्ग सरकारी कलेजकी विद्यार्थी ।

नृपेन्द्र- एक धनवान शिक्षित प्रतिभाशाली , आधुनिक युवक ।[छट]

यी पात्रहरुको चरित्र चित्रण यस प्रकार गर्न सकिन्छ -

### विप्लव

नेपालको इलामको कलेज पूरा गरी दार्जीलिङ्ग तिर गएको विप्लव यस एकाङ्कीमा प्रमुख पुरुष पात्रको रुपमा चित्रित भएको पाइन्छ । ऊ सङ्गीत प्रेमी महान् कलाकारको रुपमा स्थापित छ । सुरुकै समयमा सरस्वती नामक नारी पात्रको पत्रद्वारा गरिएको प्रेम प्रस्ताव अस्वीकार गर्दै कला नामक नारी पात्रसँग आफ्नो प्रेम स्थापना गर्ने पात्रको रुपमा विप्लवलाई प्रस्तुत एकाङ्कीमा चित्रण गरिएको पाइन्छ । विप्लव र कला बीचको प्रेम सम्बन्ध गाढा हुँदै गइरहेको बेला कलाले गान्तोक जाने कुरा गर्दा नजान आग्रह सुरुमा गरेपनि पछि आफूलाई नभूल्ने सर्तमा कलालाई विदा दिन्छ । समय अर्न्तरालमा कलाको नृपेन्द्र नामक आफ्नै साथीसँग वैवाहिक सम्बन्ध स्थापित भएपछि कलाले दिएको मुरलीलाई साथै लिएर भौंतारिन पुग्ने चरित्रको रुपमा विप्लवलाई प्रस्तुत गरिएको पाइन्छ । कलासँग विवाह भएपछि नृपेन्द्र विप्लवलाई भेट्न आई विप्लवको नै बढाइ चढाइ गरेर

---

५६ मुरली एकाङ्की, **पूर्ववत्** पृ. ५३ ।

कलाको विप्लवप्रतिको झुकावलाई प्रस्तुत गर्दछ । त्यसबाट आहात बनेको विप्लव नृपेन्द्रको बहिरगमन सगै उसको मनमा अशान्तिको ज्वारभाटा रोक्न असमर्थ भई असहाय निरास हृदय लिई कलाबाट प्राप्त मुरलीको साहारामा शान्तिको खोजमा हुरिर्दै खोलाको किनारै-किनार हिँड्न पुग्ने एक गतिशील चरित्रको रुपमा प्रस्तुत गरिएको पाइन्छ । एकै नासको चरित्र नभई यस एकाङ्कीमा कलाको प्रेमीका रुपमा देखिएको विप्लव कलाको विवाह अन्तै भएपछि चारैतिर भौंतारिन पुग्ने पुरुष पात्रका रुपमा देखिएको पाइन्छ ।यस्तो भौंतारिरहेको समयमा सराले लेखेको पत्रले केहि हदसम्म होसमा आउने विप्लव सुरुमा सरालाई अस्वीकार गरेपनि अन्त्यमा कलाले दिएको मुरली र सराले लेखेको पत्रलाई एकै दृष्टिले हेर्नुले सरा प्रति आफ्नो प्रेम प्रकट गरेको पाइन्छ ।

यस प्रकार समयको अन्तरालमा कलासँगको प्रेम सम्बन्ध सफल हुन नसके पछि सरा प्रति सहानुभूति राख्न पुगेको विप्लव कै केन्द्रीयतामा प्रस्तुत एकाङ्की अघि बढेकोले विप्लव नै यस एकाङ्कीको प्रमुख पात्र हो भन्न सकिन्छ ।

## कला

सन्तजोसफ कलेजमा अध्ययनकालमा विप्लवकी साथीको रुपमा देखिएकी कला समय अन्तरमा विप्लवकी प्रेमिकाका रुपमा एकाङ्कीको पूवार्द्धमा चित्रित भएको देखिन्छे भने कलाकै प्रेरणा र मायाबाट विप्लव अघिबढेको देखिन्छ । कला र विप्लव वीच प्रेम चक्कर चलिरहेको बेलामा स्मृतिको चिनो स्वरुप आफू कलकत्ता जाने बेलामा मुरली दिएकी कला यस एकाङ्कीमा प्रमुख नारी पात्रको रुपमा चित्रित छे । आफू कलकत्ता गएपछि विप्लवसँगको सम्बन्धमा बाधा आएको देखिन्छ । नृपेन्द्र नामक युवकसँग विवाह भएपछि विप्लवसँको सम्बन्ध छुटेको देखिन्छ । यसरी सुरुमा विप्लवकी प्रेमिका भई विप्लव सँगै बाँच्ने र केही समय टाढा हुँदा समेत आफ्नो सम्झना आइरहोस् भन्ने उद्देश्यले उसलाई असाध्यै मनपर्ने 'मुरली' उपहार दिएकी कलाले आफ्नो पारिवारिक वाध्यतामा परी अर्कै धनाड्य युवक नृपेन्द्रसँग वैवाहिक सम्बन्ध स्थापना गर्न पुग्ने एक गतिशील नारी चरित्रका रुपमा लिन सकिन्छ । कला गीत सङ्गीत मनपराउने नारी चरित्रको रुपका एकाङ्कीमा चित्रण गरिएको देखिन्छ । एकाङ्कीको पूवार्धमा मात्र कलाको उपस्थिति भएपनि उसँगै सम्पूर्ण घटना क्रम अघि बढेकोले कलालाई नै यस एकाङ्कीमा प्रमुख नारी पात्र मान्न सकिन्छ ।

## सरस्वती

नेपालको इलामबाट दार्जीलिङ्ग कलेजमा पढ्न भर्ना भएकी शिक्षित परिवारकी युवतीका रुपमा यस एकाङ्कीमा चिनिएकी सरस्वतीलाई छोटो र मीठो नाम 'सरा' बाट यस एकाङ्कीमा प्रस्तुत गरिएको देखिन्छ ।इलामबाट दार्जीलिङ पुग्ने वित्तिकै सरकारी कलेजमा भर्ना भएकी सरा विप्लवले चित्रकला प्रदर्शनीमा प्रथम स्थान हासिल गरेपछि ऊप्रति प्रभावित हुन्छे र पत्रद्वारा वधाइ दिँदै प्रेम प्रस्ताव राख्न पुग्ने नारी चरित्रका रुपमा प्रस्तुत गरिएको छ । आफूले राखेको प्रेम प्रस्ताव विप्लवद्वारा ग्रहण नगरेपनि लामो समयसम्म विप्लवकै प्रतीक्षामा बसेर विप्लवकी प्रेमिका कलाको विवाह अर्कै व्यक्तिसँग भएपछि पुःन विचलित रहेको विप्लवको मनलाई शान्त गराउन क्रियाशील सरालाई अन्तिममा विप्लव भौंरिदै हिडेपछि उसलाई पत्र लेखेर टेवुलमा राखि ऊ प्रति नै श्रद्धा दर्शाउने स्थिर नारी चरित्रका रुपमा प्रस्तुत एकाङ्कीमा चित्रण गरेको देखिन्छ ।

### नृपेन्द्र

विप्लवको वाल्यकालको साथीका रुपमा एकाङ्कीको उत्तरार्धतिर मात्र नृपेन्द्र चिनाइएको पाइन्छ । विप्लवकी प्रेमिका कलासँग वैवाहिक सम्बन्ध स्थापित गरेर विप्लवलाई कलाले गरेको उसको प्रशंसा सुनाउने र उनीहरु वीचको प्रेम सम्बन्धका बारेमा केही थाहा नपाएको पुरुष पात्रका रुपमा एकाङ्कीमा चित्रण गरिएको देखिन्छ । नृपेन्द्र एक धनवान् व्यक्ति तथा शिक्षित युवकको रुपमा चित्रण गरिएको छ । विप्लवकै प्रेमिका कलासँग विवाह बन्धनमा बाँधिएको भए पनि विप्लवसँग खुसी साटासाट गर्न पुग्ने नृपेन्द्र एकप्रकार सोझो चरित्रको रुपमा यस एकाङ्कीमा प्रस्तुत भएको देखिन्छ । नृपेन्द्रकै कारण विप्लव र कलाको प्रेम वियोगको स्थिति देखा परेपनि भूमिकाका रुपमा भने यस एकाङ्कीमा गौण पात्रकै रुपमा चित्रण गर्न सकिन्छ ।

## ४.७.३ संवाद

एकाङ्कीकार राधिका रायाले आफ्ना अन्य एकाङ्कीहरुमा जस्तै प्रस्तुत 'मुरली' एङ्काकीमा पनि छोटो तथा लामा संवादहरुको प्रयोग गरेको देखिन्छ । थोरै पात्रहरुका बीचको संवादको प्रयोगले प्रस्तुत एकाङ्कीलाई मिठास प्रदान गरेको छ । संवादको सुरुमा नै मनोवादात्मक रुपमा प्रस्तुत गरिएको पाइन्छ । यस प्रकार पात्रीय अर्न्तअनुभूति अभिव्यक्त गर्ने क्रममा संवाद सरल, सुबोध, सजीव र प्रभावात्मक किसिमको हुन पुगेकोछ । एकाङ्कीको सुरुमा सराले लेखेको पत्र पाप्त भएपनि प्रत्यक्ष संवाद कला र विप्लवका बीचमा नै भएको पाइन्छ । जस्तै-

कला- (विप्लवलाई देखेर खुसी हुँदै)  नमस्ते !

विप्लव- नमस्कार कला ! खोइ तिम्रा साथीहरु ? तिमीलाई दार्जीलिङको सानो रेलमा पुऱ्याउन आएनन् ?

कला- कसरी आउनु नि ? फर्केर जान.........................रात पर्छ । साथीहरु त आएथे .................... मात्रै । आज घुममा साथी मनुको घरमा  सत्यनारायण पूजा थियो । यसर्थ तिनीहरु सबै घुममा नै उत्रे ।

विप्लव- तिमी पनि एक दिन बसेर भोलि गएको भए हुन्थ्यो नि ।यति हतार किन ?[छठ]

यसरी सुरुमा संवाद कला र विप्लवका बीचबाटै सुरु भएको पाइन्छ भने विप्लव र कलावीचका सर्म्पूण संवादहरु कला र प्रेमका विषयमा नै बढी केन्द्रित भएको पाइन्छ । यही पृष्ठभूमिमा एकाङ्की अगाडि बढ्दै जाँदा कलाको विवाह नृपेन्द्रसँग भएपछि निरास बनेको विप्लवसँग नृपेन्द्रको भेट भइसकेपछि उनीहरुको वीचको संवादमा केही कौतुहलता पाउन सकिन्छ । नृपेन्द्रले आफ्नी पत्नी कलाले विप्लवको प्रशंशा गरेको कुरा विप्लवलाई सुनाइ रहदा विप्लव भित्रभित्रै जलिरहेको अवस्थाको चित्रण छ । जस्तैः

नृपेन्द्र- विपिन वाल्यअवस्थाको मित्रता अझ स्थायी छ हामीमा झन हिजो आज सुनमा सुगन्ध थपे जस्तो भएको छ । सुन्नुभो, मेरी श्रीमती तपाईको कला प्रति, सङ्गीतप्रति औधि रुचि लिन्छिन्, तपाईको प्रशंसा गर्न थाल्छिन् । मेरो हृदय पनि .............................. । कारण मेरो तपाई वाल्यसखा कला प्रतियोगितामा प्रथम भएखण्डमा बधाई छ । विपिन मेरो मात्र होइन मेरी कला, तँपाईकी भाउजूको तर्फबाट पनि ।

विप्लव- अहो ! नृपेन्द्र जी, धन्यवाद तँपाई दुबैलाई । यो मेरो अहोभाग्य हो, तँपाईहरूको बधाईमा म कृतार्थ भँए तर निपेन तँपाईले आफ्नो विहेको उपलक्षमा मलाई बोलाउनु भएन त, सयद धेरै साथीहरुमा भूल्नु भयोहोला ।[छड]

यसरी कला र नृपेन्द्रवीचको सम्बन्ध थाहा पाए पछि झन जल्न पुगेको विप्लव नृपेन्द्र बिदा भएर गए पछि एक्लोपनको रुपमा प्रस्तुत भएको पाइन्छ । संक्षेपमा भन्नुपर्दा यस एकाङ्कीमा संवादले

---

५७ पूर्ववत्, पृ. ५५ ।

५८ **पूर्ववत्,** पृ. ६१ ।

कथानक, चरित्र, वातावरण, उद्देश्य, आदिलाई संयोजन गर्दै यथार्थलाई अँगाल्न पुगेको र विप्लवका मध्यमबाट असहज मनोवृत्ति उद्घाटन गर्न पुगेको छ भन्न सकिन्छ ।

### ४.७.४ वातावरण / परिवेश

प्रस्तुत एकाङ्की मुरलीको घटना क्रमहरु दार्जीलिङ्गकै परिवेशमा घटित भएका छन् । इलामको विषयमा समान्य उल्लेख भएको भएपनि मुख्य घटनाक्रमहरु दार्जीलिङ्ग, त्यसको वरिपरि रहेका स्थानीय क्षेत्रहरुको उल्लेख भएबाट सहरिया वातावरणको पृष्ठभूमिमा रचित छ भन्न सकिन्छ । एकातिर दार्जिलिङ्गको परिवेशमा अगाडि बढेको कथानक छ भने अर्कोतर्फ विप्लव र कलावीचको प्रेमले एकाङ्कीको पूवार्धमा आनन्दित वातावरणको श्रृजना भएको छ तर मध्यभागमा पुगेर कलाको विवाह नृपेन्द्रसँग भएपछि त्यो वातावरण बिग्रन पुग्छ । यता सरस्वतीको प्रेम प्रस्ताव अस्वीकार गरेपछि विप्लवसँगको सम्बन्ध स्थापित नभएकोमा सराको जीवन उजाड देखाइएको छ । यसप्रकार प्रस्तुत एकाङ्कीमा विप्लव, कला र सरा वीचको एकअर्कामा भएको प्रेम सम्बन्धले आफ्नै प्रकारको वातावरण श्रृजना गरेको देखिनाले यस एकाङ्कीमा विभिन्न प्रकारका वातावरणको प्रयोग भएको पाइन्छ ।

### ४.७.५ उद्देश्य

एकाङ्कीकार राधिका रायाका एकाङ्कीहरुले प्रत्येकले विभिन्न प्रकारका उद्देश्यहरु बोकेका हुन्नछन् । प्रस्तुत एकाङ्की मुरली पनि केही उद्देश्यहरु बोकेर प्रस्तुत भएको पाइन्छ । प्रस्तुत एकाङ्कीमा विभिन्न चार जाना पात्रहरुको माध्यमबाट प्रेम प्राप्ति गर्दा वा प्रेममा सफलता हासिल गर्दा आउने खुसीपन,आफूले चाहेको प्रेमिका प्राप्त गर्न नसक्दा उत्पन्न हुने पीडाका विषयमा चित्रण गर्ने प्रयास गरेको पाउन सकिन्छ । विप्लव र कलाको प्रेम सम्बन्ध वैवाहिक बन्धनमा बाँधिन नसकी अन्य केटासँग कलाको विवाह भएपछि एकातिर विप्लव कलाको यादमा छट्पटाइ रहेको देखिन्छ भने अर्कोतिर कला आफ्नै पति नृपेन्द्रसँग विप्लवको बारेमा बारम्बार प्रशंसा गरिहेकी देखिन्छे । यस घटना कमबाट असल र सत्य प्रेम वाह्य रुपमा टुट्न गएमा वा यसप्रकारको प्रेम कसैले छुटाएर छुटाउन वाह्य रुपमा सकेपनि अन्तर हृदयबाट छुट्न सक्दैन भन्ने उद्देश्य प्रस्तुत एकाङ्कीले समेटेको पाइन्छ । नारीहरुको सत्य प्रेमको विजय हुन्छ भन्ने कुरालाई सराको चिठीलाई विप्लवले कलाले दिएको मुरलीसँगै दाँजेबाट देखाउन खोजेको पाइन्छ ।

यसरी यस एकाङ्कीले एकअर्का प्रतिको प्रेम सम्बन्धि घटना क्रमलाई देखाउन खोजेको छ भने अर्को तर्फ विछोडको पीडाले पिरोलिने युवाहरुको दर्दनाक अवस्थाको चित्रण गर्ने उद्देश्य समेत लिइएको पाइन्छ ।

## ४.७.६ भाषशैली

प्रस्तुत एकाङ्कीमा एकाङ्कीकार राधिका रायाले सरल किसिमको वोलचालको भाषा प्रयोगलाई सहज, स्वभाविक मार्मिक र संवेद्य रुपमा प्रस्तुत गरेकी छिन् । विशुद्ध गद्य भाषाको प्रयोग यस एकाङ्कीमा भएको छ । एकाङ्कीमा प्रयुक्त सबै पात्रहरुको भाषा सरल र सहज भएकोले एकै प्रकारको छ भन्न सकिन्छ । वर्णनात्मक शैलीमा एकाङ्की अगाडि बढेको छ । संवादमा छोटा छोटा वाक्यहरु प्रयोग गरी सरल रुपमा कथानकलाई अगाडि बढाउने काम भएको छ । कुनै पनि दृश्यमा नबाँडिएको यो एकाङ्की एकै दृश्यमा मात्र संरचित छ । विभिन्न घटनाक्रमहरुले एकाङ्कीलाई वियोगान्त तर्फ धकेलेको पाइनुले दुःखनन्तीय घटनाक्रमको शैलीमा यो एकाङ्की संरचित छ भन्न सकिन्छ ।

## ४.७.७ द्वन्द्व सङ्घर्ष

प्रस्तुत एकाङ्की मुरलीमा एकाङ्कीकार राधिका रायाले आन्तरिक मनोद्वन्द्वको बढीमात्रामा प्रयोग गरेकी छन् भन्न सकिन्छ । जव विप्लव इलामबाट दार्जीलिङ्ग गई चित्रकला प्रर्दशनीमा प्रथम भएपछि  सरस्वती (सरा)ले लेखेको पत्रको अध्ययन पछि उसमा एउटा द्वन्द्वको श्रृजना भएको देखिन्छ । सराले लेखेको पत्रको “म तँपाईकी, तँपाई मेरो” भन्ने पत्र अध्ययन गरिसकेपछि सरालाई अस्वीकार गर्ने समयमा उसमा अर्न्तद्वन्द्व सिर्जना भई एक्लै बर्बराएको देखिन्छ । यसरी सराप्रति आफ्नो प्रेम नभएपनि सरा पनि आफ्नै सोचाइमा लिन भएकी छे । सरा पनि अर्न्तद्वन्द्वमा रुमलिएकी छे भन्न सकिन्छ । जब एकाङ्कीको उत्तरार्धमा कलाको विवाह नृपेन्द्रसँग भएपछि कला र विप्लव दुबैलाई आन्तरिक रुपमा मानसिक द्वन्द्व प्रवल रहेको पाइन्छ । कलाले आफूलाई नियन्त्रणमा राख्न सके पनि आफ्नो पति नृपेन्द्रसँग विप्लवका विषयमा कुरा गरिरहनु ऊ भित्रको द्वन्द्वको परिणाम हो भन्न सकिन्छ । उता विप्लव कलाको वियोगका कारण उर्लिएको मन भित्रको ज्वारभाटालाई सहन नसकी पागलपन झैं प्रस्तुत गर्दै भौंतारिन पुग्दछ । यस प्रकार यस एकाङ्कीमा वाह्य रुपमा कुनैपनि पात्रहरुका विचमा द्वन्द्व देखाइएको पाइँदैन तर प्रत्येक पात्र आफ्नै

मन भित्र-भित्रै जलेका पाइन्छन् । तसर्थ यस एकाङ्कीमा वाह्य द्वन्द्व भन्दा आन्तरिक अर्न्तद्वन्द्व नै प्रवल रहेकोछ भन्न सकिन्छ ।

### ४.७.८ मञ्चनीयता

प्रस्तुत एकाङ्की 'मुरली' मञ्चनका दृष्टिले मध्यम खालको रहेकोछ । कला, सरा र विप्लव वीचमा भएका विभिन्न कुराहरु मञ्चन योग्य नै भएपनि कला दाजुभाउजूसँग गान्तोक जानलाई विप्लवसँग बिदा भएर रेलमा चढी हात हल्लाउँदै गएको दृश्यलाई एकाङ्कीमा प्रस्तुत गरेपनि रेल कुदेको दृश्यलाई एकाङ्कीको मञ्चमा मञ्चन गर्नमा गाह्रो पर्दछ । त्यस्तै कलाले नृपेन्दसँग विवाह गरेपछि कलाको वियोगमा छट्पटाएको समयमा विप्लव कुदेको खोलाको किनार भीर पहाडहरुलाई समेत रंगमञ्चमा संयोजन गर्न कठिन पर्ने भएकोले यो एकाङ्की मञ्चनीयताका दृष्टिले मध्यम खालको मात्र रहेको छ भन्न सकिन्छ ।

### ४.८.९ शीर्षक सार्थकता

प्रस्तुत एकाङ्कीको मुख्य कथाबस्तु विप्लव र कलावीचको प्रेम सम्बन्ध र विछोडको अवस्थामा केन्द्रित रहेको पाइन्छ । विप्लव एउटा महान् कलाकार तथा सङ्गीत पुजारी भएकोले उसलाई सङ्गीत मध्ये पनि 'मुरली' बढी मनपर्ने भएकोले उसले आफुसँग मुरली नभएर उसकै साथीको पुरानो मुरली बजाउने गर्थ्यो । उसको झुकाव थाहा पाएपछि कलाले आफु गान्तोक जाने समयमा स्मृतिको चिनो स्वरुप मुरली दिएकी थिई । त्यही मुरलीको साथमा कलाको यादमा बसिरहेको बिप्लव कलाको विवाह पश्चात पनि त्यो मुरली साथै लिई बाँचिरहेको थियो । कतै कुनै ठाउँ गए पनि त्यो प्रेमको प्रतीक मुरलीलाई साथै लिएर जाने गरेको पाइन्छ । कतै कुनै ठाँउ गएपनि त्यो प्रेमको प्रतीक मुरलीलाई उसले साथै लिएर जाने गरेको पाइन्छ । यस प्रकार मुरली कथाको सुरु अवस्था देखि अन्त्य सम्म वारम्बार आइरहेको र मुरलीलाई विप्लव र कलाको प्रेमको प्रतीको रुपमा प्रस्तुत गरेकाले प्रतीकात्मक रुपमा पनि शीर्षक सार्थक रहेको देखिन्छ

## ४.८ म फर्केर आँए एकाङ्कीको विश्लेषण

राधिका रायाको जीवनको इच्छा एकाङ्की सङ्ग्रह भित्रको छैटौं एकाङ्कीको रुपमा म फर्केर आँए एकाङ्की रहेको पाइन्छ । यस एकाङ्कीको प्रकाशन सर्वप्रथम वि.स. २०१५ सालमा नरा गुरुङ्गको

सम्पादनमा प्रकाशित पूर्णिमा पत्रिकामा भएको पाइन्छ ।[५९] एकाङ्कीगत तत्वहरूको आधारमा यस एकाङ्कीलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

## ४.८.१ कथावस्तु

यस एकाङ्कीको कथानकमा राधा एक बुबाआमाकी प्यारी छोरी र शिक्षित युवतीका रुपमा रहेको पाइन्छ । राधा नवौ कक्षामा अध्ययन गर्छिन् भने साहित्यिक सभा समारोहमा सक्रिय रुपमा भाग लिई समाजको हरेक कुरालाई परिष्कारवादी दृष्टिकोणबाट हेर्नुको साथै फराकिलो विचारधारा लिने पात्रको रुपमा लिएको पाइन्छ । राधाको बुबाको असामयिक निधन भएको र आमा पुरानो रुढीवादी विचार धारा लिएर सङ्कीर्णताको घेरा भित्र नै रहेको हुनाले आमा छोरीका वीचमा वैचारिक भिन्नता आएको देखिन्छ । राधा विभिन्न साहित्यिक कार्यक्रममा सहभागी भएको तथा अन्य क्रियाकलापमा सहभागी भएको उसकी आमालाई मनपरेको हुँदैन । त्यही कारण उनीहरुको वीच मतभेद देखिन थालेको पाइन्छ । यसै प्रसङ्गबाट अघिबढेको कथानकमा आमा, राधाको उमेर पुग्दै गएकोले आफ्नै जात मिल्ने त्यसै गाउँको देव नामक व्यक्तिसँग विवाह गरिदिने सोच राख्छिन् भने राधा जातमा तल्लो भएपनि गुणवान र उच्च विचार भएको उसकी साथी नराको दाजु मोहनसँग फरक मत राख्दछे र उसले मोहनसँग नै विवाह गर्छे तर यो कार्यलाई उसकी आमा र समाजले पचाउन सक्दैन मोहन काम विशेषले कलकत्ता गएको भोलिपल्ट नै राधालाई आफ्नो घरमा जबरजस्ती फर्काएर ल्याइ देवलाई जिम्मा लगाइन्छ । यसरी जबरजस्ती रुपमा राधालाई देवको जिम्मा लगाएपछि ऊ मानसिक तथा शरीरिक रुपमा रोगी बन्दै गएको देखिन्छ ।

आमाको सङ्कीर्णताको प्रभावमा रोगी र पिडित बनेकी राधाले किरण नामक शिशुको जन्म दिन्छे जो मोहनको प्रेमको  चिनो रहेको पाइन्छ । यसरी राधाले किरणलाई जन्म दिएपछि मोहनको सम्झनामा तड्पिदै  शोकाकुल बनेको पाइन्छ । राधा बिरामी भएको खबर कलकतामा मोहनले थाहाँ पाएर त्यहाँबाट फर्केर आएको र मिलनको गीत गुनगुनाउदै राधाको घरतिर लागेको तर अँध्यारो कोठामा नाबालक शिशुको उत्तराधिकारी समाजले बनाएको ब्यक्ति देबको साहारामा निश्चल राधालाई देखि राधा म फर्केर आएँ मेरो प्रतिज्ञा पूरा गर्न भनी मोहनले पीडा बोध गदै यस एकाङ्कीको कथा बस्तु  समाप्त भएको छ । यस प्रकार प्रस्तुत एकाङ्की म फर्केर आएको कथावस्तु

---

[५९] राधिका राया, **जीवनको इच्छा एकाङ्की सङ्ग्रह**, पृ.१० ।

रैखिक ढाँचामा आदि, मध्य र अत्यको श्रृङ्खलामा श्रृङ्खलित रहेको पईन्छ । नारी समस्याको केन्द्रीयतामा यस एकाङ्कीको कथावस्तु केन्द्रित रहेको पाइन्छ ।

## ४.८.२ चरित्र चित्रण -(पात्र प्रयाग )

एकाङ्कीकार राधिका रायको अन्य एकाङ्कीहरूमा जस्तै प्रस्तुत एकाङ्की 'म फर्कर आएँ' मा पनि सीमित पात्रहरुको प्रयोग भएको पाइन्छ । उनका अरु एकाङ्कीहरूमा जस्तै यो एकाङ्कीमा पनि पात्रगत भीड छैन भन्न सकिन्छ । प्रस्तुत म फर्कर आएँ एकाङ्कीमा प्रस्तुत पात्रहरु यस प्रकार रहेका छन ।

राधा - एक शिक्षित युवती बाल्यकालमा बा आमाकी प्यारी छोरी तर बाको असामयिक निधन ।

देब - आफ्नो पतिको मृत्यु पछि राधाकी आमाले राधाको निम्ति रुचाएको ब्यक्ति ।

नरा - राधाकी सहेंली

मोहन - नराको दाजु (उच्चविचार लिएको यथार्थवादी शिक्षित युवक राधाले रोजेको योग्य व्यक्ति, जीवनसाथी)

किरण - मोहन र राधाको नाबालक छोरा ।

आामा - राधाकी आमा ।[टण]

माथि उल्लेखित पात्रहरको चरित्र चित्रण यस प्रकार गर्न सकिन्छ:-

### राधा

एकाङ्कीकार राधिका रायाको प्रस्तुत एकाङ्की 'म फर्कर आएँ' मा प्रयुक्त नारी पात्र राधा एकाङ्कीकी प्रमुख नारी पात्र हो । राधाकै केन्द्रीयतामा एकाङ्कीको कथावस्तु अगाडि बढेको छ । राधा एक शिक्षित युवती हो । आफ्नो विद्यार्थी उमेरदेखि नै राजनीति तथा साहित्य र पत्रपत्रिका प्रकाशनमा झुकाव राख्ने तत्कालीन समाजको रुढिग्रस्तताको पृष्ठभूमिमा हुर्किएर पनि त्यस रुढिवादी संस्कारको छाँयासम्म नपरेकी एक प्रगतिशील युवतीका रुपमा यस एकाङ्कीमा राधालाई चित्रण गर्न सकिन्छ । आफ्नो बाबुको मृत्यु पश्चात आमाको साथमा हुर्किएकी राधा आफू विभिन्न

---

[६०] म फर्कर आए एकाङ्की, **पूर्ववत्** पृ.६५ ।

प्रगतिशील कार्यक्रमहरुमा सहभागि हुँदा आमाले बाधा गर्न खोजे पनि नरोकिने र कति पनि विचलित नभई गतिशील रुपमा अगाडि बढ्ने नारी पात्र हो । समयक्रमको दौरानमा आमाले नजिकैको सामन्ति परिवारको यथास्थितिवादी चरित्रको 'देव' नामक व्यक्तिसँग विवाह गरिदिने इच्छा व्यक्त गर्दा आफू त्यो व्यक्तिसँग विवाह नगरी आफैले रोजेको व्यक्तिसँग विवाह गर्ने विचार व्यक्त गर्दछे । यहि सोँच अनुरुप आफुले रोजेको मोहनसँग विवाह गर्न पुग्दछे । यसरी मोहन राधासँगको विवाहको केही समयपछि कलकत्ता जानु पर्ने भएकोले राधालाई चाँडै आउँने वाचाकासाथ हिँडेपछि राधाको जीवनमा भीषण आपत आइलाग्दछ । आफ्नी आमाले जबरजस्ती रुपमा घरमा ल्याएर समाजका रुढिग्रस्त सोचाइले गर्दा देवलाई जिम्मा लगाइन्छ । यता मोहनको नासो राधाको पेट भित्र-भित्रै हुर्कदै गएको छ । त्यसको समेत जिम्मा देवलाई लाइन्छ । समय पुगेपछि राधाले 'किरण' नामको बच्चालाई जन्म दिएपछि झन् मोहनको सम्झनामा तड्पी रहन्छे । यही कारण ऊ रोगी बन्दछे र यो थाहा पाई मोहन घर आएपछि राधाको घरतिर जाँदै गर्दा राधाको समीपमा नपुग्दै मोहनको नासो हुर्काउने जिम्मा देवलाई लगाउँदै यस लोकबाट विदा हुन्छे । यस प्रकार एकाङ्कीको सुरुदेखिको राधाको भूमिका र राधाको मृत्यु पछि एकाङ्की समाप्ति हुनुले राधा यस एकाङ्कीकी प्रमुख चरित्र हो भन्न सकिन्छ । सुरु देखि प्रगतिशील सोँच राख्दै मोहनलाई अङ्गाल्ने राधा मृत्युको मुख सम्म पनि मोहनकै यादमा छटपटाइरहनुले स्थिर चरित्रको रुपमा चित्रित भएको पाइन्छ ।

## देव

प्रस्तुत एकाङ्की 'म फकेर आएँ' को पुरुष पात्रको रुपमा देवलाई प्रस्तुत गरिएको देखिन्छ । राधाकी आमाले आफ्नी छोरीका लागि उपयुक्त ठहर्‍याएको युवकको रुपमा राधाको जात मिल्दो रुपमा प्रस्तुत गरिएको देखिन्छ । राधाले आमाको इच्छा विपरीत मोहनसँग विवाह गरेर गएपछि आमा लगायत समाजले फिर्ता ल्याएर पुःन देवलाई जिम्मा लगाइएको पात्र हो । सुरुमा राधाकी आमाले देवको प्रशंसा गर्दा राधाले शोषक, सामन्ती, गजभट्ट, लालसी भने पनि एकाङ्कीमा उसको कुनै भूमिका रहेको पाइँदैन त्यसैले देव यस एकाङ्कीको गौण पात्र हो भन्न सकिन्छ ।

## नरा

नरालाई प्रस्तुत एकाङ्की म फर्केर आएमा प्रमुख नारी पात्र राधाकी साथीको रुपमा प्रस्तुत गरेको पाइन्छ । यो भन्दा भूमिका नराको नपाइनुले नरा यस एकाङ्कीमा गौण पात्र रुपमा प्रस्तुत गरिएको देखिन्छ ।

## मोहन

प्रस्तुत एकाङ्कीमा राधा पछि दोस्रो मुख्य पात्रका रुपमा मोहन चित्रित भएको देखिन्छ ।मोहन पुरातन रुढीग्रस्त समाजको विरुद्धमा लड्दै आएको प्रगतिशील सोच भएको आधुनिक युवा पुस्ताको प्रतिनिधि पात्रको रुपमा आएको छ । राधाको प्रगतिशील विचारसँग सहमत हुँदै राधासँग वैवाहिक जीवनमा बाधिँए पनि राधाकी आमाको पुरातन सोचको कारण राधालाई गुमाउन पुगी रुढीवादी समाजले राधाको शिकार गरेपछि वियोगमा  पिल्सिएको पुरुष चरित्र हो । राधालाई पत्र पत्रिका प्रकाशन गर्न सहयोग गर्ने, साहित्यमा रुचि राख्ने पात्रको रुपमा यस एकाङ्कीमा मोहनलाई प्रस्तुत गरिएको छ । यस प्रकार सुरुदेखि राधाको प्रगतिको कामना गर्दै अविछिन्न रुपमा प्रगतिशील सोचले अगाडि बढिरहेको स्थिर चरित्रको पुरुष पात्र हो भन्न सकिन्छ । राधाको मृत्यु भएपछि म फर्केर आँए भन्दै अलाप गर्ने पात्रको रुपमा प्रस्तुत भएको देखिन्छ ।

## किरण

प्रस्तुत एकाङ्कीमा किरणलाई नावालक पात्रको रुपमा प्रस्तुत गरिएको देखिन्छ । राधालाई देवको जिम्मा लगाएपछि जन्मेको भएपनि मोहनको नासोको रुपमा उसलाई प्रस्तुत गरे बाहेक अन्य भूमिका केही भएको पाइँदैन ।

## आमा

प्रस्तुत एकाङ्की म फर्केर आएँमा  आमा पात्रका माध्यमबाट नै एकाङ्कीले गति लिएको पाइन्छ । प्रमुख नारी पात्र राधाकी आमाको रुपमा प्रस्तुत आमा पात्र पुरातन समाजको रुढीवादी सोचकी प्रतिनिधि पात्रको रुपमाचित्रित भएको पाइन्छ । आफ्नी छोरीले साहित्य र राजनीतिमा राखेको झुकावको बाधकदेखिएकी आमा एकाङ्कीको सुरुमा प्रवल भूमिकामा देखा परेकी छे भन्न सकिन्छ । राधाले आफ्नो इच्छा अनुसार मोहनसँग विवाह गरेपछि त्यसको प्रतिकारमा मोहनबाट अलग गराई राधालाई रोगी तुल्याउँदै  अन्तमा राधालाई मृत्युको मुखसम्म पुऱ्याउँने रुढीवादी संस्कारमा जकडिएकी पात्रको रुपमा चित्रण गरिएको पाइन्छ ।

## ४.८.३ संवाद

प्रस्तुत एकाङ्की म फर्केर आँए मा एकाङ्कीकार  राधिका रायाले सरल सहज मार्मिक, संवेद्य र आर्कषक प्रभावात्मक किसिमको संवादको प्रयोग गरेको देखिन्छ । प्रस्तुत एकाङ्कीमा छोटो तथा लामा दुबै प्रकारको संवाद प्रयोग भएका देखिन्छन् । संवादले एकाङ्कीलाई सजीव तुल्याई कौतूहलको अवस्था श्रृजना भएको पाइन्छ । संवादका वीचमा गीतका अन्तराहरुको समेत प्रयोग भएले कताकति कवितात्मक रुप पनि प्रस्तुत गरिएको पाइन्छ ।

एकाङ्की सुरुमा नै आमा र राधा वीच द्वन्द्वात्मक संवाद भएको पाइन्छ । जस्तैः-

आमा- राधा ! आज किन पो चाँडो आइस ................ विद्यालयबाट ?

राधा- हजुर आमा, यी पुस्तकहरु थन्क्याउन मात्र आएको मैले विहानै भनेथें नि.......... । आज मिटिङमा जानुपर्छ पत्रिकाको लागि । भरे आउँछु ।

आमा- (मन मनै सोच्न लागिन्) दुई वटा खाता च्यापेर के सोच्दै राधा ओराली झरेकी हेर,यसरी राधालाई मैले स्वतन्त्र दिएँ भने ...... के भविष्य राम्रो होला र ? फेरि रोकौं पनि कसरी ? उ हठी छ साह्रै जिद्दी स्वभावकी, मान्दिन भनेको पटक्कै नमान्ने । यति धेरै धन सम्पत्ति कसरी समाल्न सक्छे होली ?[टञ]

यसरी राधाकी आमाको मनमा यस्तो कुरा उठी मूर्तता पाएपछि राधा र आमा बीचमा द्वन्द्वको स्थिति देखा परेको पाइन्छ । जस्तैः-

राधा- (डराउँदै) आमा ! आज तँपाईलाई के भयो ? कहाँ ममताकी मूर्ति आमा तपाई, आज यो प्रलयकारी दानबी मूर्ति ! के भयो आमा तँपाईलाई, आमा ?

आमा- मलाई नसिका, तँलाई मेरो के वास्ता ?मलाई केही भएको छैन् । (लामो-लामो भयङ्कर स्वाँ-स्वाँ गर्दै) हाय राम ।[टद]

यस प्रकार द्वन्द्वले चर्को रूप धारण गरेपछि पनि राधा अलिकति पनि बिचलित नभई विभिन्न ठाउँमा अभिव्यक्ति दिदैं रहेको समयमा मोहनले उसको प्रशंसा गरेपछि मोहनसँगको

---

६१ **पूर्ववत्,** पृ. ६७ ।

६२ **पूर्ववत्,** पृ. ७१ ।

सामीप्यता बडेर मोहनसँग छुटने बेलामा मोहनले गीत गाएर संवादलाई सङ्गीतमयता प्रदान गरेको पाइन्छ । जस्तैः-

मोहन- मधुर मिलनको अनुभव गर्न म फर्कैर आएँ,

दुर देश एक्लोपन गहिरो पीर चन्चल मन

मुटुमा भतभत पोल्ने जलन

त्यही जल्न मेटाउन म फकेर आएँ

........................................।[६३]

यसरी संवादलाई संगीतमय बनाउँदै मोहन र राधाबीच सम्बन्ध अगाडि बढदै गएर विवाह भएपछि मोहन कलकत्ता गएको मौका पारी आमाले राधालाई फिर्ता ल्याएर देवसँग विवाह गराएपछि संवादले कारुणिक रुप लिन पुग्दछ । जस्तैः-

देव- आज पहिलो पल्ट तिमी मसँग वात मार्दैछ्यौ, तर कस्तो कुरा गरेकी ? तिमी चाँडै निरोगी हुन्छ्यौ । साँझ झमम्क पऱ्यो बत्ती बाल्नु पर्छ ।

राधा- होइन बत्ती नबाल्नु होस् । मलाई डरलाग्छ, डर लाग्छ मलाई ।

देव- के को डर ? म यहीँ छु ।

राधा- तँपाईको त होइन् देव, समाजको र आमाको ।[६४]

यसरी मानसिक रुपमा पीडा व्यक्त भएको संवादले कारुणिकताको सिर्जना गरेको छ । भने राधाले किरण नामक बालकलाई जन्म दिई आफ्नो प्राण त्याग गरेपछि मोहन समेत आइपुगेपछि वियोगले सहन नसकि पीडामा छट्पटाइ रहेको अवस्थामा देवले मोहनलाई सम्झाएको क्षणले पनि कारुणिकताको प्रस्तुति गरेको पाइन्छ । जस्तैः

देव- मोहन ! भयोअब भयो, राधाको मृत देहलाई तिम्रो करुणपुकारले पीडा नदेऊ ।

---

६३ **पूर्ववत्,** पृ. ७३ ।

६४ **पूर्ववत्,** पृ. ७७ ।

तिम्रो करुण पुकारले पिडा नदेऊ ।

मोहन- हेर देव,यो विशाल जगतमा एक्लै असाय तुल्याइ छोडेर गाइन् राधाले, समाजको यो अन्यायप्रति तिमी लड्नु पर्नेथ्यो राधा ! बाँचेर नै सत्य र आदर्शको प्रमाण दिनुपर्नेथ्यो, आखिरमा फर्केर आउँथे । एकपल्ट त बोल राधा ! के मेरो पुकार सुनेनौ राधा ?........म फर्केर आएँ ?[टछ]

यसरी उत्कृष्ट र छोटा वाक्यात्मक संवादले एकाङ्कीलाई पाठक समक्ष बुझ्न र साधारणीकरणका लागि सहज बनेको भन्न सकिन्छ ।

## ४.८.४ परिवेश/वातावरण

प्रस्तुत एकाङ्की 'म फर्केर आए'मा एकाङ्कीकार राधिका रायाले नारीहरूलाई शिक्षाबाट बञ्चित गर्दै अतिरिक्त क्रियाकलापहरुमा समावेश हुन नदिने पुरातन समाजको अमानवीय वातावरणको प्रस्तुति गरेको पाइन्छ । प्राचीन संस्कृतिले जकडेको सामाजिक परिवेशको पृष्ठभूमिमा यो एकाङ्की संरचित छ भन्न सकिन्छ । भारतको दार्जीलिङ्गको वरपिरिको स्थानालाई परिवेशको रुपमा प्रस्तुत गरिए पनि स्थान विशेषको वातावरण तथा परिवेश भन्दा काल विशेषको वातावरणलाई प्रस्तुत गरिएको पाउन सकिन्छ । पुरानो पुस्ताले नयाँ पुस्तामाथि अन्यायपूर्ण तरिकाले गरेको दमनलाई प्रस्तुत एकाङ्कीले राधा र मोहनको वियोगबाट कारुणिक वातावरणको सिर्जना भएको पाइन्छ । यसप्रकार पुरातन संस्कृतिलाई - परिवर्तन गर्न र प्रगतिशील सोचलाई अघि बढाउदै समाजलाई नयाँरुप दिन कठीन हुने शास्वत मान्यताको परिवेशलाई यस एकाङ्कीले अँगाल्न पुगेको पाइन्छ ।

## ४.८.५उद्देश्य

प्रस्तुत एकाङ्की 'म पर्केर आएँ' ले गहन उद्देश्य बोकेको पाइन्छ । यस एकाङ्कीले पुरानो रुढीवादी संस्कारले घेरेको समाजको चित्रण गर्ने उद्देश्य रहेको पाउन सकिन्छ । उक्त कुरालाई राधाकी आमाले राधाको अर्न्तजातीय विवाहलाई स्वीकार गर्न नसकी राधालाई पुनःदेव नामक व्याक्तिलाई जिम्मा लगाएबाट पुष्टि हुन जान्छ । यस्तै प्रस्तुत एकाङ्कीले पुरानो सामाजिक संस्कृतिलाई परिवर्तन गर्न लागेका युवा पुस्ताहरुको बारेमा पनि देखाउन खोजेको पाइन्छ ।

---

६५ **पूर्ववत्,** पृ. ७८ ।

एकाङ्कीकी प्रमुख नारीपात्र राधाले गरेको नारीअधिकार सम्बन्धी विभिन्न कुराहरु तथा मुक्तिका लागि गरिएको पत्रिका प्रकाशन, साहित्यिक गतिविधि र त्यस गतिविधिमा मोहनको समर्थन आदिबाट नयाँ पुस्ता परिवर्तनको पक्षमा सदैव रहन्छन् भन्ने कुरालाई देखाउन खोजेका पाइन्छ । एकाङ्कीकै एउटा पाटोमा मोहन र राधाबीचको प्रेम विवाह र त्यसबाट उत्पन्न परिस्थितिमा राधाको मृत्युले परिवर्तनकामी युवा शक्ति आफ्नो प्राण त्याग्न सक्छ तर अन्याय सहन सक्दैन भन्ने कुरालाई प्रष्ट पार्न खोजिएको देखिन्छ ।

प्रस्तुत एकाङ्की "म फर्केर आएँ" सुरुको कथावस्तुको प्रकृति हेर्दा स्वयं एकाङ्कीकारकै जीवनसँग समेत सम्बन्धित जस्तो हुने हुनाले एकाङ्कीकारको सहित्य श्रृजनामा लागेको समय वा उनको स्कूले जीवनलाई चित्रण गर्न खोजिएको कुरा स्वयं एकाङ्कीकार विद्यार्थी जीवनमा साहित्यिक पत्रपत्रिकाको प्रकाशनमा लाग्नु, राजनैतिक गतिविधिमा लाग्नु, वाल्य सखीको नाम नरा क्षेत्री हुनु र अर्न्तजातीय विवाह हुनुवाट केही घटनाक्रमलाई आफ्नै जीवनसँग समेट्न खोजेको भन्ने थाहा पाउन सकिन्छ । यसप्रकार दुई आत्मा वीचको आत्मिक प्रेम अमर हुन्छ भन्ने मूल सन्देश यसले बोकेको पाइन्छ ।

### ४.८.६ भाषाशैली

प्रस्तुत एकाङ्की सरल-सरस र सहज भाषामा संरचित छ । छोटा वाक्यात्मक शैलीमा रचित प्रस्तुत एकाङ्कीमा हाम्रै वरिपरिको परिवेशमा बोलिने प्रकारका शब्दहरुको चयनले एकाङ्कीलाई बोधगम्य बनाएको पाइन्छ । सरल नेपाली भाषाको प्रयोगले एकाङ्की साधारण प्रवृत्तिका पाठकहरुले समेत सजिलै बुझ्न सक्ने प्रकारको रहेको देखिन्छ । दार्जीलिङ्गको परिवेशमा रचना गरिएको एकाङ्की भएपनि त्यहाँको बोलीचालीको भाषाको प्रयोग पटक्कै पाइँदैन । राधा र मोहन छुट्ने वेलामा कताकति गीतका हरफहरूको प्रयोगले भाषालाई कवितामय बनाएको पाइन्छ । दुई दृश्यमा विभक्त यस एकाङ्कीमा सरल शैली अपनाएको देखिन्छ ।

### ४.८.७ द्वन्द्व

प्रस्तुत एकाङ्कीमा एकाङ्कीकार राधिका रायाले आफ्ना अन्य एकाङ्कीहरूमा जस्तै उत्कृष्ट द्वन्द्व समायोजन गरेकी छन् भन्न सकिन्छ । प्रस्तुत एकाङ्कीमा राधा र आमाको माध्यमबाट पुरातन संस्कृतिको आडम्बर र नयाँपुस्ताको प्रगतिशील सोचवीचमा द्वन्द्व प्रस्तुत गरिएको पाइन्छ । राधाकी

आमा र यसको समाजले पुरातन संस्कृतिको संरक्षणको काम गरेको छन् भने राधा र मोहन जस्ता पात्रले प्रगतिशील नयाँ युवापुस्ताको परिवर्तनकामी सोचलाई अङ्गीकार गरेको पाइन्छ । यिनै दुबै सोचवीचमा एक आपसमा द्वन्द्वको सिर्जना भएको पाउँन सकिन्छ । राधा विद्यार्थी जीवनमा साहित्यिक पत्रपत्रिका निकाल्ने, राजनैतिक गतितिधिमा भागलिने कुरा उसकी आमालाई मन पर्दैन र छोरीको स्वतन्त्रताप्रति नै आमाले शङ्का ब्यक्त गर्दछे । यस्तो शङ्का मनमा उठ्ने वित्तिकै राधाको विवाह गर्ने विचारले नजिकैको आफ्नो जाति मिल्ने देव नामक व्यक्तिसँग गरिदिने विचार गर्दछे भने अर्कोतर्फ राधा आफूसँग जाति मिल्ने होइन मन मिल्ने मोहनसँग विवाह गर्ने सोचमा प्रस्तुत भएपछि आमा र छारीका वीचमा वैचारिक रुपमा द्वन्द्वको सिर्जना भएको पाइन्छ । यसरी दुई पुस्ताकावीच वैचारिक द्वन्द्वलाई देखाउँदै अन्त्यमा पुरानो पुस्ताको हार र नयाँ पुस्ताको वलिदानी दिएर भएपनि विजय हातपार्ने कुरालाई एकाङ्कीमा प्रस्तुत प्रयुक्त द्वन्द्वहरुले प्रष्ट पारेको छ । जातीय द्वन्द्वलाई पनि यस एकाङ्कीले प्रस्तुत गरेको छ भन्न सकिन्छ ।

### ४.८.८ मञ्चनीयता

प्रस्तुत एकाङ्की मञ्चनीयताका दृष्टिले उपयुक्त रहेको छ । प्राय यस एकाङ्कीका घटनाक्रममा अस्थिर स्वभाव भएको नपाइएकोले र एकै ठाउँको परिवेशमा घटित घटनाक्रम भएकोले प्रस्तुत एकाङ्की मञ्चनीयताका दृष्टिले योग्य रहेको छ भन्न सकिन्छ । सामान्य रङ्गमञ्चमा पनि मञ्चन गर्न सकिने प्रकारको कथावस्तु यस एकाङ्कीमा प्रस्तुत भएको पाइन्छ ।

### ४.८.९ शीर्षक सार्थकता

प्रस्तुत एकाङ्की म फर्केर आएँ पुरानो पुस्ता र नयाँ पुस्ता वीचको वैचारिक संघर्षको पृष्ठभूमिमा रचित एकाङ्की हो । जसमा राधाले आफ्नी आमा र तात्कालीन इच्छा विपरीत मोहनसँग अर्न्तजातीय विवाह गरेपछि मोहन केही समयपछि फर्केर आउने गरी कलकत्ता गएको हुन्छ । मोहन र राधाको स्थापित वैवाहिक सम्बन्धलाई मननपराउने तत्कालीन समाज र राधाकै आमाको प्रयासमा राधालाई फिर्ता लगेर देव नाम गरेको व्यक्तिलाई जिम्मा लगाइन्छ । यसरी जबरजस्ती रुपमा राधाको इच्छा विपरीत पुनः अर्को विवाह गरेपनि आफ्नो पेटमा मोहनको प्रेमको चिनो हुर्कदै गरेको देखिन्छ । त्यही परिस्थितिमा राधाले किरण नामक बालकलाई जन्मदिई मृत्यु भएको केही समय मै

मोहन राधा विरामी भएको खवर पाई कलकत्ताबाट आइपुग्छ तर दैवको खेलले उसलाई राधासँग सजीव रुपमा भेटगर्न नसकेको अवस्थामा राधाको मृत शरिरमाथि विलाप गर्दै म जानेवेलामा छिट्टै फर्केर आउँछु भनेको थिएँ, त्यही बचन पूरा गर्न म फर्केर आएँ भन्दै कथावस्तु समाप्त भएकोले र मोहन र राधाकै केन्द्रीतयामा यो एकाङ्की केन्द्रित रहेकोले म फर्केर आएँ शीर्षक सार्थक रहेको छ भन्न सकिन्छ ।

## ४.९ आर्दश प्रेम एकाङ्कीको विश्लेषण

राधिका रायाको जीवनको इच्छा एकाङ्की सङ्ग्रह भित्रको सातौं एकाङ्कीको प्रकाशन सर्वप्रथम रहेको देखिन्छ । यस एकाङ्कीको प्रकाशन सर्वप्रथम वि.स. २०५३ सालमा लक्ष्मण श्रीमलको सम्पादनमा प्रकाशित नेपाली एकाङ्कीमा भएको पाइन्छ ।[टट] एकाङ्कीगत तत्वका आधारमा प्रस्तुत एकाङ्कीको विश्लेषण यस प्रकार गर्न सकिन्छ ।

### ४.९.१ कथावस्तु

प्रस्तुत एकाङ्की सबै पात्रहरु शङ्कर, पारु,मधु, अरुण कलेजका सहपाठी भएको र कलेज छुटेपछि उनीहरुको सुयोग्यमय समलोचक अरुणको अप्रत्यासित मृत्यु भएको विषयमा व्यापक चर्चा गर्दै घर फर्कन्छन् ।

यस एकाङ्कीका कन्द्रीय पात्र शङ्कर जसको साहित्यिक नाम सागर पनि हो र पारु रहेका देखिन्छन् । शङ्कर र पारु एकअर्कामा माया साटासाट गरिसकेका युगल प्रेमी भएको शङ्कर पढाइको सिलसिलामा कलकत्ता जानुपर्ने हुदाँ उनीहरुमा विछोडको छटपटी बढेको पाइन्छ । यसै अवस्थामा शङ्कर परदेश लाग्छ एकाएक पारु केही समयपछि बिरामी पर्छिन् । उनी बिरामी भएकै अवस्थामा शङ्करको सफलताको समाचार पाएर हर्षविभोर बनेकी पारु आफूमा निरोगी पनको महशुस गर्दै म त्यो त्यागी र आकांक्षाधारी हुँ, हजारौं आपत विपत सामना गरेरपनि प्रेमीको उज्वल प्रगतिको निम्ति आफ्नो जीवन आहुति दिई शङ्करजीका निम्ति सङकीर्ण जीवन गोरेटोलाई खुल्ला बनाई दिनेभनी बधाई पत्र लेख्छिन् । पत्र पढिसकेर पागल झै बनेको शङ्कर केही समयपछि आफ्नै देश फिर्छन् र शोक रोगले ग्रस्त बनेकी प्रेमिका पारुको घरतिर लाग्छन् भने पारु जीवन मरणको दोसाँधमा उनैलाई प्रतीक्षा गरिरहेको देखिन्छ । शङ्करको आवाज सुन्ने वित्तिकै हर्षित बनेकी पारु

---

[६६] राधिका राया **'जीवनको इच्छा एकाङ्की सङ्ग्रह (२०५९)'** पृ.१० ।

जिज्ञासु र प्रेरणामय नेत्रले हेर्दै उनको साहित्यिक नाम सागर उच्चारण गर्दै यसै नामबाट साहित्यिक साधनामा लाग्ने प्रेरणा दिदै सरस्वती देवीको उपासक बनी समालोचक अरुणको सिद्धान्तलाई अनुकरण गरी आदर्श साहित्यिक सेवक बन्न आग्रह गर्दै यसैमा दुबै प्रेमीको सफलता ठहरिने र अमर रहने कुरा गरेको पाइन्छ । शङ्कर पनि पारुका बचनहरुमा बचनबद्ध बन्दछन् । यतिकै बेला आर्दश प्रेम दीप निभ्छ । अर्थात पारुले यो दुनियाँलाई छोड्छिन् । यसरी शंकर र पारुको आर्दश प्रेमको सफल उदाहरण दिँदै यसको कथा बस्तु टुङ्गिएको देखिन्छ ।

सरल रैखिक ढाँचामा अगाडि बढेको प्रस्तुत एकाङ्की आदि, मध्य र अन्त्यको श्रृङखलामा संरचित भएको पाइन्छ ।

## ४.९.२ चरित्र चित्रण (पात्र प्रयोग)

प्रस्तुत एकाङ्की आर्दश प्रेममा एकाङ्कीकार राधिका रायाले आफ्ना अन्य एकाङ्कीहरुमा जस्तै सीमित पात्रहरुको प्रयोग गरेको पाइन्छ । यस एकाङ्कीमा मुख्य रुपमा दुई जना पात्रको प्रयोग भएकोछ । भने गैण पात्रको रुपमा केही पात्रहरुलाई प्रस्तुत गरिएको देखिन्छ । प्रस्तुत एकाङ्कीमा शङ्कर र पारुलाई मुख्य पात्रका रुपमा प्रस्तुत गरेको देखिन्छ भने सकील र मधु भूमिकाको आधारमा गौण पात्रका रुपमा प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत एकाङ्कीमा निम्नानुसार पात्रहरुको प्रयोग भएको देखिन्छ ।

शङ्कर- एक शिक्षित युवक उपनाम सागर भएको पारुको प्रियतम

पारु- एक शिक्षित तथा आर्दश नारी शङ्करकी प्रेमीका

सकील र मधु- पारुका कलेजका सहपाठीहरु [टठ]

माथि उल्लेखित चरित्रको निम्नानुसार चित्रण गर्न सकिन्छ ।

### ४.९.२.१ पारु

एकाङ्कीकार राधिका रायाले प्रस्तुत एकाङ्की आदर्श प्रेममा नारीको आदर्श रुपको चित्रण गरेकी छन् । आफ्नो प्रीयतम् शङ्करलाई पढ्नका अतिरिक्त साहित्यिक सिर्जनामा लाग्न प्रेरणा दिने पारु सामाजको आदर्श नारीहरुकी प्रतिनिधि पात्र हो भन्न सकिन्छ । अप्रत्यासित रुपमा मृत्य हुन पुगेको साहित्यिक व्यक्तित्वको प्रेरणा लिएर आफ्नो प्रियतम शङ्करलाई अगाडि बढ्न आग्रह गर्ने पारु त्यसरी शङ्करले प्रगति गरेमात्र आफू खुसी हुने कुरा व्यक्त गर्दछे । यसप्रकार युवा अवस्थाको

[६७] आदर्श प्रेम एकाङ्की, पूर्ववत् पृ. ७९ ।

प्रेममा पनि आफ्नो प्रियतम्लाई अध्ययन गर्न तथा साहित्यको क्षेत्रमा अघि बढ्न बाहिर गई पढ्न आग्रह गर्ने पारुलाई त्यागी तथा आदर्श नारीको रुपमा चित्रण गरेको पाइन्छ । आफ्नो प्रियतम बाहिर रहेको अवस्थामा आफू रोगी भई मृत्युशैयामा छटपटाइ रहेको बेला पनि शङ्करमो सफलताको खबर सुनेपछि खुसी प्रकट गर्दै सकिनसकी पत्र पठाउनु, शङ्कर पारुलाई भेटन आउँदा उसको साहित्यिक नाम सागरबाट प्रख्यात भई आफ्नो नाम अगाडि बढाउनु प्रण गर्न आग्रह गर्ने तथा आफू प्रतिको प्रेमलाई कुनै हाड छालाले बनेकी युवतीमा नखन्याएर अदृश्य सरस्वती देवीमा खन्याउन सक्नु र साहित्यको पूजा गरेर मेरा नाममा पुस्तकरूपी समाधि बनाइदिन आग्रह गर्दै युग युगसम्म हामी दुई प्रेमी जीवित रहन सकौं अमर रहन सकौं स्वर्गीय अरुणको सिद्धान्तलाई अनुकरण गरी ऊ जस्तै आदर्श साहित्यक सेवक बन्न सकौं भन्ने कामना गर्ने पारु वास्तवमा आदर्श चरित्रका रुपमा प्रस्तुत एकाङ्कीमा चित्रण भएको देखिन्छ । पारुकै चरित्रमा प्रस्तुत एकाङ्की केन्द्रित रहेकोले पारु नै यस एकाङ्कीकी प्रमुख नारी चरित्र हो भन्न सकिन्छ ।

### ४.९.२.१ शंकर

प्रस्तुत एकाङ्की आदर्श प्रेममा प्रमुख पुरुष चरित्रका रुपमा प्रस्तुत गरिएको देखिन्छ । आफ्नो साहित्यिक मित्र अरुणको निधनमा दुःखित बन्न पुगेको देखिन्छ । पारुको प्रियतमका रुपमा प्रस्तुत शङ्कर पारुकै प्रेरणा पाएर पारुकै इच्छा मुताविक उच्च शिक्षा लिनका लागि जाने बेलामा पारुसंग आफूले चिताएका कुरा पूरा हुने दृढता  व्यक्त गर्ने असल पुरुष पात्र हो । युवाअवस्थाको मोजमस्तीमा भन्दा आफ्नो जीवनलाई अगाडि बढाउन आफ्नो पढाइलाई निरन्तरता दिन तथा आफ्नी प्रेमिका पारुको इच्छा पूरा गर्न तयार रहने पात्रका रुपमा यस एकाङ्कीमा प्रस्तुत भएको देखिन्छ । आफ्नो अध्ययनका क्रममा अघि बढ्दै जादा सफलता प्राप्त गरेको देखिन्छ भने त्यो सफलता आफ्नो प्रयास मात्र नभएर आफ्नी प्रेमिका पारुको शुभकामना तथा शुभेच्छा समेत मान्ने आर्दश पुरुषको रुपमा शङ्करलाई प्रस्तुत एकांङ्कीमा चित्रण गरेको देखिन्छ। आफ्नो परीक्षाको समय नजिकिदै गरेको अवस्थामा पारुलाई लेखेको पत्रको जवाफमा विरामी भएपनि नआउन पारुले गरेको अनुरोधलाई स्वाभाविक ठान्दै आफ्नो परीक्षाको समीप्त पछि पारु भेट्न आएको शङ्कर पारुको रोगग्रस्त अवस्थामा दुखित बन्न पुग्दछ । पारुले शङ्करलाई आँशुरुपी पुष्पहरुले स्वागत गर्दा जस्तै अवस्था भएपनि हाँसो छोड्न आग्रह गर्ने भावुक युवकको रुपमा चित्रित भएको देखिन्छ । पारुको अन्तिम अवस्थामा पारुले साहित्यको पूजा गरेर मेरो नाममा पुस्तकरुपि समाधि बनाईदिने गरेको आग्रह स्वर्गीय अरुणको सिद्धान्तलाई अनुकरण गर्दै आदर्श साहित्यक सेवक बन्न गरेको आग्रहलाई

प्रण गर्दे आफ्नो साहित्यक उपनाम सागरलाई एउटा स्थापित साहित्यकारको रुपमा चिनाउँन प्रतिज्ञा गर्ने दृढ  र कर्तव्यनिष्ठ युवा पुस्ताको प्रतिनिधि पात्रका रुपमा प्रस्तुत गरिएको देखिन्छ । शङ्कर वाहेक अन्य पुरुष पात्रको भूमिका यस एकाङ्कीमा नरहेकाले शङ्कर नै यस एकाङ्कीको नायक हो भन्न सकिन्छ ।

यी  दुई मुख्य पात्र वाहेक अन्य पात्रहरु सकील, मधु आदि मुख्य पात्रको साथीको रुपमा देखिएपनि एकांङ्कीमा उनीहरूको केहि पनि भूमिका नरहेकोले ती पात्रहरु अत्यन्तै गौण पात्रका रुपमा मात्र प्रस्तुत भएको देखिन्छ ।

### ४.९.३ संवाद

प्रस्तुत  एकांङ्की 'आदर्श प्रेम'मा एकांङ्कीकार राधिका रायले आफ्ना अन्य एकमंङ्कीहरुमा जस्तै लामा तथा छोटा दुवै खाले संवादको प्रयोग गरेको पाईन्छ । एकांङ्कीमा ज्यादै लामा संवादहरु भएपनि सहज र स्वाभाविक रुपमा बुझ्न सकिने प्रकारका संवादहरु रहेका छन । साहित्यिक चिन्तन बोकेका साहित्य अनुरागीहरु बीचको संवादले एकांङ्कीलाई रसिलो बनाएको देखिन्छ ।

प्रस्तुत एकांङ्कीमा प्रयुक्त नारी पात्र पारुका संवादका माध्यम बाट एकांङ्कीलाई आदर्शता तिर ढल्काइएको देखिन्छ । शंकर, पारु अन्य साथीहरू बीचमा अरुणको असामायिक निधन प्रति दुख व्यक्त गर्दै भावमय संवाद बाट एकाङ्कीको सुरुवात भएको देखिन्छ ।जस्तैः-

सकील-  मिस पारो, आज नेपाली साहित्यको एक चम्किलो धुव्रताराको अन्त भयो । तरैपनि तपाईहरुमा निस्तब्धता छाएको देखिन्छ '.........'किन होला ?अघि शोकसभामा यहाँ प्रति कुनै जोसिलो भाषण सुनिएन हुन सक्छ निसन्देह, कारण गहिरो हुनसक्छ ।

पारु- ज्यू सकीलजी, कारण गहिरो हुनसक्छ, त्यसको गहिराइमा सायद तँपाई पुग्न पनि सक्नुहुन्न होला  । स्त्री जातीले कसैको मृत्यपछि गुण र अवगुण दर्शाउँदैनन् । भए नभएको अवगुण दर्शाएर समाजमा पाएको उच्च स्थानमा कलङ्क लगाउन चाहदैनन् । उनीप्रति हाम्रो हृदयमा श्रद्धा छ । उनको मृत्युमा हामी दुःखी छौं संवेदना प्रकट गऱ्यौं । बस भइगयो त अब क्रिटिसिज्म चाहियो किन, व्यथैमा तँपाईहरूलाई ?[टड]

[६८] **पूर्ववत्**, पृ. ८१ ।

यसरी एकांङ्गीको सुरुमा लामो तथा दुई पात्र बीच चोटिलो संवादको प्रस्तुतीले एकांङ्गीलाई रोचकतातिर मोडेको पाइन्छ । तर यो क्रम शङ्कर र पारु बीचको संवादमा टुटेर आर्दशबादी संवादमा परिणत भएको पाइन्छ । उनीहरुका बीचमा आफ्नो स्वास्थ्य र शिक्षाको प्रगतीको बारेमा बढी केन्द्रित हुँदै घटना क्रमलाई अगाडि बढाएको देखिन्छ । संवादकै क्रममा प्रस्तुत एकाङ्गीकी नारी पात्र पारु तथा पुरुष पात्र शङ्कर वीचमा टाढा रहदाँका वखत पत्रद्वारा पनि संवादको क्रम निरन्तरता भएको छ । यही क्रममा पारुको बिरामी अवस्थाको जानकरी पाएर पारुलाई भेट्न आएको शङ्कर र पारुबीच केही कारुणिक रुपमा संवाद भएको पाइन्छ । जस्तैः-

पारु- आउँनुभो, तँपाईलाई पुष्पहार पहिराई स्वागत गरुँला भन्थे, तर आज यो आँशु रुपी मालाले तँपाईको सफलतामा स्वागत गर्दैछु स्वीकार गर्नुहुन्छ ?

शङ्कर- स्वीकार गर्छु, तर पारो ! आँसुको पुष्पहार भन्दा पनि ज्यादा म तिम्रो हाँसो पुष्पहार पसन्द गर्छु ।

पारु- अव ममा त्यो शक्ति नै कहाँ छ र ? सागर !

शङ्कर- पारु आज तिमीलाई के भयो ? तिम्रो मुखबाट यो मेरो गुप्त नाम पारो ।

पारु- ज्यू सागरजी अब त्यही नाममा तँपाई साहित्य क्षेत्रमा अघि बढनुपर्छ । तँपाईको नाम सागर । तँपाई सागर झै गम्भीर हुनुपर्छ । सगर भित्रका अमूल्य हिरा-मोती जस्तै तँपाईको हृदय सागर पनि अद्भूत ज्ञान र बुद्धि छ ।[६९]

यस प्रकार छोटा वाक्यमक संवादहरुले एकाङ्गीलाई बोधगम्य बनाएको देखिन्छ । साधारण बोलचालको गद्य भाषिक प्रयोग संवाद यस एकाङ्गीको संवादगत निजी पहिचान हुन पुगेको भेटिन्छ । पात्रीय स्तर अनुरुप संवाद प्रयोग र परिवेशगत यथार्थताको झ-झल्को उतार्ने संवाद उपयोग यस एकाङ्गीका संवादीय विशेषता बन्न पुगेका छन् ।

### ४.९.४ परिवेश/ वातावरण

प्रस्तुत एकाङ्गीमा एकाङ्गीकार राधिका रायाले प्रेममय वातावरणको प्रयोग गरेकी छन् भन्न सकिन्छ । एउटासँगैको साथीको निधनमा शोकूल भएको परिवेशलाई अगाडि बढाउँदै यही

[६९] **पूर्ववत्,** पृ. ८५ ।

पृष्ठभूमिमा आर्दशवादी प्रेममय वातावरण तर्फ अगाडि बढेको पाइन्छ । एकाङ्कीकी नारीपात्र पारु र पुरुष पात्र शंकरका बीचको संवाद आर्दशता सँगसगै कारुणिक तथा मार्मिक बनाउदै भावुक वातारणको श्रृजना गरेको पाइन्छ । यसबाट प्रस्तुत एकाङ्की आर्दशवादी सामाजिक वातावरण कै पृष्ठभूमिमा संरचित छ भन्न सकिन्छ । रायाका आफ्नो युवा अवस्थाको समयलाई समेत यस एकाङ्कीमा परिवेशको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

### ४.९.५ उद्देश्य

प्रस्तुत एकाङ्की आदर्श प्रेम मा एकाङ्कीकार राधिका रायाले एकाङ्कीको शीर्षक अनुसार नारीको आर्दश रुपलाई प्रश्तुत गर्ने उद्देश्य लिएको देख्न सकिन्छ । यस एकाङ्कीमा नारी पात्र पारुको माध्यमबाट नारीहरु कसैको मृत्युपछि गुण र दोष दर्शाउँदैनन् । भए नभएका अवगुण दर्शाएर समाजमा पाएको स्थानलाई कलङ्क लगाउन चाहाँदैनन् बरु उनीहरुको समालोचनाले स्त्री जातिको निम्ति बाटो देखाउँने राँकोको रुपमा काम गर्दछ भन्ने कुरालाई देखाउन खोजिएको पाइन्छ । आफ्ना प्रियतमको प्रत्येक नारीहरु प्रगति चाहान्छन् । समाजमा आफ्नो प्यारो व्यक्तिको नाम उच्च राख्न चाहन्छन् । त्यसकै फल स्वरुप पुरुषहरुले पनि सफलता प्राप्त गर्दछन् भन्ने कुरालाई पारुको आर्दशवादी विचारलाई र आफ्नी प्रेमिकाको अर्दशवादी विचारलाई अगाडि लिएर बढ्ने प्रण गरेकाबाट देखाउन खोजिएको पाइन्छ । एकातिर प्रेमि प्रेमिका माध्यमबाट जीवनमा प्रेरणा लिदै अगाडि बढ्दै अर्को तर्फ नारीहरुको आफ्नो प्यारो व्यक्तिको सफलता नारीकै हातमा र व्यवहारमा भर पर्दछ भन्ने कुरालाई पनि यस एकाङ्कीमा देखाउन खोजेको पाइन्छ ।

### ४.९.६ भाषा शैली

साधारण बोलीचालीको गद्य भाषा प्रयोग यस एकाङ्कीको भाषिक प्रयोग हो भने छोटा वाक्यात्मक ढाचाँमा संवादको निर्माण गर्नु यस एकाङ्कीको शैलीगत प्रयोगको रुपमा लिन सकिन्छ । स्तरीय बौद्धिक भाषाको प्रयोग एवं प्रेम प्रणयात्मक तथा आर्दशवादी चिन्तन मूलक भाषाको प्रयोग यस एकाङ्कीमा भएको पाइन्छ । साहित्यिक वातावरणलाई चित्रण गर्न खोजिए पनि भाषागत प्रयोग क्लिष्ट नभएर सरल सरस र बोधगम्य भएको पाइन्छ । शैलीका दृष्टिले साहित्यिक वातावरणलाई औल्याउँदै सामान्य विषयबस्तुलाई गम्भीर रुपमा प्रस्तुत गर्दै कारुणिक रुपमा रुपान्तरण गरि समग्र एकाङ्कीलाई करुणरसमय बनाइएको देखिन्छ ।यसरी एकाङ्कीलाई करुणरसमय बनाउन सरल र सहज भाषा शैलीको प्रयोग भएकोले प्रस्तुत एकाङ्की भाषाशैलीका दृष्टिले सरल रहेको छ भन्न सकिन्छ ।

### ४.९.७ द्वन्द्व

प्रस्तुत एकाङ्की आर्दश प्रेमका एकाङ्कीकार राधिका रायाले एकाङ्कीकै सुरुमा साहित्यकार अरुणको मृत्यु पछि पारु लगायत अन्य पात्रहरूका बीचमा बैचारिक रुपमा द्वन्द्व भएको देखिन्छ । सकील नामक पात्रले पारुलाई नारी जातिका विषयमा समालोचना गर्दै कलम चलाउने व्यक्ति ( अरुण)को मृत्युको बेलामा प्रसन्न हुनुहुँदैन भन्दै नारीसमालोचनालाई केन्द्रविन्दु बनाई आफ्नो विचार राखेपछि पारुले नारीलाई समालोचनाले राँकोको काम गर्छ भन्दै बैचारिक रुपमा द्वन्द्व प्रस्तुत गरिएको छ । द्वन्द्वकै क्रममा पारु र उसको प्रियतम शङ्करका बीचमा पनि आफू आफू भित्रै अर्न्तद्वन्द्व रहेको पाइन्छ । यसमा पारुको प्रेरणा पूरा गर्नलाई शङ्कर र आफूले दिएको आदर्श प्रेमलाई शङ्करले पूरा गर्छ कि गर्दैन भन्ने विचारलाई मनमा लिएको देखिन्छ । यस विचारले ती पात्रहरू भित्र आफू आफूमा मनोद्वन्द्व भएको पाइन्छ ।

यस प्रकार एकाङ्कीमा सुरुमा सकील र पारुका वीचमा भएको बैचारिक द्वन्द्व बाहेक बाहिरी रुपमा कुनै पनि द्वन्द्व नदेखिए पनि पात्रका भित्रि मनमा भने सामान्य रुपमा केही द्वन्द्व रहेको देखिन्छ ।

### ४.९.८. शीर्षक सार्थकता

प्रस्तुत एकाङ्की आदर्श प्रेमको शीर्षक एकाङ्कीको घटनाक्रमको समग्र पाटोलाई हेर्दा सार्थक देखिन्छ । यो एकाङ्की पारु नामक नारी पात्रसँग सँगै हिडेको र पारुले प्रस्तुत एकाङ्की कै पुरुष पात्र शङ्कर प्रति देखिएको प्रेमको आदर्शताले नै शीर्षकलाई सार्थक बनाउने काम गरेको छ भन्न सकिन्छ । आफ्नो सहयात्री साहित्यिक व्यक्तित्वको निधन प्रति शोकाकूल बने पनि केही आफ्ना साथीहरूले भावुकताका बारेमा शङ्का उठाएपछि त्यो प्रति आफ्नो आदर्शवादी विचार प्रस्तुत गर्ने नारी पात्र पारु शङ्कर नामक व्यक्तिसँग आत्मीय प्रेम गर्दै सधैं उसलाई प्रगतिको पथमा लाग्न आग्रह गर्दछे । आफू बिरामी भएर सिकिस्त भएको बेला पनि आफ्नो बिरामीको प्रर्वाह नगरी शिक्षा आर्जनमा लागि सफलता हात पार्न आग्रह गर्ने साहित्यिक सिर्जना गर्दै आफ्नो नामलाई सधै प्रसिद्ध राख्न आग्रह गर्ने पारुको अन्तिम अवस्थाको इच्छामा समेत साहित्यको पूजा गरेर आफ्नो नाममा पुस्तकरुपी समाधि बनाएर राख्न तथा स्वर्गीय अरुण (समालोचक) को सिद्धान्तलाई अनुकरण गर्दै

ऊ जस्तै आदर्श साहित्यिक सेवक बन्ने आदर्शवादी प्रेममयी विचार व्यक्त गरेकोले प्रस्तुत एकाङ्की आदर्श प्रेम शीर्षक सार्थक रहेको छ भन्न सकिन्छ ।

### ४.९.९ मञ्चनीयता

प्रस्तुत एकाङ्की आदर्श प्रेम मञ्चनका दृष्टिले योग्य रहेको देखिन्छ । एकाङ्कीको घटनाक्रम प्राय एउटै परिवेशमा घटेको हुनाले मञ्चमा मञ्चन गर्न सजिलो हुने देखिन्छ । पारुको विरामी शरीर रहेको स्थानसंग नै एकाङ्कीको कथा बस्तु केन्द्रित छ भने शङ्कर पढन बसेको समयमा दोहोरो संवाद भएको र पारु र शङ्करको पढ्ने ठाउँको विषयमा एकै पटक प्रर्दशन गर्नु अनिवार्य नदेखिएकोले पनि एकाङ्कीलाई मञ्चन योग्य नै मान्न सकिन्छ ।

यसप्रकार कार्यव्यापारको गतिशील प्रवाह स्थानीयताको उपयुक्त संयोजन संवादगत भाषिक स्तर निर्वाह यस एकाङ्कीमा अभिनेय गुण एवं पक्ष बन्न पुगेका छन् । समग्र अभिनेयका दृष्टिले प्रस्तुत एकाङ्की उत्कृष्ट र प्रभावशील मार्मिक संवेदनात्मक बन्न पुगेको देखिन्छ ।

## ४.१० मैले भूल गरे एकाङ्कीको विश्लेषण

एकाङ्कीकार राधिका रायाको जीवनको इच्छा एकाङ्की सङ्ग्रह भित्रको आठौ एकाङ्कीको रुपमा 'मैले भूल गरें' रहेको छ । यस एकाङ्कीको प्रकाशन सर्वप्रथम वि.सं. २०३४ सालमा रामलाल अधिकारीको सम्पादनमा प्रकाशित नेपाली एकाङ्की यात्रामा भएको देखिन्छ ।[७०] प्रस्तुत एकाङ्कीलाई तत्वगत आधारमा निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

### ४.१०.१ कथावस्तु

प्रस्तुत एकाङ्की 'मैले भूल गरें' को कथावस्तु दुई लाहुरे युवाका वीचको वार्तालापलाई देखाइएको पाइन्छ । आनन्द र कमल नामक युवकहरूको वार्तालापबाट कथाानकले विकसित मोड लिएको पाइन्छ । आनन्द सैनिक जीवनमा होमिएको चार वर्ष भइसकेको छ भने कमल भर्खर फौजीमा भर्ती भएको र तालिमका लागि जान लागेको भावुक युवाको प्रस्तुति प्रस्तुत एकाङ्कीमा गरेको पाइन्छ । यी दुवै छुट्टीमा घर आएका थिए र छुट्टी सकिदा ड्यूटिमा फर्कने क्रममा दार्जीलिङ्गबाट चल्ने रेलको एउटै डिब्बामा परेका छन् । यस बेला कमललाई स्पष्ट कुनै पीडाबोध

[७०] राधिका राया, **जीवनको इच्छा एकाङ्की** सङ्ग्रह, पृ. १० ।

भैरहेको छ  भन्ने अनुमान आनन्दले लगाएको छ । उसलाई लगाएको अनुमान सही ठहर्दछ । किनकि कुराकानीका सन्दर्भमा कमल जागिर खान हिडेकोमा ऊ आफ्नी प्रेमिकाको बिछोड्मा पिरोलिएको छ । उसले लगाएको अनुमान त्यस प्रेमीकाको वियोग मात्र नभएर यसले अलगै पीडा बोध गरेको देखिन्छ । भावुक कमललाई सम्झाउने क्रममा भन्दछ- कमल हामीले भावुक हुनु भन्दा व्यावहारिक हुनु पर्दछ, सहनशील हुनु पर्छ , आनन्द कमललाई जति सक्दो भावुकताबाट सामान्य तर्फ ल्याउने चेष्टा गर्दछ । पुनः आनन्द कमललाई भन्दछ "मलाया गए पछि ट्रेनिङ्गमा व्यस्त भएपछि सबै कुरा विर्सन पुगिन्छ ।"  रेलको डिव्वामा त्यति जसो कुराकानी हुँदै गर्दा उसले आफ्नी प्रेमिकासँग र आफन्तजनसँग वियोग भई छुट्टी टाढा जानु परेकोमा भन्दा पनि विदेशका निम्ति तिनकै बलीको बोको बनी विदेश जानु पर्दा दुःख छ । त्यस कुराको पुष्टि आनन्दसित उसले व्यक्त गरेको विचारबाट थाहा पाउँन सकिन्छ । ऊ भन्छ, स्वदेशका निम्ति सेनामा भर्ना भएको भए पनि मनमा केही सान्तवना मिल्ने थियो तर विदेशका निम्ति मलाया भर्तीमा भर्ना भएर मैले भूल गरें । यस प्रकार प्रस्तुत एकाङ्कीको कथावस्तु बिशेष गरी आनन्द र कमलकै कुरा कानीमा बढी कथानक समेटिएकोले सरल रुपमा कथावस्तु अगाडि बढेको देखिन्छ । एकाङ्कीको कथावस्तु आदि, मध्य र अन्तको घटना क्रममा संरचित भएको देखिन्छ ।

## ४.१०.२ चरित्र चित्रण(पात्रको प्रयोग)

प्रस्तुत एकाङ्की मैले भूल गरेंमा एकाङ्कीकार राधीका रायाले आफ्ना अन्य एकाङ्कीहरूमा जस्तै कम पात्रको प्रोग गरी पात्रगत भारबाट प्रस्तुत एकाङ्कीलाई बचाएकी छन् भन्न सकिन्छ । उनले प्रस्तुत एकाङ्की मैले भूल गरेंमा जम्मा पाँच जना पात्रको प्रयोग गरें पनि एकाङ्कीको कथावस्तु दुई युवक बीचको वार्तालापमा बढी केन्द्रित रहेकाले अन्य पात्रहरु गौण रुपमा प्रस्तुत भएको देखिन्छ । यस एकाङ्कीमा प्रयुक्त पात्रहरुमा-

आनन्द- एक फौजी अनुभवी युवक विद्याको विवाहित पति

कमल- भर्खरै मात्र फौजिमा भर्ना भएको एक भावुक युवक

आमा- कमलकी बिधुवी आमा

मुखेनी बडी- कमलका परिवारमा हितैसी छिमेकी

विद्या- मुखेनी बडीकी छोरी आनन्दकी विवाहित पत्नि ।[७१]

माथी उललेखित पात्रहरुको चरित्र यसरी चित्रण गर्ने प्रयास गरिएको छ ।

**आनन्द**

एक अनुभवी सैनिक जवानको रुपमा आनन्द प्रस्तुत एकाङ्कीमा प्रस्तुत छ । वाध्यात्मक रुपमा आफ्नो देश छोडेर विदेशिन पुगी फौजीमा भर्ती भई आफ्नो जीवन यापन गर्ने वाध्यात्मक परिस्थितिको पीडित युवापुस्ताको प्रतिनिधि पात्रको रुपमा आनन्दलाई प्रस्तुत गरिएको छ । आनन्द सैनिक जीवनमा चार वर्षअनुभव हासिल गरिसकेको युवक हो । आफ्नो देशको मायालाई भन्दा व्यावहारिक दृष्टिले पनि आफ्नो डयुटीको कर्तव्यलाई ध्यान दिने पात्रको रुपमा चित्रित भएको देखिन्छ ।आफ्नो घर परिवार, गाउँ र राष्ट्रको वियोगमा भावुक बनेको युवक कमल आफ्नो सम्पूर्ण माया ममता र भावुकतालाई पन्छाउदै आफ्नो जिम्वेवारीको कर्तव्य बोध गर्दै व्यावहारिक बन्न आग्रह गर्ने व्यावहारिक युवकको रुपका चित्रण गरिएको देखिन्छ । आफू पल्टनमा रहँदा आफ्नो गाउँ घरपरिवारलाई भन्दा बढी आफ्नो कर्तव्यलाई अँगाल्नु पर्दछ भन्ने भावना भएको पात्र हो आनन्द । सैनिक जीवन कै क्रममा विद्यासँग वैवाहिक सम्बन्धमा बाँधिएको आनन्द एक्लो सैनिक जवानबाट जोडि भएपछि पारिवारिक जिम्वेवारीको समेत बोध गर्ने आर्दश पतिको रुपमा पनि चित्रित भएको देखिन्छ । समयक्रमले आफ्नो मित्र कमल कुलतमा फसेपछि सुधार्ने प्रयत्नमा लागेको साथै आफ्नी पत्नी विद्यालाई पनि कमलको बिग्रँदो अवस्था प्रति चिन्ता व्यक्त गर्ने चरित्रका रुपमा आनन्द प्रस्तुत एकाङ्कीमा चित्रित भएको पाइन्छ । एकाङ्कीको सुरुदेखि एउटै प्रकारको चरित्र प्रदर्शन गर्ने आनन्द यस एकाङ्कीमा स्थिर चरित्रको रुपमा प्रस्तुत भएको देखिन्छ ।

**कमल**

प्रस्तुत एकाङ्की मैले भूल गरेंमा कमल एउटा  भर्खरै फौजीमा भर्ती भएको र तालिमका लागि जान लाग्दा आफ्नो परिवार गाउँ,समाज राष्ट्र प्रतिको मायाले भावुक बन्न पुग्ने राष्ट्रप्रेमी युवकको रुपमा चित्रित भएको पाइन्छ ।आफू फौजीको तालिममा जान लाग्दा ऊ प्रति उठेको राष्ट्रिय भावनाले उसलाई अत्यन्तै भावुक बनाउँदै आफूले बिदेशी सेनामा भर्ती भएर भूल गरेकोमा आत्माग्लानी गरेको देखिन्छ । आफ्नो साथी आन्नदले आफ्नो घरपरिवारलाई भन्दा आफ्नो कर्तव्यलाई

[७१] मैले भूल गरे एकाङ्की, **पूर्ववत्** पृ. ८७ ।

बुझी व्यावहारिक हुन आग्रह गरेको कुराले उसलाई कतिपनि नछोएकोबाट ऊ आफ्नो देशको रक्षाको लागि नलडेर अर्काको देशको बलीको बोको बन्न जानुपरेको कारणले बढी भावुक भएको पाइन्छ । आफ्नी वृद्धा आमालाई समेत छोडेर नचाहाँदा नचाहाँदै पनि जीवनयापनका लागि विदेशी फौजीमा भर्ती हुन पुग्ने युवा पुस्ताको प्रतिनिधित्व गरेकोले कमल आफ्नो राष्ट्रप्रति अगाद माया प्रकट गर्ने राष्ट्रप्रेमी युवा पुस्ताको प्रतिनिधि चरित्र हो भन्न सकिन्छ ।आफ्नो सैनिक जीवनमा कार्यरत रहँदा आफ्नी वृद्धाआमा, मुखेनी बडी, विद्या जस्ता आफ्नो  जन्मभूमिका पात्रहरुको सम्झनामा लामो समयसम्म छटपटाउँन पुगेको भावुक पात्र हो कमल । आफ्नो प्रिय मित्र आनन्दसँग विद्याको विवाह भएपछि एकाएक कुलतमा फस्न पुगेको कमल विद्याकै अनुरोधमा र आमाको मृत्यु पछि पुनः आफूले भूलगरेको ठान्दै सुध्रन्छ । यसप्रकार एकाङ्कीको सुरुदेखि अन्त्यसम्ममा आफ्नो चरित्रमा परिवर्तन भएको कमललाई गतिशील पात्रको रुपमा लिन सकिन्छ ।

विद्या

प्रस्तुत एकाङ्कीमा विद्या सुरुमा कमलले फौजी भर्ती भएर तालिममा पुगेपछि गाउँघर सम्झने क्रममा उसको मानसपटलमा आएकी नारी चरित्रको रुपमा प्रस्तुत भएको पाइन्छ ।सुरुमा गाउँमा रहदाँ कमलको साथीकी रुपमा रहेकी विद्याको आनन्दसँग विवाह भए पछिमात्र प्रत्यक्ष रुपमा एकाङ्कीमा भूमिका देखिएको छ । कमलको विग्रँदो अवस्था प्रति चिन्तित हुँदै जाँदा आफ्नो पनि स्वास्थ्यमा प्रतिकूल असर परेको प्रवाह नगर्ने चिन्तनशील भावुक  नारीका रुपमा चित्रित भएको पाइन्छ । कमललाई आफ्नी आमा, गाउँ तथा आफू स्वयमको ख्याल गर्दै कुलतबाट मुक्तहुन आग्रह गर्ने नारी चरित्र हो विद्या । यसप्रकार कमललाई गाउँ पठाउन सहयोग गर्ने र कमलकी आमाको मृत्युको खबरले भावुक र दुःखित हुनपुगेकी विद्या कमलले आफ्नो कुलत छोडेकोबाट खुसी बनेकी छे । यसप्रकार अरुको भलाईको कामना गर्ने आदर्श नारीको रुपमा विद्यालाई चित्रण गरेको पाइन्छ ।

अन्य पात्रहरुमा आमा र मुखेनी बडी कमलको मानसपटलमा मात्र आएकोले ती पात्रको भूमिका उल्लेख नभएकोले गौणपात्रका रुपमा मात्र प्रस्तुत छन् ।

### ४.१०.३ संवाद

संवाद एकाङ्कीको आधारभूत पक्ष हो ।यही मान्यतालाई आत्मासाथ गर्दै प्रस्तुत एकाङ्की मैले भूल गरेँ मा एकाङ्कीकार राधिका रायाले उपयुक्त संवादको प्रयोग गरेकी छन् । आफ्ना अन्य

एकाङ्कीमा जस्तै यस एकाङ्कीमा पनि लामा तथा छोटा संवादहरुको प्रयोग गरेको पाइएता पनि छोटा छरिता संवादहरुकै बाहुल्यता रकेको प्रस्तुत  एकाङ्कीको संवाद पक्ष सफल रुपमा प्रयोग भएको पाइन्छ । पात्र अनुकूलको स्वाभाविक भाषाको प्रयोग भएको पाइन्छ । जसलाई कमल भावुक भएर सैनिक भर्तीको तालिममा जान लाग्दा आनन्द र कमल बीच भएको संवादले पुष्टि गर्दछ । जस्तैः-

कमल- माया त म सबैलाई गर्छु, आनन्द ! त्यो मेरो पुरानो घरको माया लाग्छ आफ्नै हातले......... आफू बसेको हिडेको र हुर्केको ठाउँको माया लाग्छ । ती सबै छोडेर आँए आफूले स्कुल कलेजमा पढेका पुस्तकहरु र आफ्ना भाषाका पुस्तकहरु पत्रिकाहरुको माया लाग्छ । मेरी बुढी आमा बहिनी विद्या र छरछिमेकी सबैको मायाको डोरी चुडाँएर म विदेशीएँ ..................।

आनन्द- हो कमल हामी पुरुष भएर ज्यादै भावुक पनि बन्नु नहुने रहेछ । व्यवहारिक बन्नु पर्छ, हेर हामीले पैरख नगरी हुदैन पाखुरा नबजाइ हातमुख जुटाउन दुर्लब छ । मलाई नै हेरन, चार बर्ष भयो म पल्टन लागेको अवता आफैलाई एउटा पुरानो मानिस लाग्न थालिसक्यो । अवता आफैंलाई एउटा मेशिन झै लाग्छ । स्वदेश र स्वजनको वियोगमा अव त्यति नरमाइलो लाग्दैन । लोग्ने मान्छेले सहनुपर्छ कमल जस्तो परिस्थितिमा परेपनि विस्तारै विस्तारै सबै कुरा आफै बानी पर्न थालिहाल्छ ।[७२]

यसरी भावुक रहेको कमलको अभिव्यक्तिलाई भावुक रुपमा नै प्रस्तुत गरिएको पाइन्छ भने चार बर्षे पल्टने अनुभवले पोख्त भएको आनन्द कमलको भावुकतालाई पन्छाउने अभिव्यक्ति प्रस्तुत गर्दछ । सामान्य पाठक तथा दर्शकहरुले सजिलै बुझ्ने प्रकारका संवाद प्रयुक्त भएकोले यस एकाङ्कीमा उत्कृष्ट संवादको प्रयोग भएको पाइन्छ ।

### ४.१०.४ परिवेश/ वातावरण

प्रस्तुत एकाङ्कीले नेपाली बेरोजगार युवाहरुले रोजगारीका निम्ति आफ्नो घर परिवार तथा गाउँ समाज छोडेर जानु पर्ने बाध्यात्मक वातावरणको करुण चित्र उतार्ने काम गरेको पाइन्छ ।आफ्नो सम्पूर्ण खुसी र इच्छाहरुलाई पैताला मुनी पार्दै हातमुख जोड्ने सिलसिलामा आफ्नो स्वभिमानलाई समेत बेच्नु पर्ने अवस्थाको चित्रण यस एकाङ्कीमा भएको पाइन्छ । दार्जीलिङको रेल

[७२] पूर्ववत्, ८९ ।

स्टेशन, कमल र आनन्द सैनिकमा भर्ती भएको मलाया भर्ती केन्द्र आदि ठाउँहरुलाई स्थानिक परिवेशका रुपमा चित्रण गरिएको छ ।

सम्पूर्ण बेरोजगारी मध्यमवर्गीय समाजको प्रतिनिधित्व गर्ने यो एकाङ्कीले नेपाली समाजमा रहेको बेरोजगारीको नाङ्गो परिवेशलाई प्रस्तुत गर्न सफल भएको छ । युवा शक्तिलाई असाध्यै पीरपरी भावुक भएपछि विकराल अवस्थालाई कमल कुलतमा फसेको घटनालाई वातावरणको रुपमा प्रस्तुत गरेको देखिन्छ । युवा समस्या मुलक रुपमा प्रस्तुत एकाङ्कीले बेरोजगार युवाको वाध्यताले विदेशिनु पर्ने यथार्थ चित्रण वातावरणको रुपमा प्रस्तुत गरिएको पाइन्छ ।

## ४.१०.५ उद्देश्य

प्रस्तुत एकाङ्की 'मैले भूल गरें' मा राष्ट्रिय भावनाले ओतप्रोत भएका विदेशीन बाध्य भएका युवाहरुको कारुणीक अवस्थाको चित्रण गर्ने उद्देश्य लिएको पाइन्छ । समाजका मान्छे आफ्नो समाजको आवश्यकता अनुसार बाँच्न चाहन्छ । त्यस कारण बाँच्नको निम्ति केही न केही समाज सेवा गर्नु पर्ने आफ्नो कर्तव्य भएको कुरालाई देखाउन खोजेको पाइन्छ ।  यस प्रकार समाजसेवा गर्न आर्थिक तथा सामाजिक रुपमा समृद्ध हुन व्यक्तिकै आवश्यक छ । त्यही आर्थिक सङ्कटको समाधानका लागि कैयौं कमल र आनन्द जस्ता युवाहरूले पलायन हुनु परेको यथार्थ कुरालाई प्रस्तुत गर्नु पनि यस एकाङ्कीको उद्देश्य रहेको पाइन्छ । भोक तिर्खाले ब्याकुल भई आफ्नो स्वाभिमानको समेत पर्वाह नगरी आफ्नो र आफ्नो परिवारको सम्पूर्ण पीडालाई सङ्गालेर अर्काको देशमा गएर बलीको बोको बन्नुपर्ने तीतो यथार्थलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको पाइन्छ । एकाङ्कीकार राधिका रायाले प्रस्तुत एकाङ्की 'मैले भुल गरें' मा विहे त एउटा संयोगमात्र हो भन्ने धारणालाई प्रस्ट्याएको पाइन्छ ।

यसप्रकार प्रस्तुत एकाङ्की 'मैले भुल गरें' मा एकाङ्कीकार रायाले एकातिर दैनिक रोजीराटीको अभावमा आफ्नो बाटो बिर्सन बाध्य भई बिदेशिनु पर्ने यथाथलाइ चित्रण गर्ने उद्देश्य लिएको पाइन्छ भने अर्कोतर्फ आफ्नो प्रवाशि जीवनमा भएको महत्वपूर्ण घटनाक्रमहरूलाई उजागर गर्ने उद्देश्य लिएको पाइन्छ ।

## ४.१०.६.भाषाशैली

प्रस्तुत एकाङ्की 'मैले भुल गरें' मा एकाङ्कीकार राधिका रायाले सरल सरस भाषाको प्रयोग गरेको पाइन्छ । प्रस्तुत एकाङ्कीमा ग्रामीण परिवेशमा हुर्किएका नेपाली युवा तथा आमा, विद्या, मुखेनी बडी जस्ता ग्रामीण पात्रहरुले प्रयोग गर्ने भाषा हाम्रै वरपरि समाजमा बोलिचालीका रुपमा प्रयुक्त भाषाको प्रयोग छ । आनन्द नामका पुरुष पात्रको चारबर्से फौजी अनुभव भएपनि भाषागत रुपमा कतैपनि अलिकति मात्रामा पनि परिवर्तन पाइदैन । दार्जीलिङको स्थानीय परिवेशमा एकाङ्की रचना भए पनि शुद्ध र ठेट नेपाली भाषाको प्रयोग हुनु प्रस्तुत एकाङ्कीको भाषागत बिशेषता भन्न सकिन्छ । सरल भाषाको प्रयोगले एकाङ्कीलाई बोधगम्य बनाउन मद्धत पुऱ्याएको देखिन्छ । शैलीका दृष्टिले एकाङ्की बिधा भएपनि प्रस्तुत एकाङ्कीलाई छ वटा दृश्यमा बाँडिएको छ । प्रत्येक दृश्यमा एउटै घटनाक्रमलाई निरन्तरता दिएको पाइन्छ । छोटा वाक्यात्मक ढाचाँमा प्रस्तुत एकाङ्की संरचित हुनु यस एकाङ्कीको शैलीगत विशेषता मान्न सकिन्छ । वर्णनात्मक शैलीको प्रयोग प्रस्तुत एकाङ्कीमा प्रयुक्त भएको पाइन्छ ।

यसप्रकार भाषा प्रयोगका दृष्टिले एकाङ्की सहज, सरल, स्वभाविक ,मार्मिक संबेद्य, प्रभावात्मक र ओजस्वी हुनु पुगेको छ भने गरिबीको पीडामा पिल्सिएर विदेशिन बाध्य युवाहरुको अन्तर्मनोजगतको उद्घाटनका क्रममा भाषाले सरलताको प्रस्तुति गरेको पाइन्छ ।

### ४.१०.७ द्वन्द्व (संघर्ष)

प्रस्तुत एकाङ्की 'मैंले भूल गरें'मा तत्कालीन अवस्थामा समाजमा व्याप्त रहेको गरिबी र रोजगारीका समस्यका कारण वाध्य भएर विदेशिनु पर्ने वाध्यात्मक परिस्थिति र त्यससँग सम्बन्धित युवाहरूको बीचको द्वन्द्वलाई प्रष्ट पार्न खोजिएको देखिन्छ । आफू विदेशिएर पनि आफ्नो मातृभूमिलाई सम्झदै पीडा बोध गर्ने कमलमा मानसिक रुपमा अर्न्तद्वन्द्व भएको पाइन्छ । आफनो देशको सेवा गर्न छोडेर अर्का देशको अस्तित्व रक्षाका निम्ति बलीको बोको बन्न जान्नुपर्ने कुराले उसको मनमा ज्वाला सल्काएको देखिन्छ । यसप्रकार प्रस्तुत एकाङ्कीमा वाह्य रुपमा कुनै पात्रको कुनै पात्रसँग सङ्घर्ष नभै आन्तरिक द्वन्द्वको मात्र प्रस्तुति भएको पाइन्छ । केही पात्रहरु मनभित्रकै ज्वालाले जलेर मासिन लागेका देखिन्छन् । कमल आफ्नो पीडालाई थाम्न नसकी मद निशामा फस्छ र आफ्नो शरीरलाई जीर्ण बनाउँन पुग्छ भने उता कमलको त्यो अवास्था देखि विद्या पनि आन्तरिक द्वन्द्वमा फसेर दिनदिनै कमजोर बन्दै गएको देखिन्छ ।

यसप्रकार प्रस्तुत एकाङ्कीमा वाह्य रुपमा कुनै द्वन्द्वको सिर्जना भएको नदेखिए पनि आन्तरिक रुपमा केही पात्रहरुलाई द्वन्द्वले प्रभाव पारेको पाइन्छ ।

### ४.१०.८ शीर्षक सार्थकता

प्रस्तुत एकाङ्की 'मैंले भूल गरें' को शीर्षक उपयुक्त छ । आफ्नो गरिबी र बेरोजगारीबका कारण मजबुरीले विदेशी फौजीमा भर्ना हुनु पुगेको कमल आफ्नो देशको स्वधीनताको सुरक्षा गर्न नकस्सिएर अर्काको देशमा गई अर्काको घोडा बनेकोमा भूल गरेको महशुस गर्दछ । यस्तै क्रममा आफ्नी बाल्यसखी विद्याको विवाह आनन्दसँग भएपछि कुलतमा फसेको र त्यो कुलतमा फस्नु समेत आफ्नो भूल भएको महशुस गर्दछ । यसप्रकार प्रस्तुत एकाङ्कीको प्रमुख पुरुष पात्रले आफूले जे गरे या गर्दैछु त्यो भूल गर्दैछु भन्ने महशुस गरेको छ । उसको यही पश्चतापको भावनालाई अगाडि सारेर लेखिएको यस एकाङ्कीको शीर्षक 'मैंले भूल गरें' सार्थक भएको देखिन्छ ।

### **४.१०.९ मञ्चनीयता**

एकाङ्की दृश्य प्रधान हुनु अत्यन्तै जरुरी छ । तर यस एकाङ्कीमा राधिका रायाले मञ्चनलाई सरल बनाउन ध्यान दिएको पाइँदैन । एकाङ्कीमा प्रयुक्त पात्रहरुलाई र उनीहरुलाई उनीहरुको वार्तालापलाई एउटा गतिशील अवस्थामा रहेको रेलगाडीको डिब्बामा केन्द्रित गरिएको पाइन्छ । यस्तो अवस्थालाई मञ्चमा मञ्चन गर्न सक्ने सम्भावना देखिदैन् । दर्शकलाई गतिशील रुपमा रहेको रेलगाडीको डब्बामा रहेका पात्रहरुको संवाद सुनाउन सक्ने अवस्थाको सिर्जना गर्न कठीन हुन्छ । केही संवादहरुलाई छाडेर एकाङ्कीकार रायले मञ्चमा मञ्चित हुन नसक्ने अवस्थाका घटनाक्रमलाई प्रस्तुत गरेको पाइन्छ । त्यसकारण प्रस्तुत एकाङ्की 'मैंले भूल गरें' मञ्चनीयताका दृष्टिले अनुपयुक्त देखिन्छ ।

# पाचौं परिच्छेदः उपसंहार

## एकाङ्कीकार राधिका रायाको एकाङ्कीकारिताको मूल्याङ्कन

नेपालको सुदुरपूर्वको झापा जिल्ला अन्तर्गत अनारमनीमा वि.सं. १९८८ साल पौष १४ गते जन्म लिई सुरुमा आफ्ना पिताजीको जागिरका क्रममा भारतको दार्जीलिङ्गतिर बाबुसँगै प्रवासिन पुगेकी राधिका राया नेपाली साहित्यको सेवामा हामफाल्न पुगेकी हुन् । सानै उमेरदेखि साहित्य प्रति औधी रुचि राख्ने रायालाई दार्जीलिङ्गको साहित्यिक माटोले त्यसै छोड्न सकेन । त्यसकै फलस्वरुप उनी प्रवासी नेपालीहरुका माझमा साहित्यिक ताराको रुपमा उठाइन । उनले साहित्यिक रचनाहरू पस्कने क्रममा साहित्यका विभिन्न विधाहरूलाई समातेको पाइन्छ । उनी २००१ वि.स. बाट साहित्यको क्षेत्रमा प्रवेश गरेपनि वि.स. २००७ सालमा 'तिम्रो सम्झना' नामक कविताबाट औपचारिक रुपमा प्रवेश भएको देखिन्छ । उनले नेपाली साहित्यका कविता, कथा, एकाङ्की, समालोचना, यात्रासंस्मरण, निबन्ध तथा गीत प्राय सबै विधामा कलम चलाएको पाइन्छ ।

राधिका रायाले आफ्ना विभिन्न विधाका रचनाका माध्यमबाट सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिकोणबाट सफलता पाएको देखिन्छ । भोगेको यथार्थलाईै तीतो ठान्ने र सुनेको कल्पित सुखलाई मीठो ठान्ने नेपालीहरूको विचलनशील मानसिकतामा घोलिएका रायाका रचनाहरू नेपालदेखि मलायासम्मको दृश्यगत पर्यावरणबाट सिर्जना भएका पाइन्छन् । आफू विदेशमा रहदाँ नेपाली समाजमा नेपाली भाषा, साहित्यको र संस्कृतिको आस्था जीवनत रहेको पाउँदा साहित्य क्षेत्रमा उनी अझ प्रोत्साहित बन्न पुगेको पाइन्छ । उनी आफ्ना रचनामा कर्तव्य र स्वावलम्बनको परिचालनबाट मात्रै प्रतिष्ठित जीवन बाँच्न सकिन्छ भन्ने चेतनाको प्रस्फुटन गराउँछिन् । आफ्ना मनमस्तिष्कमा सुषुप्त अवस्थामा रहेको भावचेतनालाई उधिनेर त्यसलाई प्रज्वलित पार्ने काम रायाको लेखनबाट भएको पाइन्छ । बहुप्रतिभाशाली रायाका साहित्यका गद्य र पद्य दुवैविधामा साहित्य सिर्जना भएपनि पद्य भन्दा गद्य विधाको समेत तुलना गर्दा उनले पहिलो सफलता कथाका क्षेत्रमा पाएको देखिन्छ । यसैक्रममा उनका दुईवटा कथा संग्रहहरू प्रकाशित भएको पाइन्छ । ती दुई कथा संग्रहमा 'तिमी नगएकी भए' (२०२३) र 'उनी गएको गोरेटो' २०६० प्रकाशित

छन् । यिनै कथा सङ्ग्रहभित्र चौतीस कथाहरूमा सामाजिक परिवेशबाटै विषय वस्तु लिएका प्रायजसो कथाहरू नारी केन्द्रित रहेका देखिन्छन् ।

कथा विधा पछि उनले सफलता हात पारेको अर्को मुख्य विधा एकाङ्की हो । नेपाली एकाङ्कीको विकास क्रममा दोस्रो चरणमा देखापरेकी राया 'एकाङ्की क्षेत्रमा बालकृष्ण सम, गोपाल प्रसाद रिमाल, गुमानसिंह चाम्लिङ्ग आदिको प्रभाव रहेको बताउछिन् ।

आफू नारी लेखिका भएको हैसियतमा उनी आफ्ना एकाङ्कीहरूमा विशेष गरी नारी केन्द्रित भएको देखिन्छ । वाध्यताले विदेशिनु पर्ने नेपाली प्रवासी युवाहरूसँग जोड्दै वियोगमा बसेका नारीहरूका विषयमा भावमय प्रस्तुति गरेको पाइन्छ । एकाङ्कीलाई मनोरञ्जनका रुपमा मात्र नलिएर समाजको हित र पथप्रदर्शकका रुपमा लिने गरेको देखिन्छ । नारीपात्रकै केन्द्रीयतामा रायाका एकाङ्कीहरू समय युग र समाजको आवश्यकता अनुरुप समकालीन विषयवस्तुलाई लिएर सिर्जना भएका छन् । उनका एकाङ्कीहरूमा समाज सुधारको आग्रह मूलस्वरको रुपमा प्रस्तुत भएको देखिन्छ । जीवनलाई सत्मार्गप्रति इङ्गित गर्न आग्रह गरेको पाइन्छ । एकाङ्कीका आवश्यक तत्वहरू कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण उद्देश्यलाई रायाले आफ्ना एकाङ्कीहरूमा पूर्ण रुपमा पालन गरेको पाइन्छ ।

राधिका रायाका एकाङ्कीहरूको कथावस्तुको विभाजन प्रारम्भ, विकास र अन्त्यको क्रममा नै विकास भएको पाइन्छ । मूलपात्र र उद्देश्यको परिचयका साथ कौतूहलता र उत्सुकतापूर्ण रुपमा सुरु भएको पाइन्छ । विकास अवस्थामा घटनाको क्रियाप्रतिक्रिया तिब्रतर रुपमा हुँदै अन्त्यमा पुग्दा पनि दर्शक वा पाठकमा सचेतना र संवेदनाको जिज्ञासावृत्ति पनि उदीप्त अवस्थामा नै रहेको पाइन्छ । एकाङ्कीमा संवाद उपयुक्त र सार्थक हुनका साथै सरल, सरस र सङ्क्षिप्त हुनुपर्नेमा रायाका एकाङ्कीहरूका संवाद बढी लामा र अनावश्यक जस्ता पनि रहेको पाइन्छ । यसका अतिरिक्त पात्रको मानसिकता अनुरुपको संवाद, संवादले कथानकको संयोजन, चरित्र चित्रण र विषयको उद्घाटन राम्रो भूमिका निर्वाह गरेको पाइन्छ ।

एकाङ्कीकार राधिका रायाले एकाङ्कीको सिद्धान्त अनुसारकै पात्रहरूको प्रयोग गरेको देखिन्छ । रायाले आफ्ना एकाङ्कीहरूमा तीन देखि पाँचजनासम्म मात्र पात्रहरूको प्रयोग

गरेकी छन् । कम पात्रको प्रयोगले कथानकमा सङ्क्षिप्तता र गतिशीलता आएको देखिन्छ । पात्रको आगमन र प्रत्यागमन खास उद्देश्य र अर्थका लागि सजीव र सक्रिय रुपमा भएका देखिन्छन् । हाम्रा पुरातन संस्कृति र गरिबीको ज्वालामा दन्किरहेका पात्रहरू आफ्नो पुरातन समाज र आर्थिक अवस्थाको सुदृढीकरणको लागि संघर्षरत रहेको पाइन्छ । यस अर्थमा राया सामाजिक यथार्थवादी एकाङ्कीकारका रुपमा प्रस्तुत भएको देखिन्छ । समाज सुधारको मूल ध्येय बोकेर समाजमा भएका अन्याय र आर्थिक कमजोरीका कारण कैयौ युवाहरू विदेशिनु पर्ने यथार्थलाई चित्रण गर्ने प्रयास भएको पाइन्छ ।

सरल र सरस भाषाशैलीमा एकाङ्कीहरूको रचना गर्ने रायाका एकाङ्कीहरू पात्रका भावलाई वा विचारलाई अभिव्यक्त गर्न कलात्मक र प्रभावकारिताका साथ आएका छन् । पात्र तथा वातावरण अनुकुल संवादहरू सरल सहज र सङ्क्षिप्त हुनुपर्नेमा केही संवादहरू अति लामा पट्यार लाग्दा रहेका छन् । शैली सरल र सुमधुर भएकोले पाठक वा दर्शकलाई भाववोध गर्न त्यति कठिनाइ पर्दैन । हाम्रै वरिपरि गाउँ समाजमा बोलिने साधारण बोलचालका भाषालाई नै एकाङ्कीमा एकाङ्कीकार रायाले प्रस्तुत गरेको देखिन्छ । दार्जीलिङ्गको प्रवासी भूमिमा हुर्किएर पनि अलिकति पनि त्यहाँको स्थानीय भाषिकाको प्रभावलाई आफ्ना एकाङ्कीमा प्रस्तुत नगरी ठेट नेपाली समाजमा विद्यमान भाषाको प्रयोग गरेबाट भाषाको प्रयोगमा रायाले निक्कै होशियारी अपनाएको पाइन्छ । दार्जीलिङ्ग आसपासका पात्रहरूको बाहुल्यता रहे पनि त्यहाँको भाषाको प्रयोग नपाइनुले माथिको कुरालाई पुष्टि गर्दछ ।

एकाङ्कीकार वातावरण अन्तर्गत स्थान समय र कार्यको त्रयन्वितिको अनिवार्यता साथै एकाङ्कीको वातावरण सामाजिक र मानसिकताको अनुकूल हुनुपर्ने अनिवार्य छ । एकाङ्कीकार राधिका रायाका एकाङ्कीहरू यिनै सीमाभित्र आवद्ध रहेका छन् भन्न सकिन्छ ।

राधिका रायाका एकाङ्कीहरूमा समाजको यथार्थ चित्रण भएको पाइनुका साथै आर्दशवादी स्वर समेत प्रस्तुत भएको पाइन्छ । रुढिवादिताका ठाउँमा सुधारवादिताले ठाउँ लिएको पाइन्छ । कुरीतिका ठाउँमा सुरीतिले ठाउँ लिन खोजेको पाइन्छ । सामाजिक अन्धविश्वासका स्थानमा यथार्थताले जरो गाडेको पाइन्छ । मानव मनोविज्ञानलाई आफ्नो सिर्जनाको ठूलो सहयोगी मान्ने एकाङ्कीकार रायाले एकाङ्कीहरूमा सामान्य रुपमा मात्र मानव मनोविज्ञानको द्वन्द्वहरूलाई समेटेको पाइन्छ तर उनका अन्य विधाहरूमा जस्तै

कविता, कथा, निबन्ध आदिमा भने मानव मनोविज्ञानको गहकिलो रुपमा प्रस्तुति भएको पाइन्छ । एकाङ्की लेखनमा विभिन्न ग्रामीण घटना परिघटनाहरूको दृश्वलोकन गर्दै सिर्जनामा परिणत गर्दै विषयवस्तुलाई रोचक बनाउँदै रचनाको समाप्त गर्न उनी सक्षम देखिन्छिन् ।

वास्तवमा राधिका राया आफ्नो जीवनको व्यवहारमा जति सरल र निष्कपट देखिन्छिन् त्यस्तै उनका रचनामा पनि सरल र निष्कपट रहेको पाइन्छ । आफ्नो जीवनमा कैयौ अप्ठ्याराहरूको सामना गर्दै कठीन संघर्ष गर्नुपरे पनि अरुले जीवनलाई अनेक अप्ठ्यारा र सप्ठ्यारा पाटाको भनेर व्याख्या गरेको कुराको खण्डन गर्दै जीवनलाई ज्यादै सहज रुपमा स्वीकारेको पाइन्छ ।

हाम्रो समाजमा विधमान रहेको बेरोजगारीको समस्याले गर्दा भावी जीवनलाई सुखमय गराउने सपना साकार पार्न युवाहरूले विदेशिनु पर्ने बाध्यता र विदेशमा गई सेनामा भर्ती भएर लाहुरे जीवन बिताउने बाध्यता परम्परागत रुपले हाम्रो मुलुकमा आज पर्यन्त कायमै रहेको यथार्थलाई देखाउन एकाङ्कीकार राया सफल भएको पाइन्छ । आफ्ना रचनाहरूमा एकाङ्कीकार रायाले लाहुरे जीवनका विषम भोगाइ मार्मिक चित्रण ठाउँठाउँमा गरेको पाइन्छ । त्यस जीवनसँग आफ्नो पनि नजिकैको नाता भएका कारणले आफ्नो तरुनो उमेरको उर्जा विदेशी सेनामा स्वाहा पार्ने लाहुरेहरूका मनोदशा निक्कै स्वाभाविक अनि मार्मिक ढङ्गबाट व्यक्तिएका हुन्छन् उनका रचनाहरूमा ‘मैले भूलगरे’, ‘जीवनको इच्छा’ जस्ता एकाङ्कीहरूले यिनै कुरालाई छर्लङ्ग पारेको देखिन्छ । आफ्ना जीवनका भोगाइहरूलाई आफ्ना रचनाका विभिन्न पाटाहरूमा अभिव्यक्त गर्ने एकाङ्कीकार रायाले नेपाली समाजको गरिबीले जरागाडी देशका युवा शक्तिले बाध्य भई हातमुख जोड्नका लागि मात्र भए पनि विदेशिनु पर्ने सत्यलाई उद्घाङ्गो पारिदिएको पाइन्छ । आफ्ना समग्र एकाङ्कीहरूमा विभिन्न क्रममा युवाशक्तिहरू आफ्नो परिवार प्रेमिका छोडेर विदेशिनु पर्दा आफ्नो परिवारमा आएका समस्या तथा आफ्ना मायालु जोडीहरूले आफूलाई छोडी अन्तै घरजम बसाएका घटनाले निम्त्याएको परिणामलाई एकाङ्कीकार रायाले नलुकाई जस्ताको तस्तै रुपमा देखाएकी छन् ।

नेपालमा जन्म भएर पनि भारतको दार्जीलिङ्गको माटोमा हुर्किएको रायाले आफ्ना एकाङ्गीहरूमा हाम्रै देशका गाउँघरमा पाइने जस्ता पात्रहरूको प्रयोग गरेको पाइन्छ । नारी

सुलभ मनको अर्न्तदर्शन दिदै भावविभोरका अतीतकालको सुनौलो जीवनको यथार्थ उमङ्ग जोस जागर संस्मरणहरू आफ्ना एकाङ्कीहरूमा समेट्दै रचना गर्न पुग्ने रायाको समय जटिल प्रकारको थियो । छोरी पढे बोक्सी हुन्छन् भन्ने मान्यता बोकेको समाजमा हुर्किएर पनि रायाले हामीलाई विभिन्न साहित्यिक रचनाहरू पस्केर दिएकी छन् । उनका प्रत्येक एकाङ्कीहरूमा नारीवादी स्वरहरू घन्किरहेका हुन्छन् । आफ्नो प्रियत्तम वा लोग्ने परदेशिएर गएको बेला आएका समस्या तथा पतिको यादलाई खुलस्त रुपमा रायाका एकाङ्कीहरूमा चित्रण गरेको पाइन्छ । नारी आर्दश हन्छिन् भन्ने कुरालाई आर्दश प्रेममा प्रयुक्त नारी पात्र 'पारु' का माध्यमबाट देखाउन खोजेको पाइन्छ ।

आफ्नो विद्यार्थी जीवनदेखि नै साहित्यको सेवामा लागेकी र प्रवासी नेपाली साहित्यकारहरू विशेष गरेर तुलसी क्षेत्री, माथवरसिंक क्षेत्री, रुपनारायण सिंह आदि सँगको समबन्धबाट नेपाली साहित्यमा हामफालेकी रायाको आफ्नो सामाजिक यथार्थवादबाट सुरु भएको यात्रा हारिदै जाँदा प्रगतिवादसम्म पुगेको पाइन्छ ।

राधिका रायाका रचनाहरूमा वास्तविकताको फुट पाइन्छ । उनका कृतिमा यथार्थता झल्किनु उनको कृति रचनाको प्रमुख प्रवृत्तिका रुपमा रहेको पाइन्छ । उनले रचना गरेका एकाङ्कीहरूको कथानक समाज मै हुनेगरेका घटना क्रमहरूमा नै आधारित भएको पाइन्छ । त्यसै गरि उनका एकाङ्कीका चरित्रहरू पनि समाजकै पिल्सिएका तल्लो वर्गका पछाडिएका पाइन्छन् । "आर्थिक समस्यामा जकडिएका, समाजमा पिछडिएका र बिहान बेलुकी हातमुख जोर्ने समस्याले पिरोलिएका वर्गको दर्द चित्कारलाई रायाले आफ्ना एकाङ्कीहरूमा प्रस्तुत गरेकी छन् । विषयवस्तु र शैली शिल्प दुवै दृष्टिले रायाका रचना स्वच्छन्दतावादी प्रवृत्ति रहेको पाइन्छ । जुन रायाको कृतिगत प्रवृत्तिको रुपमा मान्न सकिन्छ ।

यसप्रकार राधिका रायाले नेपाली साहित्यको एकाङ्कीको क्षेत्रमा मात्र नभएर सम्पूर्ण साहित्यिक क्षेत्रमा हात हालेर सफलता समेत प्राप्त गरेकी छिन् । नेपाली एकाङ्कीको क्षेत्रमा भने सिङ्गापुर स्थित सैनिक आकाशवाणीमा समय समयमा रेडियो रुपक तथा एकाङ्की प्रतियोगिता प्रसारण हुने क्रममा उनको एकाङ्की 'जीवनको इच्छा' ले प्रथम स्थान पाएपछि उनी एकाङ्की रचनामा अग्रसर भएकी देखिन्छिन् । सामाजिक पृष्ठभूमिमा रचना गरिएको पाइने प्रस्तुत एकाङ्की संग्रहको अझै व्यापक रुपमा अध्ययन अनुसन्धान र विश्लेषण हुनसके

एकाङ्कीकार रायाले नेपाली साहित्यका क्षेत्रको महत्वपूर्ण स्थानमा स्थापित गराउन सकिने छ । नेपाली एकाङ्कीको क्षेत्रमा छोटो साधना गरेर पनि यति धेरै रचना दिनसक्ने राधिका रायाले एकाङ्की लेखनको क्रमलाई पूर्णविराम दिएको बुझिएकाले नेपाली एकाङ्की साहित्यकै दुर्भाग्य मान्न सकिन्छ । तथापि आफू साहित्यका अन्य विधामा तथा सामाजिक कार्यक्रममा संलग्न रहनुपरेकोले एकाङ्की विधा ओझेल परेपनि पुनः त्यस विधामा अग्रसर हुने इच्छा प्रकट गरेबाट पुनः आशा गर्न भने सकिन्छ ।

एकाङ्कीकार राधिका राया एकाङ्कीको क्षेत्रमा मात्र नभएर कथा निबन्ध, कविता, यात्रा सम्मरण समालोचना आदि क्षेत्रमा समेत ससक्त रुपमा कलम चलाउने नारी हस्ताक्षारका रुपमा चिनिन पुगेकी सफल नारी साहित्यकारका रुपमा प्रस्तुत छन् । निबन्धको क्षेत्रमा आत्मपरक क्षमता भएकी रायाले आफ्ना अनूभूतिहरूद्वारा यात्रा वैविध्यतालाई रंगाउने र सजाउने काम उनका यात्रा निबन्धमा गरेको पाइन्छ । उनका निबन्धमा सामाजिक जीवनमा गरिबीको कारणबाट भोगेका दुर्दशा विगत र वर्तमानको सुख दुःखको सम्झना मानवीय कर्तव्यबोध मानवतावादी धारणा शिक्षाको महत्व, जीवित र स्वर्गीय साहित्यकार प्रतिको सम्झना जस्ता विषयबस्तु बनाउँदै आर्दशमय समाजको कल्पना गर्न रायाका निबन्धहरू सफल भएका देखिन्छन् ।

कविताको क्षेत्रमा पनि राया एक नारी हस्ताक्षरका रुपमा प्रस्तुत देखिन्छिन् । उनको अन्य साहित्यिक विधा जस्तै कवितामा पनि सामाजिक मूल्य र आदर्शतलाई केन्द्रिविन्दु बनाएको देखिन्छ । आर्दशवादी धाराबाट संरचित रायाका कविताहरूमा नारीहरूले समाजको सर्वाङगीर्ण विकासका निमित्त खेल्नुपर्ने भूमिका बारे आफ्ना भावहरू व्यक्त गरेको देखिन्छ ।

कविता निबन्ध जस्तै उनले अत्याधिक सफलता प्राप्त गरेको साहित्यिक विधा कथा देखिन्छ । उनका कथाहरूमा सामाजिक यथार्थता, आम नेपालीको आर्थिक स्थिति, सामाजिक भेदभाव र विषमता, युवायुवतीबीचको प्रणय, सैनिक जीवनको मूल्य मान्यता, शिक्षा प्रतिको चेतना, स्त्री जातिमा स्वाभिमानको महत्व, नारी वेदना संवेदना र मानव मनका भावुक अनुभूति नेपाली जातियता संस्कृति र धर्मप्रतिको मोह र मानवतावादी धारणा जस्ता कुराहरूले प्रमुखता पाएका देखिन्छन् । नारी पात्रको बहुलता केन्द्रीयतामा

सिर्जित रायाका कथाहरूमा रुढीवादिताका ठाउँमा सुधार कुरीतिबाट मुक्त हुँदै सुरीतिको खोज अन्धविश्वासका स्थानमा यथार्थतामा र भौतिक यथार्थतामा भन्दा सामाजिक यथार्थमा जोड दिएको पाइन्छ ।

यसप्रकार एकाङ्कीकार राधिका रायालाई नारीपात्रको केन्द्रीयतामा रहेर सामाजिक सोचको परिष्कार गर्नुपर्छ भन्ने नारी साहित्यकार हुन् भने एकाङ्कीको क्षेत्रमा सामाजिक यथार्थवादी एकाङ्कीकारका रुपमा चिनाउन सकिन्छ ।

# सन्दर्भग्रन्थसूची


१. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाली बृहद् शब्दकोश  काठमाण्डौं २०५८ ।

२. राया, राधिका, जीवनको इच्छा, झापाः जुही प्रकाशन २०६० ।

३. राया, राधिका, उनी गएको गोरेटो, झापाः जुही प्रकाशन २०६० ।

४. राया, राधिका, आत्मकथ्यः विविध, झापाः जुही प्रकाशन २०६० ।

५. राया, राधिका, तिमी नगएकी भए, दो.सं. झापाः जुही प्रकाशन २०६० ।

६. शर्मा मोहनराज, खगेन्द्रप्रसाद लुइटेल, शोधविधि, काठमाण्डौः साझा प्रकाशन, २०५२ ।

७. जुही, राधिका राया विशेषाङ्क, झापाः जुही प्रकाशन २०५७।५८ ।

८. साझा प्रकाशन, नेपाली एकाङ्की भाग-२, काठमाण्डौः ।

९. निरौला, शान्तादेवी, राधिका रायाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, शोधपत्र २०६१ ।